



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बिहीबार, कात्तिक १६, २०७४ | Thursday, November 2, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलाथ्व: १३ | वर्ष २३, अंक २८७ | पृष्ठ १२ | मूल्य रू. १०/–







मंगलबारको वर्षापछि एक्कासि जाडो बढेकाले बिहानको हुस्सुमा हिंड्दै गरेका भक्तपुरका एक वृद्ध । तस्वीर : किरण न्हिसुतु/भक्तपुर

# राजधानीमा साना हतियारको बिगबिगी

दीपक रिजाल, काठमाडौं

राजधानीको ज्याक डेनियल रेस्टुरेन्टमा २ भारतीय नागरिकबीच विवाद हुँदा बुधबार साँझ गोली चलेको छ।

भारतको पन्जाव राज्यबाट काठमाडौं आएका जोगिन्द्र सिंह र हरबेन्द्र सिंहबीच विवाद भएपछि जोगिन्द्र सिंहले गोली फायर गरेका थिए। कमलादीस्थित ज्याक डेनियल रेस्टुरेन्टमा खाएर बसिरहेका दुई जनाबीच विवाद भएपछि गोली चलेको महानगरीय आयुक्त कार्यालयका प्रवक्ता एसएसपी पूर्णचन्द्र जोशीले जानकारी दिनुभयो।

उहाँका अनुसार सिंहले गोली आकाशतिर पड्काएको कारण मानवीय क्षति भने हुन पाएन। गोली चलेपछि उक्त रेस्टुरेन्टमा रहेका अन्य ग्राहकहरूको भागाभाग भएको थियो। प्रहरीले सिंहद्वयलाई एउटा अटोमेटिक पेस्तोल र ५२ राउन्ड गोलीसहित पक्राउ गरेको छ।

भारत पन्जावका उनीहरू कसरी हतियारसहित काठमाडौं प्रवेश गरे भन्ने विषयमा छानविन भइरहेको एसएसपी जोशीले जानकारी दिनुभयो। 'उनीहरू कसरी हतियारसहित काठमाडौं प्रवेश गरे, त्यसको पनि हामी सूक्ष्मरूपमा छानविन गरिरहेका छौं।' -उहाँले भन्नुभयो।

पछिल्लो समय काठमाडौंको कमजोर सुरक्षाको फाइदा उठाई आपराधिक समूहहरू सक्रिय हुन थालेका छन्। काठमाडौं उपत्यकामा विशेष गरी अमेरिकामा निर्मित

**तीन महिनामा ९ वटा हतियार बरामद भए पनि प्रहरीको सक्रियतामा कमी आएको भन्दै सर्वसाधारण चिन्तित**

पेस्तोल, इटालियन पेस्तोल, चिनियाँ र भारतीय पिस्तोल, सिक्सर रिवोल्भर, २२ क्यालिभर पेस्तोल, नेपालमै बनेका कटुवा जस्ता साना हतियारको प्रयोग बढी हुन थालेको छ। राजधानीमा केही महिनायता साना हतियारको प्रयोग गरी आतंकित बनाउने काम शुरू भएको छ। निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनको हत्या भएपछि आतंकित भएको राजधानी त्यसको केही दिनपछि म्हैपीमा अर्को गोली चल्यो। गोरखाका कल्याण गुरुङ घाइते भए।

प्रहरीले केही साना हतियार बरामद गरे पनि त्यसको प्रयोगमा भने कमी नआएपछि राजधानीको सुरक्षा व्यवस्थामाथि प्रश्न उठाउन थालिएको छ। नजिकिएको निर्वाचनलाई लक्षित गरी हतियार राजधानी भित्रिन सक्ने आशंका गर्दै प्रहरी प्रधान कार्यालयले राजधानीका तीन जिल्लाका सुरक्षा प्रमुखलाई चनाखो हुन निर्देशन दिए पनि हतियारको प्रयोग बढेको छ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका अनुसार आर्थिक वर्ष २०७४/७५ का तीन महिनामा मात्रै ९ हतियार बरामद भएका छन् भने ३० जना मानिस पक्राउ परेका छन्। कार्यालयका अनुसार बरामद भएका अधिकांश हतियारमा पेस्तोल र रिभल्वर छन्। फिरौती असुलीदेखि ससाना घटनामा साना हतियार प्रयोगबाट काठमाडौंमा यसको उपलब्धता सहज बन्दै गएको देखिन्छ।

(क्रमश: पृष्ठ ९ मा)

# उम्मेदवारको मनोनयन आज

नेपाल समाचारपत्र

काठमाडौं

मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको प्रत्यक्षतर्फका लागि आज बिहीबार उम्मेदवारको मनोनयन दर्ता गरिने भएको छ।

निर्वाचन आयोगले उम्मेदवार मनोनयन दर्ताका लागि सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। आयोगले बुधबार पत्रकार भेटघाटको आयोजना गरी बिहान १० देखि अपराह्न ५ बजेसम्म आ-आफ्नो निर्वाचन क्षेत्रको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गर्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारलाई आग्रह गरेको छ।

४५ जिल्लामा प्रतिनिधिसभा सदस्यतर्फ १ सय २८ निर्वाचन क्षेत्र र प्रदेशसभातर्फ २ सय ५६ वटा निर्वाचन क्षेत्रमा उम्मेदवारले आज बिहीबार मनोनयन दर्ता गर्नेछन्। 'पहिलो चरणमाझैं दोस्रो चरणको निर्वाचनका लागि उम्मेदवार मनोनयन शान्तिपूर्ण र उत्साहजनक हुने विश्वास लिएको छु।' -प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले भन्नुभयो।

आयोगले उम्मेदवार मनोनयन दर्ताको दिन सुरक्षा प्रबन्ध मिलाउन पनि सरकारलाई आग्रह गरेको छ। 'राजनीतिक दलका पार्टी प्रमुख तथा उच्च पदाधिकारीले पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारी मनोनयन गर्नेछन्। त्यसैअनुसारको उच्च सुरक्षा व्यवस्था मिलाउन सुरक्षा निकायलाई निर्देशन दिन चाहन्छु।' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो।

त्यसै गरी आयोगले सबै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारीहरूले मनोनयन दर्ता कार्यक्रमलाई व्यवस्थित, मर्यादित र भयरहित ढंगले अघि बढाउन पनि आयोगले निर्देशन दिएको छ।

## वाम गठबन्धनको चुनावी घोषणा-पत्र मनोनयनपछि

काठमाडौं, (नेस)

नेकपा एमाले र नेकपा माओवादी केन्द्रको वाम गठबन्धनले प्रतिनिधिसभा र प्रदेशसभाको उम्मेदवारी मनोनयन दर्ता गरेपछि मात्र चुनावी घोषणापत्र सार्वजनिक गर्ने भएको छ।

गठबन्धनले चुनावी घोषणापत्र तयार गरे पनि निर्वाचन क्षेत्र बाँडफाँडमा बढी समय खर्चिनुपरेका कारण मनोनयन दर्तापछि मात्र चुनावी घोषणापत्र सार्वजनिक गर्ने भएको हो।

गठबन्धनका तर्फबाट गठित चुनावी घोषणापत्र तयार गर्ने कार्यदलले घोषणापत्र तयार गरेर एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष पेस गरिसकेको छ। ओली र प्रचण्डको कार्यव्यस्तताका कारण उम्मेदवारी मनोनयन दर्ताअघि नै सार्वजनिक हुन नसकेको बताइएको छ।

वाम गठबन्धनले तयार पारेको चुनावी घोषणापत्रमा 'राष्ट्रिय स्वाधीनता र राष्ट्रको समृद्धि'को विषयलाई नै मुख्य एजेन्डा बनाइएको कार्यदलमा सहभागी माओवादी केन्द्रका नेता विश्वभक्त दुलाल आहुतिले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# जो मधेसवादी दलमा टिकेनन्

## धरापमा मधेसवादी दल

बीपी साह, काठमाडौं

नेपाली कांग्रेसको विभाजन भई २००८ सालमा गठन भएको तराई कांग्रेसले मधेसवादी राजनीतिको थालनी गऱ्यो। तर उक्त दल पनि केही वर्षमै समाप्त भयो। लामो समयको अन्तरालपछि २०४६ सालबाट मधेस केन्द्रित दल नेपाल सद्भावना पार्टीको विस्तार भयो। तर अहिले सद्भावना पनि समाप्त भएर सद्भावनाका नेताहरू राष्ट्रिय राजनीतिको दौडमा लागेका छन्।

पहिलो मधेस आन्दोलनबाट 'मधेस' शब्द राखेरै उपेन्द्र यादवसहितले राजनीति शुरु गरे पनि पछिल्लो समय यादव पनि राष्ट्रिय राजनीतिको दौडमा छन्। मधेसवादी मानिएका प्रमुख दुई दलले पार्टीको नामबाट मधेस शब्द हटाउनका साथै विधानमा पनि राष्ट्रिय पार्टीका रूपमा आफूलाई चित्रण गरेका छन्। मधेसवादी राजनीतिक दलमा परिवर्तनसँगै मधेसवादी दलका नेताहरू पनि 'वाद' र संगठन परिवर्तनमा होमिएका छन्। जसले गर्दा मधेसवादी राजनीतिसँगै मधेसवादी नेताहरू पनि धरापमा परेका छन्।

पहिलो र दोस्रो मधेस आन्दोलनपश्चात् मधेसवादी राजनीतिले सिंगो नेपालकै राजनीतिलाई डोहोऱ्याउन थालेको थियो। जसमा दर्जनौंको संख्यामा नयाँ अनुहारका नेता देखा परेका थिए।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी र राप्रपाबाट कयौं मधेसी मूलका नेताहरू मधेसवादी राजनीतिमा आए। तर संविधान निर्माणदेखि कार्यान्वयनसम्ममा आउँदा अधिकांश नेताले मधेसवादी राजनीतिलाई त्यागेका छन्।

(क्रमश: पृष्ठ ९ मा)

# कांग्रेस र राजपा-फोरमको गठबन्धन टुट्यो

काठमाडौं, (नेस)

आगामी प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचनका लागि नेपाली कांग्रेस र राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) तथा संघीय समाजवादी फोरम नेपालबीच हुने भनिएको गठबन्धन तोडिएको छ।

सिट बाँडफाँडमा सहमति नभएपछि चुनावी तालमेल अन्तिम समयमा आएर विफल भएको राजपाका नेता राजेन्द्र महतोले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। राजपा-फोरम र कांग्रेसको तालमेल विफल भएसँगै लोकतान्त्रिक गठबन्धन पनि विभाजन भएको महतोले दाबी गर्नुभयो।

लोकतान्त्रिक गठबन्धनमार्फत मधेसवादी दलसँग कांग्रेसले तालमेल गर्न खोजेकामा आफूहरू सकारात्मक रहेको तर मनोनयन दर्ताको अन्तिम समयमा तालमेलको प्रयास असफल भएको महतोले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# राजधानीको फोहोर व्यवस्थापनमा समस्या

ईश्वरराज ढकाल
बन्चरेडाँडा, नुवाकोट

उपत्यकाको फोहोर सिसडोल ल्यान्डफिल साइटमा व्यवस्थापन गर्न अब कठिनाइ हुने भएको छ। फोहोरको डंगुरका कारण सिसडोलको चारवटा ल्यान्डफिल साइट पूर्णरूपमा भरिभराउ भएका छन्। २०६२ सालमा सरकारले सिसडोलको ल्यान्डफिल साइटमा उपत्यकाको फोहोर व्यवस्थापन गर्दै आएको थियो। शुरुमा भ्याली १, त्यसपछि भ्याली २, आलेटार हुँदै अहिले भ्याली ४ मा फोहोर व्यवस्थापन गर्दै आइरहेको छ। स्थानीयवासीले स्वत: सिसडोलमा फोहोर व्यवस्थापन गर्न अवरोध गर्दै आइरहेको अवस्थामा सरकारले त्यसको विकल्पका रूपमा बन्चरेडाँडालाई हालसम्म प्रयोग गर्न सकेको छैन।

कामपा वातावरण व्यवस्थापन विभाग प्रमुख रविनमान श्रेष्ठले अब मुस्किलले करिब ५ महिनासम्म सिसडोलमा फोहोर व्यवस्थापन गर्न सकिए पनि त्यसपछि सम्भव नभएको बताउनुभयो। 'सरकारले करिब ७ वर्षका लागि भन्दै सिसडोलका स्थानीयलाई फकाएर अहिलेसम्म व्यवस्थापन गर्दै आइरहेको छ। सिसडोलमा फोहोर व्यवस्थापन गर्न थालेको १३ वर्ष पुगिसकेको छ।

अब स्थान अभावका कारण बन्चरेडाँडा जानुको विकल्प छैन।' -विभागीय प्रमुख श्रेष्ठले भन्नुभयो। बन्चरेडाँडामा फोहोर व्यवस्थापन गर्न सरकारले हालसम्म कुनै चासो देखाएको छैन। बन्चरेडाँडा सिसडोलबाट १ दशमलव ९ किलो मिटर मात्रै टाढा पर्छ।

नजिकको बाटो भए पनि सरकारले पूर्वाधारको विकास नगर्दा बन्चरेडाँडामा कहिले फोहोर व्यवस्थापन गर्न सकिन्छ भन्ने विषय अन्योलमा परेको छ। काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले बन्चरेडाँडामा फोहोर व्यवस्थापन गर्नुको कुनै विकल्प नभएको बताउनुभयो। उहाँले



सिसडोलको समय सकिएको अवस्थामा फोहोर व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा समस्या परेको बताउनुभयो।

'सरकारले हेरेन। अब हामी प्रधानमन्त्रीलाई भेटेर बन्चरेडाँडाको पूर्वाधार विकास गर्न अनुरोध गर्नेछौं।' -मेयर शाक्यले भन्नुभयो।

'प्रधानमन्त्रीले मातहतका मन्त्री, राज्यमन्त्री वा सचिव जसलाई जिम्मा दिए पनि बन्चरेडाँडामा फोहोर व्यवस्थापन हुनुपऱ्यो। १ हजार ७ सय ४२ रोपनी जग्गा ओगटेको बन्चरेडाँडामा सरकारले बाटो, ल्यान्डफिल साइट निर्माण, पुल निर्माणलगायतका पूर्वाधार तत्काल विकास गर्नुपर्छ।' -ल्यान्डफिल साइटका साइट इन्चार्ज इन्जिनियर सरकारदीप श्रेष्ठले भन्नुभयो। सरकारले २०६३ सालमै अबको ५० वर्षसम्मको फोहोर व्यवस्थापन गर्न सक्ने जनाउँदै जग्गा अधिग्रहण गरेको थियो।

हालसम्म सामान्य ट्र्याक खोल्ने कामबाहेक कुनै पूर्वाधार निर्माण हुन सकेको छैन। नुवाकोट र धादिङको सिमानामा पर्ने बन्चरेडाँडामा अझै ५ सय रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने अवस्था आएको छ। सरकारले हाल ल्यान्डफिल साइटमा पुग्नका लागि पुल निर्माण कार्य थालेको छ।

(क्रमश: पृष्ठ ९ मा)

# जनताले नपत्याउने
# आश्वासन बाँड्दै उम्मेदवार

नन्दराम जैशी, जुम्ला

आगामी मंसिर १० गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि जुम्लाका राजनीतिक दलहरु उम्मेदवारसहित चुनावि प्रचारप्रसार गर्दै भोट माग्न गाउँ पसेका छन्। अन्य समयमा शहर केन्द्रित हुने दलका नेता कार्यकर्ता हिजोआज निर्वाचन प्रचारप्रसारका लागि गाउँ पसेपछि सदरमुकाममा राजनीतिक दलहरुको उपस्थिति शून्य जस्तै छ। जनतालाई नपत्याउने आश्वासन बाँड्दै भोट माग्न गाउँ पसेका दलहरु निर्वाचनमा आ-आफ्नै पार्टीका उम्मेदवारले जित्ने दाबी गरेका छन्। विशेष गरी निर्वाचनमा वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनका उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ। जुम्लामा प्रदेश सभाका लागि २ निर्वाचन क्षेत्र र प्रतिनिधि सभाका लागि १ निर्वाचन क्षेत्र तोकिएको छ। दलहरुले चुनाव प्रचारका लागि आ-आफ्नो पार्टीमा प्रचार टोली गठन गरेका छन्। वाम गठबन्धनले १४ सदस्यीय सचिवालय समिति गठन गरेको छ। जसमा एमालेबाट ७ र माओवादीबाट ७ जना गरी १४ जनाको सचिवालयसमेत गठन गरी चुनावी प्रचार अभियान थालेका हुन्। भने लोकतान्त्रिक गठबन्धन आफ्नो आन्तरिक तयारीमा समेत जुटिसकेको अवस्था छ।

वाम गबन्धनबाट प्रतिनिधि सभा सदस्यका लागि गजेन्द्रबहादुर महत कार्मा उम्मेदवार हुनुहुन्छ। २०७० सालको संविधान सभाको निर्वाचनमा माओवादी केन्द्रबाट प्रत्यक्षतर्फको उम्मेदवार बन्नुभएका महत त्यो बेला झिनो मतले पराजित हुनुभएको थियो। माओवादी पोलिट ब्युरो सदस्यसमेत रहनुभएका उहाँ अहिलेसम्म राजनीतिक हिसाबले विवादमा आउनुभएको छैन।

वाम गठबन्धनबाट प्रदेश सभा सदस्यका लागि क्षेत्र नं १ बाट पूर्वसांसद तथा माओवादी पोलिट ब्युरो सदस्य नरेश भण्डारी उम्मेदवार बन्नुभएको छ। बुद्धिजीवि संगठनका केन्द्रीय अध्यक्षसमेत रहनुभएका भण्डारी २०६४ सालको निर्वाचनमा निर्वाचित भएर जनताको मन जित्दै लोकप्रियता कायम गर्नुभएको थियो। भण्डारीकै पहलमा जुम्लामा नेपालको चौथो स्थानको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल स्थापना भएको छ।

वाम गठबन्धनबाट प्रदेश सभा सदस्यका लागि क्षेत्र नं २ बाट उम्मेदवार बन्नुभएका पदमबहादुर रोकाया २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनमा कांग्रेससँग पराजय हुनुभएको थियो। त्यसयता सक्रिय राजनीतिमा संलग्न रोकाया अहिले वाम गठबन्धनबाट प्रदेशसभा लागि निर्वाचन लड्दै हुनुहुन्छ।

यसै गरी लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका लागि देवेन्द्रबहादुर शाही उम्मेदवार बन्नुभएको छ। नेपाली कांग्रेसका कर्मठ र निडर नेताका रूपमा परिचित शाही निर्माण व्यवसायीका रूपमा पनि त्यत्तिकै परिचित हुनुहुन्छ। क्षेत्र नं १ मा लोकतान्त्रिक गठबन्धनबाट प्रदेशसभा सदस्यका लागि राजुसिंह कठायत उम्मेदवार बन्नुभएको छ। निर्माण व्यवसायिका रूपमा पोख्त कठायत राजनीतिमा त्यति चर्चामा आएका थिएनन्।

नेपाली कांग्रेसकै तर्फबाट प्रदेश सभा २ सिंजा क्षेत्रबाट उम्मेदवारी दिनुभएका भीमनिधि हमालको नाम पनि राजनीतिक क्षेत्रमा त्यति चर्चामा आएको नाम होइन। यस्तै नेमकिपा जुम्लाको तर्फबाट प्रतिनिधि सभाको उम्मेदवार डिल्ली प्रसाद काफ्ले समानुपातिकतर्फको भूतपूर्व सांसद हुनुहुन्छ। नेमकिपाकै प्रदेश सभा १ बाट प्रत्यक्षतर्फ शिवलाल डाँगी र प्रदेश सभा २ बाट गोर्खबहादुर बुढा उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्।

## चुनाव जित्ने आ-आफ्नै दाबी

### देशमा स्थायी सरकार निर्माण गर्न



वाम गठबन्धनबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार गजेन्द्रबहादुर महत (कार्मा) ले आफूले चुनाव जितेमा देशमा स्थायी सरकार निर्माण गर्ने बताउनुभएको छ। उहाँले भन्नुभयो- 'देशमा अस्थायी सरकारका कारण विकासमा असर परेको छ। विकासका लागि स्थायी सरकार निर्माण गर्नु आवश्यक छ। मैले चुनाव जितेमा स्थायी सरकार निर्माणमा मुख्य भूमिका खेल्नेछु। अनि मात्र देश र जिल्लाको विकास हुन्छ। राजनीतिक अस्थिरता र अस्थायी सरकार नै विकासका बाधक हुन्,' त्यसको अन्त्यका लागि पहल चाल्ने उम्मेदवार महतको भनाइ छ।

उहाँले भन्नुभयो- 'जनताले मलाई चुनाव जिताएमा जुम्लाको विकास निर्माण, स्वास्थ्य, शिक्षा र विद्युतीय समस्या समाधान गर्नेछु।' कृषि, पर्यटन, उत्पादनमूलक उद्योग र नयाँ व्यापार योग्य ठाउँको सम्भावना तथा जोखिमका पक्ष समेटी योजना बनाउने र सोहीअनुसार कार्यान्वयन गर्नमा जोड दिने उहाँको भनाइ छ।

### ६ नम्बर प्रदेशको समृद्धि र विकास गर्न



वाम गठबन्धनतर्फ प्रदेशसभा सदस्यका लागि क्षेत्र नं १ का उम्मेदवार नरेश भण्डारीले मुख्य मन्त्री बनेर ६ नम्बर प्रदेशको समृद्धि र विकास गर्न आफू चुनावी मैदानमा उत्रिएको बताउनुभयो। उहाँले भन्नुभयो- 'विजय सुनिश्चित छ। चुनाव जितेर मुख्य मन्त्रीका रूपमा काम गर्दै ६ नं प्रदेशको समृद्धि र विकासको अभियानमा लाग्नेछु। सोहीअनुसार रणनीति बनाएर ६ नं प्रदेश देशकै नमुना प्रदेशका रूपमा विकास गर्नेछु।' अन्य प्रदेशको तुलनामा विकसका दृष्टिले ६ नं प्रदेशपछि रहे पनि संभावनाका दृष्टिले अहिले पनि देशकै शक्तिशाली प्रदेश रहेको भण्डारीको भनाइ छ। कर्णालीमा रहेको जलस्रोत, जटिबुटि, गैरकाष्ठ वन पैदावरलगायत प्राकृतिक स्रोतहरुको संरक्षण गरी सही सदुपयोग गर्दै बढ्दो बेरोजगार अन्त्य गर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, 'आफ्नो सपना कार्यान्वयनका लागि जनताले भारी मतले विजयी गराउनेमा म विश्वस्त छु। प्रदेशको नेतृत्व गर्ने अवसर जुम्ली जनताले जुटाइदिनेछन्। चुनावी खेलमा धेरै नेताहरु मैदान उत्रिए पनि जनताले आफूलाई न्याय गर्ने व्यक्तिलाई भोट दिनेछन्, त्यसका लागि म सक्षम छु' -भण्डारीले भन्नुभयो। प्रदेश नं ६ कै जनताको एक मात्र आशा र भरोसा आफू मात्र भएको उहाँको दाबी छ।

### संविधान संशोधन गराउन



नेमकिपाबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा पूर्वसांसद डिल्लीप्रसाद काफ्लेले जनताको अधिकार सुनिश्चित हुने गरी संविधान संशोधन गराउन आफूले उम्मेदवारी दिएको बताउनुभयो। चुनाव जितेमा संविधान संशोधन गराई वैदेशिक हस्तक्षेप रोक्न भूमिका खेल्ने उहाँको भनाइ छ। जनताको आधारभूत आवश्यकता तत्काल परिपूर्ति गर्दै सिंजा क्षेत्रका हरेक गाउँमा पक्की सडक निर्माण गरी नागरिक बिरामी हुँदा सहजै स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने उहाँले आश्वासन दिनुभयो।

### जिल्लाको विकासमा नेतृत्व लिन



लोकतान्त्रिक गठबन्धनबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार देवेन्द्रबहादुर शाहीले प्रतिनिधि सभा सदस्यमा आफू निर्वाचित हुने दाबी गर्दै आफूले चुनाव जितेमा जिल्लाको विकास निर्माणले मुहार फेर्ने बताउनुभएको छ। यस अघिका निर्वाचित सांसदहरुले जिल्लाको विकास निर्माणमा सक्रिय भूमिका नखेलेको आरोप लगाउँदै उहाँले त्यसको नेतृत्व आफूले गर्ने बताउनुभयो। यसअघि आफूले निर्माण व्यवसायी भएर जनतालाई गरेको सेवाका आधारमा आफूले चुनाव जित्ने उहाँको दाबी छ। व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जनसेवाको राजनीति आवाश्यक रहेको औंल्याउँदै जसको उदाहरण सबै पाटीको नेतृत्व गर्दै नेपाली कांग्रेसबाट आफूले सम्हाल्न सक्ने तर्क गर्नुभयो। उम्मेदवार शाहीले भन्नुभयो, 'म सहजै चुनाव जित्छु, र जिल्लाको पर्यटन, कृषि, औधोगिक, शिक्षा, स्वास्थ्य, विद्युत् र संचार क्षेत्रको विकासका लागि पहल गर्नुका साथै मुख्य भूमिका खेल्नेछु। चुनाव जितेमा उर्जा क्षेत्रमा मुख्य प्राथामिकता दिने र सडक संजाल विस्तार तथा मर्मत गर्दै जुम्लालाई उर्थु हुँदै मुगु रारा र डोल्पा जोड्न तत्काल सडक विस्तारको अभियान संचालन गर्ने उम्मेदवार शाहीले बताउनुभयो।

### लोकतान्त्रिक समाजवाद स्थापना गर्न



लोकतान्त्रिक गठन्धनबाट प्रदेशसभा सदस्यका उम्मेदवार राजुसिंह कठायतले जुम्लामा बेरोजगारको अन्त्य गर्न चुनाव जितेर कम्युनिस्टसहितको लोकतान्त्रिक समाजवाद स्थापना गर्ने बताउनुभयो। उहाँले भन्नुभयो, 'बढ्दो बेरोजगार र गरिबिका कारण विभिन्न घटना तथा विकृति फैलिएका छन्। त्यसको अन्त्यका लागि चुनाव जितेर सोहीअनुसार नीति कार्यक्रम गर्नेछु। मैले चुनाव जितेमा जुम्लामा बेरोजगार संख्या अन्त्य हुनेछ।' त्यसका लागि कम्युनिस्टसहितको लोकतान्त्रिक समाजवाद स्थापना गर्ने कठायतको भनाइ छ।

चुनावमा म वाम गठबन्धनदेखि डराएको छैन। गठबन्धन मिथ्या कुरा हो। यसले एमालेलाई घाटा भएको छ। गठबन्धन दीगो हुँदैन। पदको लाभका कारण माओवादीको रणनीति हो', भन्नुभयो। समग्र जिल्लाको विकास निर्माणमा पहिलेदेखि लागि परेको दाबी गर्दै प्रदेश सभा सदस्य कठायतको तर्क छ। नेपाली कांग्रेस विभिन्न कालखण्डमा राणाहरु हुँदै कम्युनिस्टसँग लड्दै आएकाले अब वाम गठबन्धनसँगको वैचारिक लडाँइ जित्ने उहाँले दाबी गर्नुभयो। नयाँ आर्थिक अवसरको पहिचान गरी व्यापक उत्पादन वृद्धि, रोजगारी सिर्जना र समावेशी समृद्धिलाई अभियानका रूपमा अगाडि बढाउने र युवा, महिला उद्यमीको परिचालन, कृषिको आधुनिकीकरण, पर्यटनको विकास, उद्योगको द्रूत विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापक लगानी परिचालन गर्ने योजना बनाउने उम्मेदवार कठायतले बताउनुभयो।




# यसरी मन जित्यो ऐश्वर्यले

पुष्करलाल श्रेष्ठ



ला मो समयपछि मंगलबार एउटा राम्रो र स्तरीय नेपाली चलचित्र हेर्ने अवसर पाइयो। चलचित्र शुरू हुने समय साँझ ४ बजे भनिएकाले सो समय अलि अपायक भए पनि चलचित्र *ऐश्वर्य*का बारे धेरै चर्चा सुनिसकेकाले व्यस्तताका बाबजुद सुन्धाराको सीटीसी मलस्थित सिने डाइन सिनेमा हलमा पुगेको थिएँ। यस चलचित्रका सहनिर्माता तथा चर्चित कलाकार निर्मल शर्माले टेलिफोनमा नेपाली सिने क्षेत्रका विशिष्ट व्यक्तिहरुका लागि मात्र राखिएको विशेष शो भन्नुभएको हुनाले समीक्षा गर्ने सोचले भन्दा पनि मनोरञ्जनको मनस्थितिले मात्र सिनेमा हल पुगेको थिएँ। तर, पूरै चलचित्र हेरेपछि कापीकलम बोकेर नगएकोमा साह्रै थकथक लाग्यो।

कुन बेला चलचित्र सकियो, चालै पाउन सकिनँ। घरको डेकमा अथवा युट्युबमा हेरेजस्तो रिवाइन्ड गरिदिनु भन्ने कुरा पनि आएन। चलचित्र हेरेर निस्किएपछि प्रतिक्रिया लिन बाहिर बसिरहनुभएका निर्माता एवं कलाकारहरू रमेश उप्रेती, अर्जुन श्रेष्ठ, निर्मल शर्मा, प्रशान्त ताम्राकार, दीपिका प्रसाईं आदिलाई स्तरीय चलचित्र बनाउनुभएकोमा बधाई दिनुबाहेक अरू केही गर्न सकिएन। त्यसो त विभिन्न टेलिभिजन, पत्रपत्रिका र अनलाइनहरूलाई चलचित्र हेरेर हलबाट निस्केका कलाकर्मी, उद्यमी, कानुनविद्, पत्रकारलगायत सबै क्षेत्रका विशिष्ट व्यक्तित्वहरूले चलचित्र *ऐश्वर्य*को मुक्तकण्ठले प्रशंसा गरिरहेको सुनिन्थ्यो।



केही वर्षदेखि नेपालमा पनि निकै उत्कृष्ट नेपाली चलचित्रहरू बन्न थालेका छन्। राम्ररी बनेका चलचित्रहरूले व्यावसायिकरूपमा पनि निकै आर्थिक आर्जन गरिरहेको पाइएको छ। उदाहरणका लागि यही *ऐश्वर्य* चलचित्रले प्रदर्शनको दुई दिनभित्रै २ करोड रुपियाँको व्यापार गरेको छ भने जुन मेहनतले यो चलचित्रको निर्माण गरिएको छ, त्यसलाई हेर्दा आर्थिकरूपमा पनि यसको भविष्य निकै उज्ज्वल हुने देखेको छु।

माथि भनिसकेकै छु, समीक्षात्मक हिसाबले चलचित्र नहेरिएका कारण यहाँ मैले चलचित्रको समीक्षा गर्न खोजिरहेको छैन। तर, दिवाकर भट्टराईको कथामा निकै गृहकार्य गरी बनाइएको जस्तो लाग्ने यो चलचित्र हेरिसकेपछि कुनै पनि दर्शक 'छि:' भन्दै सिनेमा हलबाट बाहिर निस्केलाजस्तो लाग्दैन। कथाअनुसारको पटकथा, प्रयोग गरिएका भाषा, क्यामरामा कैद चित्ताकर्षक प्राकृतिक दृश्यहरू, लोभलाग्दो संवाद, उत्कृष्ट अभिनय, फोटोग्राफी, सम्पादन, द्वन्द्व, प्रकाश संयोजन, संगीत आदि हेर्दा चलचित्रका निर्माण पक्षले कतै पनि सम्झौता गरेको पाइँदैन। प्रशान्त ताम्राकार र दीपिका प्रसाईंको बेजोड अभिनय हेर्दा उनीहरूलाई कसैले पनि नवप्रवेशी कलाकार भन्दैनन्। नायिका केकी अधिकारीको प्रभावशाली अभिनय हेर्दा विगतमा उनले त्यत्तिकै सर्वश्रेष्ठ अभिनेत्रीका अवार्डहरू जितेकी रहिनछिन् भन्ने सावित गराउँछ। अभिनेता रमेश उप्रेतीको अभिनय पनि निकै दमदार लाग्छ। छोटो भूमिका भए पनि कलाकार अर्जुन श्रेष्ठ र निर्मल शर्मा पनि दर्शकको मन जित्न सफल देखिएका छन्।

यस चलचित्रको अर्को सकारात्मक पक्ष भनेको यसले नेपाली सिनेमा उद्योगलाई प्रशान्त ताम्राकार र दीपिका प्रसाईंजस्ता दुई होनहार प्रतिभाशाली कलाकार दिएको छ भने रमेश उप्रेतीलाई उत्कृष्ट पुनरागमन गराएको छ।

ऐश्वर्य अर्थात् सम्पत्तिका लागि मानिसहरू कुन हदसम्म तल झरेर सीमा नाघ्न सक्छन् भन्ने अहिले हाम्रो नेपाली समाजमा देखिरहेको विकृतिलाई फिल्मी शैलीको सबै मसला मिसाएर पस्केका कारण पनि यो चलचित्रले सबै उमेरका दर्शकको मन जित्न सफल भएको जस्तो लाग्छ। यसका लागि चलचित्रका निर्देशक दिवाकर भट्टराई बधाईका पात्र हुनुहुन्छ। यो चलचित्र निकै सन्देशमूलक छ, गम्भीर छ, पारिवारिक छ, यसले नेपाली चलचित्रमा एउटा इतिहास बनाएको छ भन्न खोजिएको होइन। समीक्षाको दृष्टिले हेरिएका भए केही कमीकमजोरी पनि खोजिन्थ्यो होला। कुरा यतिमात्र हो कि वर्षको झण्डै सयको हाराहारीमा नेपाली चलचित्र बन्न थाले पनि मुस्किलले पाँचवटा पनि गुणस्तरीय चलचित्र हेर्न नपाइरहेको अवस्थामा दर्शकलाई यो चलचित्र हेरेपछि एउटा 'कम्प्लिट' चलचित्र हेरेको महसुसचाहिँ अवश्य गराउँछ।



# सेलेना र विकेन्ड अलग



अमेरिकी गायिका सेलेना गोमेज र क्यानेडियन गायक द विकेन्ड कथितरूपमा १ वर्षभन्दा कम समयको डेटिङपछि अलग भएका छन्। पिपुल डट कमको रिपोर्टमा उल्लेख गरिएअनुसार केही सूत्रले यो जोडीले आफ्नो सम्बन्ध तोडेका छन्। समाचारमा बताइएअनुसार गोमेज तथा विकेन्डको सम्बन्धमा केही समयदेखि उतारचढाव चलिरहेको थियो। विकेन्ड आफू टुरमा रहेकाले र गोमेज पनि न्युयोर्कमा चलिरहेको सुटिङमा व्यस्त भएकाले एक-अर्काका लागि समय निकाल्न मुस्किल परिरहेको थियो। सूत्रका अनुसार दुवैको सम्बन्ध सकिए पनि उनीहरू सम्पर्कमा भने रहेका छन्।



नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, NOV
Thursday
2

# विचार

नयाँ संकटपछि मात्र नयाँ
प्राप्तिको प्रादुर्भाव हुनसक्छ।
– फ्रेडरिक एङ्गेल्स

सोच, आजको दिन फेरि
कहिल्यै आउँदैन।
– दाँते अलिघारे

## सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

## राजनीतिक आवरणमा दोषी नउम्किऊन्

माओवादी सशस्त्र द्वन्द्वको क्रममा ओखलढुंगा, पोकलीका उज्जनकुमार श्रेष्ठको हत्या अभियोगमा सर्वस्वसहित जन्मकैदको सजाय पाएका पूर्वसभासद एवं माओवादी केन्द्रका नेता बालकृष्ण ढुंगेललाई पक्राउ गरी जेल चलान गरेसँगै विभिन्न टिकाटिप्पणी हुन थालेको छ । टिकाटिप्पणी गर्ने क्रममा एकपक्षले द्वन्द्वकालका घटना सत्य तथा मेलमिलाप आयोगमार्फत नै टुंग्याउनुपर्छ भनिरहेका छन् भने अर्को पक्षले जघन्य अपराधका घटनामा संलग्नलाई कानुनअनुसार कार्वाही हुनै पर्छ भनिरहेका छन्। सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरिसक्दा पनि प्रहरी प्रशासनले सर्वोच्चको आदेश पालना गराउने कुरामा ध्यान नदिएको भन्दै चर्को आलोचना भएपछि प्रहरी प्रशासनले ढुंगेललाई गत मंगलबार पक्राउ गरी अदालतमा बुझाएको हो । प्रहरीले पक्राउ गरेलगत्तै काठमाडौं जिल्ला अदालतको अनुमतिमा उनलाई सदरखोर डिल्लीबजार जेल चलान गरिएको छ ।

माओवादी द्वन्द्वकालमा राज्यपक्षबाट होस् वा तत्कालीन विद्रोही पक्षबाट होस्, हत्या, बलात्कार, अपहरणजस्ता जघन्य अपराध धेरै भएका छन् । सबै घटनालाई राजनीतिक मुद्दा बनाएर जघन्य अपराध गर्नेलाई माफी दिने विषयमा मानवअधिकारवादी मात्र हैन राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनले समेत छुट दिएको छैन । राजनीतिक द्वन्द्वको नाममा होस् वा राजनीतिक दलको आडमा, अपराध गर्ने अपराधीहरु खुल्लंखुल्ला हिँडिरहेको बेला पीडित पक्ष न्याय नपाएर भौंतारिरहेका छन्। ढुंगेललाई गरिएको कार्वाहीले अन्य पीडितहरुलाई पनि न्याय पाउने आशा जागेको छ । द्वन्द्वकालीन घटनामा जघन्य अपराध गरेबापत जिल्ला अदालतबाट सजाय फैसला भएका तथा सर्वोच्चले नै पक्राउ गरी कार्वाही गर्नू भनी आदेश दिएका कतिपय घटनामा संलग्न नेताहरु अझै पनि खुल्लंखुल्ला प्रहरीसँग नै कुम जोडेर हिँडिरहेका छन्। द्वन्द्वकालीन घटनालाई लिएर कार्वाही गर्नुपर्ने भन्दै मानवअधिकारवादी, सञ्चारजगत् तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाबाट दबाब आएको घटनालाई कार्वाहीको दायरामा ल्याउने प्रयास भए पनि धेरै घटना त्यस्ता छन्, जुन पीडित पक्षहरुले जति गुहार मागे पनि न्याय पाउन सकेका छैनन्।

काभ्रेका अर्जुन लामा हत्या प्रकरण होस् वा मैना सुनुवार हत्या प्रकरण होस्, चाहे गोरखा फुजेलकी गंगामाया अधिकारीको छोरा कृष्णप्रसादको हत्या प्रकरण होस्, छानबिन प्रक्रिया र न्याय/अन्याय छुट्याउने प्रयास निकै सुस्त छ। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा चर्चित रहेका यी घटनाको छानबिनमा यति ढिला छ भने चर्चामै नआएका अन्य घटनाको छानबिन कस्तो होला ? सहजै अनुमान गर्न सकिन्छ। मुलुक प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको लागि प्रवेश गरिसकेको छ। कतिपय राजनीतिक दलहरुले जघन्य अपराधमा संलग्न भएको आरोप लागेका मात्र हैन, अदातल तथा प्रहरी कार्यालयमा किटानी उजुरी परेकाहरुलाई चुनावी मैदानमा नेता बनाएर पठाएका छन् । यसबाट पनि मुलुकमा दण्डहीनता कति मौलाएको छ भन्ने देखिन्छ। ढुंगेललाई जेल चलान गरेपछि अपराधीलाई जुनसुकै बेला कानुनको कठघरामा ल्याउन सकिन्छ भन्ने उदाहरण बनेको छ। माओवादी द्वन्द्वकालका घटना मात्र हैन, अन्य कुनै पनि बेला आपराधिक क्रियाकलापमा संलग्नलाई तत्काल छानबिन गरी न्यायको कठघरामा ल्याएर पीडितलाई न्याय दिनुपर्छ । राजनीतिक आवरणमा कोही पनि अपराधीलाई छुट दिनु हुन्न ।

# पूर्वराजाको इच्छा र दलीय विसंगति



बालकृष्ण मैनाली

वाम एकताबाट हाललाई नयाँ शक्ति बाहिरिए पनि, चुनावी तालमेलमा संलग्न भई मन परे पनि र नपरे पनि एकथरी राजनीतिक शक्ति रमाइरहेका छन्। लोकतान्त्रिक फोरमलगायत अन्य केही नाम नसुनेका साना दलसमेत कांग्रेसमा समाहित भई लोकतान्त्रिक गठबन्धनको नामकरणबाट न्यानो अनुभूति गरिरहेका अर्का थरी राजनीतिक शक्ति पनि छन्। यी सबै शक्ति र अन्य वैकल्पिक शक्तिका रुपमा दाबा गरिरहेका राजनीतिक शक्तिका समय-समयमा प्रवाहित भैरहने राजनीतिक धारणा, अभिव्यक्ति क्रियाकलापहरुले निर्वाचनको माहोललाई सुन्दरता प्रदान गरेको अवस्था विद्यमान छ। यसबीचमा चाडपर्व पनि परेको र निर्वाचनको तिथि पनि नजिकिँदै गएको अवस्थामा अकस्मात् पुन: पूर्वराजाको वक्तव्य सार्वजनिक हुन पुग्यो। पूर्वराजा ज्ञानेन्द्र शाहको वक्तव्य सार्वजनिक के भएको थियो, हो न हो १० रेक्टरको भुइँचालोले छोएको अनुभूति राजनीतिक वृत्तमा देखा पर्न गयो। वक्तव्यको विरोधमा थरी-थरीका स्वरहरु विभिन्न सञ्चारमाध्यमहरुमा र सामाजिक सञ्जालमा सुनिन र देखिन थाले। नयाँ-नयाँ दलहरुको आगमन, पुराना दलहरुको एकता घोषणा अनि निर्वाचनमा टिकट बाँडफाँड र पदीय भागवण्डा नमिल्नासाथ तुरुन्त विछोडजस्ता कुराहरु अब नेपालका दलहरुमा सामान्य भैसक्यो। व्यक्ति विशेषलाई चित्त बुझेन कि दलभित्र बखेडा मच्चाइहाल्ने प्रवृत्ति मौलाउँदै गइरहेको छ। यस्तो अवस्थामा पूर्वराजा ज्ञानेन्द्र शाहको वक्तव्य आउनुलाई कसैले सामान्य मानेका छन् भने कसैले निकट भविष्यमै केही परिवर्तन हुने आंकलन गरेका छन्।

पूर्वराजा ज्ञानेन्द्र शाहले तिहारको भाइटीकाको उपलक्ष्यमा आफ्नी बहिनीसँग टीका ग्रहण गरेपश्चात् जनताको सहयोग र समर्थन पाए राष्ट्रको नेतृत्व लिन आफू तयार भएको र उपयुक्त समय पनि आएको धारणा व्यक्त गरे। त्यसरी व्यक्त भएका धारणा सबै सञ्चारमाध्यमलगायत सामाजिक सञ्जालमा भाइरलको रुपमा फैलियो। दलहरुका आपसी लडाइँ, जनताको समस्याको बारेमा गरिनुपर्ने सम्बोधनमा गरिएको कन्जुस्याइँ, दिनप्रतिदिन मौलाउँदै गइरहेको भ्रष्टाचार, कानुनी शासनको दयनीय अवस्था आदिलाई मध्यनजर राख्दै पूर्वराजा ज्ञानेन्द्रबाट समय-समयमा विशेष गरी विभिन्न पर्वहरुमा जनतालाई सन्देश प्रवाह गर्ने गर्दै आएका छन्। सन्देश प्रवाह हुनासाथ के-के न हुने भयो भन्ने ठानी दलका नेताहरु रक्षात्मक अवस्थामा पुग्ने गरेको तथ्यलाई पनि जनताले मनन गरिराखेका छन्।

गणतान्त्रिक संसद्ले राजसंस्था विस्थापित गरिसकेपश्चात् राजा ज्ञानेन्द्र शाहले समय-समयमा आफ्ना सन्देशहरु प्रवाहित गर्ने कार्य गर्दै आइरहेका छन्। प्रत्येक सन्देशमा उनले दलीय विसंगति, भ्रष्टाचारलगायत बेथितिबारे आफ्ना धारणा सार्वजनिक गरेका छन्। पटक-पटक जनताले समर्थन गरेमा र चासो देखाएमा आफूले नेतृत्व लिने कुरालाई प्रत्यक्ष र अप्रत्यक्षरुपमा बारम्बार भन्दै आएका छन्। तथापि, जनचासो भने त्यतातिर खासै ढल्कन सकेको छैन। देशका दलहरुले पनि स्मरण गर्नुपर्ने कुरा के हो भने, पूर्वराजाको नेतृत्व लिने इच्छाप्रति तत्काल जनचासो नदेखिनुको अर्थ अहिले देखिइरहेको दलीय विसंगतिहरुलाई जनताले स्वीकार गरेको छ भन्ने ठान्नु पनि दलहरुको गलत ठम्याइ हुनेछ। पूर्वराजा ज्ञानेन्द्र शाहबाट समय-समयमा आइरहने यस किसिमका वक्तव्यहरुलाई दलहरुले अन्यथा लिनुपर्ने अवस्थाचाहिँ पक्कै छैन। बरु अन्यथा लिनुको साटो त्यसलाई सुझावको रुपमा ग्रहण गर्दै दलहरु अगाडि बढ्न सकेमा सम्भवत: पूर्वराजालाई बारम्बार यस किसिमको सन्देश प्रवाह गर्नलाई रोक्न मद्दत पुर्‍याउन सकिथ्यो भन्ने कुरालाई दलहरुले हृदयंगम गर्न आवश्यक थियो, तर दुर्भाग्यवश त्यसो हुनसकेन र हुनसकिरहेको छैन।

पूर्वराजा ज्ञानेन्द्र शाहको विगतको अवस्थालाई नियाल्दा शेरबहादुर देउवालाई अक्षम घोषणा गरी सत्ता आफ्नो हातमा पारेको अवस्थामा जनस्तरबाट कुनै बाधाविरोध भएको थिएन। त्यति बेला नै दलहरुप्रति जनताको विश्वास घटिसकेको थियो। राजाबाट शासनसत्ता आफ्नो हातमा लिँदा दलका केही नेताबाहेक राजाको विरोधमा जनता कोही सडकमा निस्केका थिएनन्। वरिष्ठ नेताहरुले प्रहरीको लाठी खाँदा पनि हजारजना मान्छे भेला हुन गाह्रो भएको थियो। दलहरुले छोटो अवधिमै गरेका जनविरोधी कार्यहरुले गर्दा राजाले शासन सत्ता हातमा लिएको जनताले ठिक्कै ठानेका थिए। त्यस कार्यलाई मौन समर्थन जनाएका थिए।

यसरी सत्ता प्राप्त गर्ने अवसर दलहरुले नै जुटाइदिएका राजा ज्ञानेन्द्रलाई, तर विडम्बना वा दुर्भाग्य जे भने पनि शासन सत्ता राजाको हातमा पुगेपछि जनताको वास्तविक समस्या सम्बोधन हुन्छ भन्ने विश्वास गरेका जनता त्यति बेला छाँगाबाट खसेजस्तो भए, जुन बेला राजाले आफ्नो मातहतमा तुलसी गिरीलाई राखी सत्ता सञ्चालन गर्न थाले। दलीय स्वार्थबाट अभिप्रेरित भई सत्ता सञ्चालन गरिरहेका दलहरुबाट वाक्क भई राजाले शासन सत्ता हातमा लिएको अवस्थामा जनस्वार्थबाट अभिप्रेरित भई दलहरुलाई पनि कानुनको शासन स्थापना गर्न सँगसँगै मिलेर राज्य सञ्चालन गर्छन् भन्ने आशामा रहेका जनता उल्टो राजाको एकलौटी शासन गर्ने नियतबाट त्रसित हुन पुगे। दलका केही नेताहरुको छाडापनलाई नियन्त्रण गरी अगाडि बढ्नुपर्नेमा दलहरुलाई नै छि: छि: र दूर: दूर: प्रवृत्तिको विकास गरियो। न्यायपालिकालाई बलियो बनाई कानुनी शासनको प्रत्याभूति दिनुपर्ने ठाउँमा न्यायपालिकासँग द्वन्द्व बढाउने काम भयो। भष्ट्राचार नियन्त्रण गर्ने नाममा शाही आयोगमार्फत आफूलाई मन नपरेका र रिस उठेका व्यक्तिहरुलाई प्रतिशोध साँध्ने काम भयो। त्यो बेला राजाबाट पञ्चायतकालीन शैली नै अपनाएर दललाई पूरै निषेध गर्ने कार्यको शुरुवात गरियो। नेताहरुलाई धरपकडलगायत घरमै नजरबन्द राख्ने कार्यको थालनी भयो। यी कारणहरुले गर्दा जनताको मन पुन: दलीय नेतृत्वकै शरणमा फर्किन बाध्य भयो। राजाको त्यस किसिमको कार्यले राजाप्रति जनतामा अविश्वास पैदा गराउने भूमिका खेल्यो। क्षमता र विशेषता हासिल गरेका स्वतन्त्र व्यक्तिहरुलाई त्यस बेलाको दरबारिया प्रशासनले टेरपुच्छर नै लाएन। कथंकदाचित केही व्यक्तिलाई बोलाएर सल्लाह लिएको जस्तो गरेको देखाइए तापनि तिनीहरुबाट प्राप्त सल्लाहहरु कुनै पनि कार्यान्वयन भएनन्। कतिपय यस्ता कुराहरु राजाको सक्रिय शाासनका बेला राजासँगै बसेर काम गर्ने अवसर पाएका राधाकृष्ण मैनालीले आफ्नो किताबमा उदाहरणसहित उल्लेख गरेका छन्। राजाले आफ्नो शासनकालमा छिमेकीहरुलाई पनि खासै रिझाउन सकेनन्, जसको कारण अन्तत: राजतन्त्र नै विस्थापित गराउने निर्णय संसद्बाट पारित हुँदा एक शब्द पनि विरोध नगरी राजतन्त्र विस्थापित भएको टुलुटुलु हेर्न बाध्य हुनुपर्‍यो। जस्तोसुकै अवस्थामा पनि जनता नै शक्तिशाली हुन्छन् भन्ने कुरालाई अहिलेजस्तै गरी त्यो बेलामा पनि आत्मसात् गर्न सकेको भए राजतन्त्र विस्थापित हुने नै थिएन। राजतन्त्र विस्थापितपछिका कालखण्डमा भएका विभिन्न निर्वाचनले पनि जनता शक्तिशाली भएको प्रमाणित गरेको छ। जंगलबाट आएका माओवादीलाई निर्वाचनमार्फत एक नम्बरको दलमा ल्याउने पनि जनता नै हुन् भने माओवादीका आफ्नै गलत क्रियाकलापका कारण त्यही शक्तिलाई तेस्रो स्थानमा झार्ने पनि जनता नै हुन्। जनता शक्ति जहिले पनि उच्च स्थानमै हुन्छ भन्ने कुरालाई शासकहरुले कहिल्यै पनि भुल्न हुँदै हुँदैन।

> जस्तोसुकै अवस्थामा पनि जनता नै शक्तिशाली हुन्छन् भन्ने कुरालाई अहिलेजस्तै गरी त्यो बेलामा पनि आत्मसात् गर्न सकेको भए राजतन्त्र विस्थापित हुने नै थिएन। राजतन्त्र विस्थापितपछिका कालखण्डमा भएका विभिन्न निर्वाचनले पनि जनता शक्तिशाली भएको प्रमाणित गरेको छ। जंगलबाट आएका माओवादीलाई निर्वाचनमार्फत एक नम्बरको दलमा ल्याउने पनि जनता नै हुन्

पक्कै पनि अहिलेका ठूला भनाउँदा दलहरुले जनताको मतको अपमान गरेकै हुन्। २० वर्षसम्म स्थानीय निर्वाचन हुन नदिनु भनेको त्यो जस्तो जनताको मतको अपमान अरु हुन सक्दै सक्दैन। २० वर्षपछि बल्ल-बल्ल भएको स्थानीय निर्वाचनमा एउटा वडाध्यक्षको निर्वाचनमा पचासौं लाखभन्दा बढी खर्च गनुपर्ने अवस्था सृजना गराइनु भनेको चानचुने अपराध हुँदै होइन। पचासौं लाख खर्च गरेर निर्वाचन जित्ने जनप्रतिनिधिले जनताको समस्या कसरी सम्बोधन गर्न सक्छ ? यिनै कुरालाई परिलक्षित गरी भाईटीकाको दिन पूर्वराजा ज्ञानेन्द्र शाहबाट जनतासँग समर्थन र सहयोग माग्नु नराम्रो हुँदै होइन। यहाँ कसले जनताको समर्थन मागेको छैन ? कुन राजनीतिक दलले जनताको समर्थन मागेको छैन ? कुनै पनि नेपाली नागरिकलाई 'हे जनता' मलाई सहयोग र समर्थन गर, म तिम्रो समस्या सम्बोधन गर्छु भन्न किन नपाउने ? प्रत्येक नेपाली नागरिकलाई यो अधिकार छ। यसर्थमा पूर्वराजाले जनतासँग समर्थन मागे भनेर कोकोहोलो मच्चाउनुको कुनै तुक छैन।

बरु विचारणीय कुरा के हो भने, राजाले पहिला गरेको काम कारबाहीबाट जनता पूरा सशंकित छन्। यस्तो अवस्थामा सहयोग र समर्थन गर मात्र भनेर पुग्दै पुग्दैन। जस-जसले जनतासँग सहयोग र समर्थन माग्ने हो उसले जनताको समस्यालाई सम्बोधन गर्ने पूरा खाका ल्याउनै पर्छ। पूर्वराजा ज्ञानेन्द्र शाहले पनि जनताको सहयोग र समर्थन खोजेको हो भने, पूरा आफ्नो योजनासहित जनताका समस्यालाई कसरी सम्बोधन गर्न खोजिँदै छ भन्ने कार्यदिशा र रणनीतिबारे सम्बोधन गर्नै पर्छ। निरंकुश राजतन्त्र हो कि, आलंकारिक हो कि, स्थापना मात्र हो कि, केही हक-अधिकारसमेतको हो कि ? यससम्बन्धमा जनतालाई छर्लङ्ग पार्नै पर्छ। अनि त्यसको साथै इमानदारी दलका नेतृत्वप्रतिको भूमिका के हुने, दिनानुदिन मौलाइरहेको भ्रष्टाचार नियन्त्रणको लागि अपनाइने विधिहरु कस्ता हुनेछन् र कानुनको शासन स्थापनाको लागि दिगो योजना के छ ? यस्तै विकृति झाङ्गिदै गएको न्यायपालिकालाई सही लिकमा कसरी ल्याउने भन्ने न्यूनतम अवधारणाहरु जनसमक्ष पस्किनै पर्छ। अनि मात्र जनता के-कस्तो सहयोग र समर्थन गर्ने भन्ने कुराको निर्क्योलमा पुग्न सक्छन्। अन्यथा, नेतृत्व मात्र लिन्छु सहयोग-समर्थन गर्नुपर्‍यो भनेको भरमा हवात्तै जनताले विश्वास गरिहाल्ने अवस्थाचाँहि छैन।

*(लेखक अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### संविधान कार्यान्वयनका लागि निर्वाचन जरुरी

मुलुक निर्वाचनमा होमिएको छ। प्रतिनिधिसभा तथा प्रदेशका समानुपातिक सांसदको उम्मेदवारको सूची निर्वाचन आयोगमा पेस गरेसँगै निर्वाचन प्रक्रिया पूर्णरुपमा शुरु भइसकेको छ। निर्वाचन प्रक्रिया शुरु भइसक्दा पनि निर्वाचनसम्बन्धी आशंका घटेको छैन, बरु बढेको देखिन्छ। निर्वाचनको मतपत्रसम्बन्धी कानुनमा प्रश्न उठाएर सर्वोच्चमा रिट दायर गर्ने र कानुनी प्रश्न देखाएर निर्वाचन सार्ने अनेक तरिका अपनाइएको छ। निर्वाचन सार्ने कुनै गोप्य कोठामा चलखेल भइरहेको छ भने यो देशका लागि घातक कदम हुनेछ। यसप्रति आमजनताको सचेतता र जागरुकता जरुरी छ। सरकारको नेतृत्व गरिरहेको कांग्रेसले यस विषयमा गम्भीर हुन जरुरी छ।

नयाँ उम्मेदवारी दर्तापछि पुरानो व्यवस्थापिका-संसद्को कार्यकाल सकिएकाले अब मुलुकमा विधायिका छैन। केन्द्रीयस्तरमा जनप्रतिनिधिविहीन भएको अवस्था भनेको शून्य संक्रमणकालको अवस्था हो। यो ज्यादै संवेदनशील सवाल पनि हो। संसद् भएको बेला सरकारले दायाँ-बायाँ गर्दा पनि संसद्ले सही बाटोमा ल्याउन सक्छ भने राज्यका अन्य निकायलाई पनि जनताप्रति जवाफदेही बनाउने काम संसद्ले गर्छ। तर संसद् नभएको बेला सरकारलगायतका राज्यका कुनै पनि अंग जनताप्रति जवाफदेही हुने ठाउँ रहँदैन। अहिलेको खुला र पारदर्शी लोकतान्त्रिक व्यवस्थामा आज कुनै शक्ति वा व्यक्तिले जनताविरुद्ध षड्यन्त्र गरेमा भोलि त्यसको महँगो मूल्य चुक्ता गर्नुपर्ने अवस्था त रहन्छ, तर कथंकदाचित चुनाव सारियो भने त्यसले ल्याउने संवैधानिक संकट अकल्पनीय हुनेछ। मंसिरको चुनाव सारियो भने मौसमका कारण पुसमा चुनाव हुन सक्दैन र माघ ७ गतेसम्म चुनाव भएन भने देशमा संवैधानिक संकट शुरु हुन्छ। यदि संसद् हुँदो हो त खराबमध्येको कम क्षति हुने संविधान संशोधनको बाटोबाट पनि क्षणिक निकास खोज्न सकिन्थ्यो। तर अब त्यो बाटो बाँकी छैन। त्यसैले अब चुनाव सार्ने भनेको प्रतिगमन उन्मुख आत्मघाती बाटो हुनेछ, त्यसतर्फ कसैले सोचसमेत पनि बनाउनुहुँदैन।

निर्वाचन प्रक्रियासमेत शुरु भइसकेको बेला निर्वाचन सार्ने कुरामा सरकारको ध्यान छैन भनेर सबैले विश्वास गर्ने वातावरण बनाउनुपर्छ। त्यसका लागि एउटा सत्ता साझेदार दलले लगाएको आरोप प्रधानमन्त्रीले गलत साबित गर्नुपर्छ। यो सरकारबाट बाहिरिनुपर्दा माओवादीले लगाएको फगत आरोप हो भन्ने कुराको प्रधानमन्त्रीले पुष्टि गरिदिनुपर्छ। माओवादीले पाएको भनिएको सूचना गलत थियो भन्ने प्रमाणित गर्न र आमजनतालाई विश्वस्त पार्न प्रधानमन्त्रीले निर्वाचन हुने कुराको सुनिश्चितता गर्नुपर्छ। आजका मितिमा चुनावको विकल्प चुनाव नै हो भन्ने कुरामा स्वयं प्रधानमन्त्री अनभिज्ञ छैनन्।

त्यसो त आज मात्र होइन, सधैं लोकतन्त्रको विकल्प लोकतन्त्र नै हुन्छ र त्यसको आधार चुनाव नै हुन्छ। यसमा अझ पुरानो लिगेसी भएको दलका नेता प्रधानमन्त्री भएको बेला लोकतन्त्रमाथि आघात पुग्ने काम हुनेछैन। देशलाई संवैधानिक संकटमा फसाउने काम हुनेछैन, यसका लागि सरकारले एकपटक आमजनतालाई विश्वस्त बनाउँदै यससँग जोडिएका सबै आशंकाहरु निवारण गर्नुपर्छ। प्रधानमन्त्री देउवा अलि चनाखो हुन जरुरी छ। जनमतको कदर गर्न र जनताबाट छानिएर आउन पनि निर्वाचन जरुरी छ। त्यति मात्रै हैन, नेपालको संविधान कार्यान्वयन गर्न पनि यसको अपरिहार्यता छ।

*- कविता पौडेल, सानेपा, काठमाडौं*

### पूर्वराजालाई बोल्ने मौका नदेऊ

आमनेपाली जनता तिहारको रमझममा रमाइरहेको बेला पूर्वराजा ज्ञानेन्द्र शाहले आफूले जिम्मेवारी लिने बेला आएको बताएका थिए। ज्ञानेन्द्रको यो पछिल्लो भनाइलाई राजनीतिक वृत्तमा त्यति धेरै महत्व दिएको पाइएन। पटक-पटक उनले यस खालका अभिव्यक्तिहरु दिनुका पछाडि केही कारणहरु हुन सक्छन्। यस्ता अभिव्यक्तिहरु उनले आफ्नो बुद्धि विवेकले भन्दा सीमित स्वदेशी तथा विदेशी प्रतिक्रियावादीहरु र धार्मिक पण्डाहरुको उक्साहटमा दिएको बुझ्न सकिन्छ। नेपालमा छिट्टै गणतन्त्र आउनुको एउटा कारण उनकै कुबृद्धि पनि एक हो।

गणतन्त्र स्थापना भएको एक दशकयता मुलुकका राजनीतिक दल र नेतृत्व सफल भए भनेर दाबी गर्ने ठाउँ छैन। तर जनताले थोरै नै किन नहोस् आशाका किरणहरु देखेका छन्। विगतको केन्द्रीकृत राज्यप्रणाली विकेन्द्रित हुँदै छ र ग्रामीण तहसम्म जनताले अधिकार पाउने प्रक्रिया शुरु भइसकेको छ। विकास बजेट गाउँ तहसम्म पुग्दै छ र गणतन्त्रका जराहरु विस्तारित भइरहेका छन्। अहिले हुन गइरहेको प्रदेश र संघको निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रको वास्तविक अभ्यास गराउन सक्नुपर्छ। गणतन्त्र आए पनि नेपाली राजनीतिमा कता-कता गणतान्त्रिक चेतना र संस्कृतिको विकास हुन नसकेको महसुस हुन्छ। लोकतन्त्रमा कुनै दल असफल हुँदैमा सिंगो प्रणाली नै असफल भन्न मिल्दैन। त्यसैले राजाले आफू सक्रिय हुने बेला आएको कुरा गर्नु मिथ्या भ्रम मात्र हो।

पूर्वराजा ज्ञानेन्द्रले पुरानै वंशाणुगत राजतन्त्र पुनर्स्थापना हुने आशा गरेका हुन् भने त्यो सम्भावना पूरै टरिसकेको छ। कमल थापाहरुको हविगत देखेपछि उनले यो कुरा बुझ्नुपर्ने हो। तर लोकतन्त्रमा जनमतको कति महत्व छ भन्ने कुरालाई उनले राम्ररी बुझ्न सकेका रहेनछन्। यो बुझ्न सकेको भए यस प्रकारको उट्पट्याङ कुरा गर्ने थिएनन्। जनताको बोल्ने, लेख्ने, सभा-संगठन गर्ने सबै अधिकार छिनेर हिजो जसरी राजसंस्थाले एकछत्र शासन गर्‍यो, उनी त्यही ध्याउन्नमा छन् भने उनीभन्दा अल्पज्ञानी व्यक्ति कोही हुन सक्दैन, बालक मात्र हुन सक्ला। नागरिक भइसकेका पूर्वराजाले बेला-कुबेला यस्ता कुरा गरेर चर्चामा आउने काम बन्द गर्नुपर्छ। यसले उनको हित गर्दैन।

पूर्वराजा ज्ञानेन्द्र शाहमा राजनीतिक महत्वाकांक्षा छ भने उनी एउटा नागरिकको हैसियतमा सक्रिय हुन सक्छन्। वर्तमान संविधानले उनको त्यो अधिकार सुनिश्चित गरेको छ। उनी राजनीतिक दल खोलेर, चुनावमा उम्मेदवार बनेर मुलुकको कार्यकारी अधिकार सम्पन्न स्थानमा पुग्न सक्छन्। यसका लागि उनले जनताको मत पाउन सक्नुपर्छ, विश्वास आर्जन गर्न सक्नुपर्दछ। त्यो बाटोमा लाग्न उनलाई कसैले निषेध गरेको छैन। उनले आफूलाई जिम्मेवार नागरिकको रुपमा प्रस्तुत गर्न सक्नुपर्छ।

पूर्वाराजा ज्ञानेन्द्रमा राजनीतिकभन्दा व्यापारिक चरित्र बढी छ। उनमा राजनीतिक महत्वाकांक्षा छ तर त्यस खालको संस्कार र दूरदृष्टि बिल्कुलै देखिन्न। दरबार हत्याकाण्डपछि मुलुकमा गणतान्त्रिक चेतना धेरै विस्तारित भइसकेको थियो। तर ज्ञानेन्द्र संविधानको सीमाभित्र बस्न सकेको भए, गणतन्त्र केही समय पर धकेलिन सक्थ्यो। अब एक दशकपछि जिम्मेवारी लिने कुरा गर्नु औचित्यहीन छ। यो उक्साहट र बर्बराहट मात्र हो। त्यसैले होला, सरकार, राजनीतिक दल र नागरिक समुदायले यसलाई खासै महत्व दिएनन्। जे होस्, उनको अभिव्यक्ति आपत्तिजनक छ। यो हतास मानसिकताको उपज हो।

*- शरदराज पोखेल, प्यूठान, चुँदारा, हाल : काठमाडौं*

## सामाजिक सञ्जाल



केही विष्टा खानेहरूलाई अपाङ्गता भएका व्यक्तिका प्रतिनिधित्वका कुरा उठाउँदा चित्त बुझेन रे, तिनले भातका सट्टा आफ्नै विष्टा खान्छन्।

**Gajendra Budhathoki**
**@gbudhathoki**



अपराधी बालकृष्ण ढुंगेललाई पक्राउ गर्नु दुर्भाग्यपूर्ण हो भन्ने माओवादी केन्द्रको प्रतिक्रिया राजनीतिमा अपराध गर्न छुट दिनुपर्छ भन्नु हो।

**Dhan Raj Gurung**
**@dhanrgrg**



छोराछोरीलाई बासी भात खुवाएर हुर्काउनेहरू आज कुकुरलाई महँगा दाना खुवाउने भएका छन्, छोराछोरी होस्टलमा राखेर ओछ्यानमा कुकुर सुताउने भएका छन्, कठै !

**अपरिचित यात्री**
**@TheYatree**

२०७४, कात्तिक
बिहीबार
१६

{ राजधानी र शहरी क्षेत्रमा विशेषज्ञ उपलब्ध भए पनि ग्रामीण क्षेत्रवासी उपचारबाट वञ्चित भएको प्रष्ट बुझ्न सकिन्छ। अन्य रोगजस्तो बहिरोपन हेरेर छुट्याउँन सकिँदैन। समयमै उपचार गर्दा रोग निको हुने भए पनि गरीबी र चेतनाका अभावका कारण उपचार नगराउँदा नेपालमा बहिरोपनको समस्या बर्सेनी थपिँदो छ।



# नेपाल

## असन्तुष्ट कार्यकर्ताद्वारा एमाले कार्यालयमा तालाबन्दी

भक्तपुर, (नेस)

नेकपा एमालेका असन्तुष्ट कार्यकर्ताले बुधबार नेकपा एमाले भक्तपुर जिल्ला कार्यालयमा तालाबन्दी गरेका छन्। आसन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा भक्तपुर निर्वाचन क्षेत्र नम्बर १ मा एमालेले आफ्नो उम्मेदवार नदिने निर्णय गरेको भन्दै असन्तुष्ट एमाले नेता कार्यकर्ताले कार्यालयमा तालाबन्दी गरेका हुन्।

भक्तपुर क्षेत्र नंम्बर १ का एमाले नेता दामोदर दंगालले वाम गठबन्धनको नाममा भक्तपुर क्षेत्र नं. १ को प्रतिनिधि सभा र प्रदेश सभातर्फ (क) र (ख) दुवै क्षेत्र माओवादी केन्द्रलाई दिने भन्ने जानकारी आएकाले त्यसको विरोधमा पार्टी कार्यालयमा तालाबन्दी गरेको बताउनुभयो। तालाबन्दी गर्दै क्षेत्र नं. १ का नेता कार्यकर्ताले आफ्नो मागको बेवास्ता गरी एमालेले तीनवटै क्षेत्र छाडेमा स्वतन्त्र उम्मेदवार उठाउने चेतावनी दिएका छन्।

यसअघि वाम गठबन्धनले भक्तपुर क्षेत्र नम्बर १ मा प्रतिनिधिसभातर्फ नेमकिपा अध्यक्ष नारायणमान बिजुक्छेलाई छाड्ने र प्रदेशतर्फ निर्वाचन क्षेत्र नंम्बर २ प्रदेशसभा (ख) मा माओवादी केन्द्रलाई छाड्ने निर्णय गरेको भन्दै एमाले नेता कार्यकर्ताले विरोध गरेका थिए।

एमालेले भक्तपुर क्षेत्र नम्बर १ मा प्रत्यक्षतर्फ प्रेमकुमार श्रेष्ठ, कृष्णराम गेलाल र नारायणी दंगालको नाम सिफारिस गरेको थियो भने प्रदेशसभा तर्फ (क) मा हरिशरण लामिछाने र (ख) मा रोमन शिलाकारको नाम सर्वसम्मत सिफारिस गरेको थियो।

यता एमाले जिल्ला अध्यक्ष राजेन्द्र राजथलाले भने दुईचारजना कार्यकर्ताले पार्टी कार्यालयमा तालाबन्दी गर्दैमा केही फरक नपर्ने बताउँदै पार्टीभित्रको विवाद समाधानका लागि छलफल भइरहेको बताउनुभयो।

## भिक्षु कौण्डन्यलाई पितृशोक

काठमाडौं, (नेस)

लुम्बिनी विकास कोषका पूर्वकार्यकारिणी सदस्य एवं अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कौण्डन्यलाई पितृशोक परेको छ।

उहाँका पिता संघरत्न मानन्धरको ७९ वर्षको उमेरमा निधन भएको हो। मानन्धरको वसन्तपुर, चसाद्बोस्थित आफ्नै निवासमा मंगलबार राति ७:३० हृदयघातका कारण निधन भएको थियो। स्वर्गीय मानन्धरको धार्मिक र सामाजिक कार्यमा पनि महत्त्वपूर्ण योगदान रहेको छ।

स्वर्गीय मानन्धरको पार्थिव शरीरलाई बुधबार नेवार बौद्ध परम्पराअनुसार राजधानीको कंकेश्वरी घाटमा दाहसंस्कार गरिएको थियो। मानन्धरका राजु, रमेश र कवि गरी चार छोरा र रजनी गरी एक छोरी रहेका छन्। यसअघि बौद्ध परम्पराअनुसार स्वर्गीय मानन्धरको निर्वाण कामना गर्दै भिक्षु धम्ममूर्तिलगायतले भिक्षुहरुले परित्राण पाठ गरेका थिए।

# नेपालमा १० प्रतिशतको हाराहारीमा बहिरोपनको समस्या

पुष्कर बुढाथोकी, भक्तपुर

विश्वको कूल जनसंख्याको छ प्रतिशत अर्थात् ३६ करोड मानिसमा कानसम्बन्धी कुनै न कुनै समस्या छ। विकसित मुलुकमा यस्तो समस्या कम भए पनि विकासशील मुलुकमा कानको समस्या बढी देखिएको छ।

इएर केयर नेपालका अध्यक्ष एवं नाक कान घाँटी (ईएनटी) विशेषज्ञ डा. मिलन महर्जनका अनुसार,दक्षिण एसियामा सबै भन्दा बढी कानको समस्या हुने मुलुक नेपाल हो। महर्जनका अनुसार, भारतमा ६ प्रतिशतमा कानको समस्या छ भने नेपालमा करिब १० प्रतिशतको हाराहारीमा समस्या देखिएको छ। डा. महर्जनका अनुसार, यहाँ देखिएका ७.४ प्रतिशत रोकथाम गर्न सकिने अर्थात् पछि देखिएका समस्या छन्। तर, कतिपय ठूला शहर र अञ्चलसम्म पनि ईएनटी विशेषज्ञ नहुँदा सर्वसाधारण उपचारको पहुँचबाट बाहिर छन्।

नेपालका पछिल्लो तथ्यांकअनुसार, कूल जनसंख्या ३ करोड ७० लाख मान्दा १० प्रतिशतमा कानको समस्या देखिए ३० लाखभन्दा बढीमा कानको समस्या छ। तर, त्यसको उपचार गर्ने ईएनटी विशेषज्ञ हालसम्म नेपालमा एक सय ३८ जना मात्र छन्। माथिको तथ्यांकले एक ईएनटी डाक्टरले दुई लाख ६० हजार बढी सर्वसाधारणलाई हेर्नुपर्ने अवस्था छ। कारण, राजधानी र शहरी क्षेत्रमा विशेषज्ञ उपलब्ध भए पनि ग्रामीण क्षेत्रवासी उपचारबाट वन्चित भएको प्रष्ट बुझ्न सकिन्छ। अन्य रोगजस्तो बहिरोपन हेरेर छुट्याउँन सकिँदैन। समयमै उपचार गर्दा रोग निको हुने भए पनि गरीबी र चेतनाका अभावका कारण उपचार नगराउँदा नेपालमा बहिरोपनको समस्या बर्सेनी थपिँदो छ। बिकराल समस्या बन्दै गएको तथ्यांक सार्वजनिक भएसँगै विभिन्न पाँचवटा संस्थाले विभिन्न क्षेत्रलाई आधार मानेर बहिरोपन निवारणका काम गर्दै आएका छन्। त्यसै मध्येको एउटा संस्था हो, इएर केयर नेपाल।

कानको सामान्य अप्रेसन गर्न स्थानीय अस्पतालमा २५ देखि ५० हजार रुपियाँसम्म लाग्ने बताउँदै संस्थाका उपाध्यक्ष एवं वरिष्ठ पत्रकार पुरु रिसाल संस्थाले रजिस्ट्रेसन चार्ज २ हजार ५ सय रुपियाँ मात्र लिएर अप्रेसन गरिदिएको बताउनुहुन्छ। भक्तपुरका सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि इएर केयर नेपाल बरदान नै सावित भएको बताउँदै जिल्ला शिक्षा अधिकारी अर्जुनबहादुर रायामाझी भन्नुहुन्छ- 'विद्यालयमा काम गर्ने भनेर हरेक खालका संस्था आउने गरे पनि इएर केयर नेपालजस्तो काम गर्ने संस्था आफ्नो २५ वर्षे जागिर अवधिमा देखेको थिइनँ।'

जिल्लाका विद्यार्थीको कानको समस्या समाधा नभएपछि रायामाझीले संस्थालाई साउन्ड पोलुसन हुने स्थानमा काम गर्ने ट्राफिक प्रहरी, इँटा भट्टामा कार्यरत मजदुरलगायतका क्षेत्रमा समेत कार्यक्रम बिस्तार गर्न सुझाउनुभएको छ। विद्यालयमा कार्यक्रम गर्ने क्रममा इएर केयर नेपालले भक्तपुरमा १०.२६ प्रतिशमा कानको समस्या भेट्टाएको छ भने ललितपुरमा ८.४ प्रतिशतमा त्यस्तो समस्या देखिएको जनाएको छ। भक्तपुरका इँटा भट्टामा विभिन्न दुर्गम जिल्लाबाट कामका लागि आएका मजदुरका छोराछोरी पढ्ने भएकाले ललितपुरको तुलनामा भक्तपुरमा कानको समस्या बढी देखिएको इएर केयर नेपालकी अध्यक्ष डा. महर्जनको भनाइ छ। डा. महर्जनका अनुसार, नेपालका दुर्गम क्षेत्रका १४ प्रतिशतसम्म कानको समस्या देखिएको छ। सोही तथ्यांकका आधारमा गुम्बामा समेत कार्यक्रम बिस्तार गरिएको डा. महर्जनले बताउनुभयो।

ईएनटी विशेषज्ञका रूपमा काम थाल्ने बित्तिकै डा. महर्जनले बहिरोपनका क्षेत्रमा विकराल समस्या देखेपछि आधा दर्जन चिकित्सकलाई समेटेर ईएर केयर नेपाल भन्ने संस्था स्थापना गरेकी हुन्। चार वर्षअघि स्थापना भएको संस्थाले आफ्नै स्रोत परिचालन गरेर उपत्यकाभित्र कै ललितपुरबाट बहिरोपन निवारणका क्षेत्रमा काम शुरू गर्‍यो। ललितपुरका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको बहिरोपन परीक्षण र उपचारदेखि ठूला अस्पतालमा लगेर नगन्य शुल्कमा शल्यक्रिया (अप्रेसन) गर्ने सम्मका कार्य गर्न थाल्यो। सो तथ्य सार्वजनिक भएपछि अमेरिकाको एक संस्थाले ईएर केयर नेपाललाई एक वर्षको कार्यक्रम दिएर सहयोग गरेको छ।

सो सहयोगबाट भक्तपुरमा कार्यक्रम बिस्तार गरेको इएर केयरले पछिल्लो एक वर्षमा भक्तपुरका १ सय २८ सार्वजनिक विद्यालयका १६ हजार ७ सय १७ विद्यार्थीको कान परीक्षण गरेको छ।

कान परीक्षणका क्रममा १०.२६ प्रतिशत अर्थात् १ हजार ७ सय १६ जनाको कानमा समस्या फेला पारेको छ। कानको समस्या भएका मध्ये २ सय ८९ विद्यार्थीको कानको अप्रेसन गर्नुपर्नेमा १ सय ५८ को नगन्य शुल्क लिएर राजधानीको निदान अस्पतालमा अप्रेसन गरिएको छ। १ वर्षे कार्यक्रम सकिए पनि संस्थाले अप्रेसन गर्नुपर्ने बालबालिकालाई आफ्नै स्रोतबाट अप्रेसनको व्यवस्था मिलाउने भएको छ।

## शिक्षा ऐन नवौं संशोधन बिरुद्ध मुद्दा

नेपाल समाचारपत्र
काठमाडौं

शिक्षा ऐनको नवौं संशोधनले योग्यता र दक्षता पुगेका नागरिकलाई शिक्षक पदमा प्रतिस्पर्धा गर्न र उम्मेद्वार हुन रोक लगाएर व्यक्तिको मौलिक हकमा अनुचित बन्देज लगाएकाले सो संशोधित ऐन तत्काल बदर र अमान्य घोषित गरी विपक्षीका नाममा अन्तरिम आदेश जारी गर्न माग गर्दै सर्वोच्च अदालतमा बुधबार रिट दायर गरिएको छ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालका अध्यक्ष ज्योति बानियाँ, सुनसरीका शिक्षक सन्तोष भट्टराई र अभिवक्ता रिता भण्डारीले मन्त्रिपरिषद्, प्रतिनिधि सभा, शिक्षा मन्त्रालय, शिक्षा विभाग, शिक्षक सेवा आयोग र नेपाल शिक्षक महासंघलाई विपक्षी बनाइ उक्त मुद्दा दायर गरेका हुन्। शिक्षा ऐनको नवौं संशोधनले योग्य शिक्षकबाट स्तरीय शिक्षा पाउने विद्यालय तहमा अध्ययनरत पचासौं लाख बालबालिकाको अधिकारमा प्रतिकूल असर पार्ने र अन्ततः देशको शिक्षा नै बरबाद हुने दाबी रिट निवेदकहरुले गरेका छन्।

योग्यता पुगेका र स्थायी अध्यापन अनुमति पत्र लिएर बसेका व्यक्तिलाई स्वच्छ प्रतिस्पर्धा गर्न विज्ञापन गर्नुपर्नेमा त्यसो नगरी तोक र दबाबमा नियुक्त भएका अस्थायी शिक्षकलाई गैरकानुनी सहमतिका आधारमा नाम मात्रको जाँच लिएजस्तो गरी स्थायी गर्न खोजिएको तथा ऐन संशोधन गर्दा प्रतिनिधि सभाको सम्बन्धित समितिमा छलफल नै नगराइ दबाब र प्रभावका भरमा पारित गरिएको कुरा पनि रिटमा उल्लेख छ।

अस्थायी शिक्षकलाई पक्षपातपूर्ण ढंगले स्थायी गर्न गरिएका विज्ञापन र छनोट प्रकृयासम्बन्धी सबै कामकारबाही नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ भनी रिट निवेदनमा उल्लेख गरिएको छ।

## मोटरसाइकल चोर समातियो

काठमाडौं, (नेस)

बुढानीलकण्ठ नगरपालिका-१० बस्ने धनुषा महेन्द्रनगर-४ का प्रतीक कार्कीलाई प्रहरीले चोरीको मोटरसाइकलसहित पक्राउ गरेको छ।

कार्कीले कात्तिक ११ गते बुढानीलकण्ठ नगरपालिका-१० कपन शिवपुरीचोक बस्ने पाँचथरको फलैचा-९ का बिनोद माङ्मुकको नाममा दर्ता रहेको बा.५३ प ५५८५ नम्बरको मोटरसाइकल उनकै घरबाट पार्किङ गरिराखेको अवस्थामा चोरी गरी मंगलबार चावहिल चोकमा चलाइरहेको अवस्थामा पीडितले फेला पारी प्रहरीमा खबर गरेपश्चात् प्रहरी प्रभाग कपनबाट खटिएको टोलीले कार्कीलाई पक्राउ गरेको हो।

## लागू औषधसहित पक्राउ

काठमाडौं, (नेस)

कीर्तिपुर नगरपालिका-३ खसीबजारबाट सोही ठाउँ बस्ने मोरङको पथरी नगरपालिका-१ का मिलन राईलाई नियन्त्रित लागूऔषध बुप्रिनर्फिन ७० एम्पुल, डाइजेपाम ७४ एम्पुल र फेनारगन ८४ एम्पुलसहित लागूऔषध नियन्त्रण ब्युरो कोटेश्वरको प्रहरीले मंगलबार पक्राउ गरेको छ।

## भक्तपुरमा सेवाग्राही ठग्दै बिमा कम्पनी

नेपाल समाचारपत्र
भक्तपुर

यातायात व्यवस्था सेवा कार्यालय भक्तपुर आसपास खुलेका बिमा कम्पनीका एजेन्टहरुले तेस्रो पक्षको बिमा रकम असुल्दा भ्याट बिल उपलब्ध नगराएर उपभोक्ता ठग्दै आएका छन्।

उपभोक्ताले तिरेको भ्याटको रकमपश्चात बिल माग्दासमेत उपलब्ध गराउँदैनन् यस क्षेत्रमा खुलेका अधिकांश नाङ्लो पसल सरी खुलेका तेस्रो पक्ष बिमाका एजेन्टहरुले। यसरी राजश्व विभागअर्न्तगत तेस्रो पक्ष पार्टी बिमामा आएका उपभोक्ता दिनहुँ ठगीमा पर्दासमेत कसैको ध्यान जान सकेको छैन।

उक्त कार्यालय आसपास खुलेका १३ बिमा कम्पनीहरुले आफ्ना एजेन्ट राखेर सेवा प्रदान गर्दै आए पनि उपभोक्ताहरुले भ्याटबिल माग्दा कतिपय बिमा एजेन्टहरुले दिन मान्दैनन्। तेस्रो पक्ष बिमा तिर्न आएका सेवाग्रही सुजित श्रेष्ठ भन्छन् तस्रो पक्ष बिमा गरेपछि भ्याट बिल माग्दा यस क्षेत्रमा खुलेका बिमा एजेन्टहरुले दिन मान्दैनन् अनि कति कुरेर बस्नु बरु काम सक्यो हिँड्यो। त्यो बिलले केनै गर्ने थियो र सरकारलाई जाने पैसा कम्पनीले खाने त हो नि उनी प्रतिप्रश्न गर्छन्।

त्यस्तै बनेपाबाट आएका अर्का सेवाग्राही राजन कार्की भन्छन्, भ्याट बिल माग्यो भने दिँदैनन् झन्झट लिनुभन्दा काम सक्यो आफ्नो घरतिर लाग्यो यस क्षेत्रमा आफूजस्तै धेरै उपभोक्ताहरुले भ्याट बिल नमाग्ने गरेको बताउँछन्।

अर्का सेवाग्राही जो वन मन्त्रालयबाट आएका एक अधिकृतसमेत आफूले भ्याट बिल माग्दा उपलब्ध नगराएको गुनासो पोखे। तेस्रो पक्ष बिमा तिर्न आएकी एक महिला अधिकृत आफूले भ्याट बिलको रकम तिरे तापनि भ्याट बिल भने बिमा एजेन्ट कम्पनीले उपलब्ध नगराएको र आफ्नोसमेत कार्यालय समय भएकाले भ्याट बिल लिनुपर्ने भए तापनि हतारोले गर्दा आफूले नमागेको उनी बताउँछिन्।

तेस्रो पक्ष बिमा तिर्न आएका कतिपय सेवाग्रहीलाई भ्याट बिल लिनुपर्छ भन्ने समेत जानकारी छैन भने कतिले कामको हतारोले गर्दा सेवा प्रदान गर्ने बिमाका ऐजन्टहरुले खोलेका सेवा दिने स्थानमा भ्याट बिल उपलब्ध नगराउने भएपछि नमाग्ने गरेका बताउँछन्।

आन्तरिक राजश्व कार्यालय भक्तपुरका प्रमुख सूर्य पोखरेल भन्छन्, 'अनिवार्य रुपमा बिमा कम्पनीहरुले सेवाग्राहीलाई भ्याट बिल उपलब्ध गराउनुपर्ने भए तापनि यस क्षेत्रमा उपलब्ध नगराएको जानकारी पायपश्चात अनुगमन गरेर त्यस्ता बिमा कम्पनीहरुलाई कारबाही गर्नेछौं।'

उनी भन्छन् यस्ता विषयको नियन्त्रण गर्ने पक्ष आन्तरिक राजश्व कार्यालय भए पनि यस क्षेत्रका बारे आफ्नो कार्यालयलाई जानकारी नभएकाले तत्काल अनुगमन गरी कारबाहीको दायरामा ल्याउनेछौं।' उनी भन्छन् भ्याट बिल सेवाग्रहीले माग्नुपर्ने र सेवा दिनेले उपलब्ध गराउनुपर्दछ। गलत काम गरी सरकारलाई राजश्व ठग्ने र सेवाग्राहीलाई ठग्ने जो सुकैलाई कारबाहीको दायरामा ल्याई कारबाही गरिने उनी बताउँछन्।

यातायता व्यवस्था सेवा कार्यालय भक्तपुरका प्रमुख पोखरेल भन्छन् बिमा कम्पनीका ऐजेन्टहरुले भ्याट बिल उपलब्ध अनिवार्य रुपमा गराउनुपर्छ तर यस स्थानमा भ्याट बिल नभए तापनि आफूहरुले तेस्रो पक्ष बिमा गरेको फर्मको आधारमा नवीकरण गर्ने गरेका छौं। उनी यसका बारेमा पूर्ण जानकारी राजश्व कार्यालयमा रहेको बताउँछन्।

अ.वं. १०२ नं. तथा जिल्ला अदालत नियमावलीको नियम २२(क) नं. बमोजिम मुद्दा नं. २७-०७३-०३०४१
मोरङ्ग जिल्ला अदालतबाट जारी भएको ३० दिने इतलायनामा म्याद
सुन्दरलाल गच्छदारको नाती नन्द नारायण गच्छदार खवासको छोरा जिल्ला मोरङ्ग मृगौलिया गाउँ विकास समिती वडा नं. ४ परिवर्तित जिल्ला मोरङ्ग कोशी हरैचा न.पा वडा नं. ८ हाल पुन:परिवर्तित जिल्ला मोरङ्ग बेलवारी न.पा. वडा नं.२ बस्ने अं वर्ष ४० को दिलिप कुमार गच्छदार..........१
वादी जिल्ला सुनसरी धरान उ.म.न.पा.वडा नं. ९/४९ दिव्य आचार्य लाईनमा घर भै हाल जिल्ला सुनसरी धरान उ.म.न.पा.वडा नं. १०/१८३ सैनिक भवन लाईनमा बस्ने वर्ष ४२ की गोमा पौडेल आचार्य,प्रतिवादी जिल्ला सुनसरी धरान उ.म.न.पा.वडा नं. ९/४९ दिव्य आचार्य लाईनमा बस्ने वर्ष ५३ को गणेश प्रसाद आचार्य समेत भएको लिखत बदर दर्ता बदर दर्ता मुद्दामा सुन्दरलाल गच्छदारको नाती नन्द नारायण गच्छदार खवासको छोरा जिल्ला मोरङ्ग मृगौलिया गाउँ विकास समिती वडा नं. ४ परिवर्तित जिल्ला मोरङ्ग कोशी हरैचा न.पा वडा नं. ८ हाल पुन:परिवर्तित जिल्ला मोरङ्ग बेलवारी न.पा. वडा नं.२ बस्ने अं वर्ष ४० को दिलिप कुमार गच्छदार नाउँको म्याद बेपत्ते तामेल भई आएकोले मिति २०७४/०५/२७ को आदेशानुसार तपाईको नाउँमा म्याद सुचना यस राष्ट्रियस्तरको दैनिक पत्रिकाबाट जारी गरिएको छ। सुचना जारी भई प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० दिन भित्र आफ्नो सवुत प्रमाण लिई अदालत खुलेको समयमा आफै, कानून बमोजिमको प्रतिनिधि वा कानून व्यवसायी मार्फत हाजिर हुन आउनु होला। हाजिर नभए मुद्दा ऐन बमोजिम हुनेछ ,पछि तपाईको उजुर लाग्ने छैन।
इति सम्वत् २०७४ साल असोज २६ गते रोज ५ शुभम्..........।

अ.वं. १०२ नं. तथा जिल्ला अदालत नियमावलीको नियम २२(क) नं. बमोजिम मुद्दा नं. २७-०७३-०३०४२
मोरङ्ग जिल्ला अदालतबाट जारी भएको ३० दिने इतलायनामा म्याद
खड्गबाहादर दर्जिको छोरा कृष्णकुमार परियारको श्रीमती जिल्ला सुनसरी धरान उ.म.न.पा. वडा नं. १५ बस्ने अं वर्ष ५१ की दिलकुमारी परियार..........१
वादी जिल्ला सुनसरी धरान उ.म.न.पा.वडा नं. ९/४९ दिव्य आचार्य लाईनमा घर भै हाल जिल्ला सुनसरी धरान उ.म.न.पा.वडा नं. १०/१८३ सैनिक भवन लाईनमा बस्ने वर्ष ४२ की गोमा पौडेल आचार्य,प्रतिवादी जिल्ला सुनसरी धरान उ.म.न.पा.वडा नं. ९/४९ दिव्य आचार्य लाईनमा बस्ने वर्ष ५३ को गणेश प्रसाद आचार्य समेत भएको लिखत बदर दर्ता बदर दर्ता मुद्दामा खड्गबाहादर दर्जिको छोरा कृष्णकुमार परियारको श्रीमती जिल्ला सुनसरी धरान उ.म.न.पा. वडा नं. १५ बस्ने अं वर्ष ५१ की दिलकुमारी परियारको नाउँको म्याद बेपत्ते तामेल भई आएकोले मिति २०७४/०५/२७ को आदेशानुसार तपाईको नाउँमा म्याद सुचना यस राष्ट्रियस्तरको दैनिक पत्रिकाबाट जारी गरिएको छ। सुचना जारी भई प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० दिन भित्र आफ्नो सवुत प्रमाण लिई अदालत खुलेको समयमा आफै, कानून बमोजिमको प्रतिनिधि वा कानून व्यवसायी मार्फत हाजिर हुन आउनु होला। हाजिर नभए मुद्दा ऐन बमोजिम हुनेछ ,पछि तपाईको उजुर लाग्ने छैन।
इति सम्वत् २०७४ साल असोज २६ गते रोज ५ शुभम्..........।

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : खर्च वृद्धि, चोटपटकको भय, विवादमा फसिएला, बेकाममा खर्च।
**वृष** : आर्थिक लाभ, साथीभाइ-इष्टमित्रबाट सहयोग, पारिवारिक सुख।
**मिथुन** : सुखको अनुभूति, स्वस्थता, कार्य सफल, साहस-आँट बढ्ने।
**कर्कट** : राजनीतिक सफलता, राज्यबाट लाभ, मान-सम्मानमा वृद्धि।
**सिंह** : आकस्मिक रोगव्याधि, अस्वस्थता, तनाव, शारीरिक कष्ट।
**कन्या** : द्रव्यलाभ, समस्या समाधान, विपरीतलिंगीबाट सुख।
**तुला** : धनलाभ, शत्रु विजय, प्रतिस्पर्धात्मक कार्यमा सफल, काम बन्ने।
**वृश्चिक** : कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति।
**धनु** : अपच, झाडापखालाको सम्भावना, दौडधुपले लखतरान, विवाद।
**मकर** : पैसा प्राप्ति, इज्जत-प्रतिष्ठा वृद्धि, कार्य सफल, प्रसन्नता।
**कुम्भ** : धन लाभ, प्रगतिको सम्भावना, कार्य सिद्धि, इज्जत वृद्धि।
**मीन** : उत्तम भोजन, पुरस्कारको सम्भावना, काम बन्ने।

# नेपाल

गाउँ-गाउँमा विकासको लहरसँगै सडक, बत्ती, शिक्षा, स्वास्थ्यको सुलभता बढेकोमा स्थानीय खुसी हुनु स्वाभाविक हो। तर, पछिल्लो समय प्राकृतिक प्रकोप हुने गरी बिनाइन्जिनियर सडक निर्माणमा प्रयोग भएकाले दुर्घटना निम्त्याउन सक्ने चिन्ता व्यक्त गर्न थालिएको छ।

## 'महिला योगदानको कदर भएन'

कुमार श्रेष्ठ, बाँके

पार्टीहरूमा गोजीमा गाँठ र मार्न सक्ने आँट भएकाले मात्रै टिकट पाउने प्रवृत्तिको विकास भएकोमा महिला नेतृहरूले आक्रोश पोखेका छन्।

जागरण नेपालले पाँच जिल्लाका महिला नेतृलाई सहभागी गराएर बुधबार नेपालगन्जमा आयोजना गरेको 'प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा महिला सहभागिता' विषयक सरोकारवाला बीचको अन्तरक्रियामा उनीहरूले पार्टीमा योगदान, त्यागभन्दा पनि नातावाद, कृपावाद र पैसावादको पछाडि सबै पार्टी लागेको टिप्पणी गरे।

कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा, जनमोर्चा, संघीय समाजवादी फोरमका महिला नेतृहरूले केही महिला परिहाले पनि पार्टीहरूले अहोरात्र खटेकालाई नभई संघ-संस्थामा लागेको, पार्टीको सदस्य नै नभएकोलाई टपक्क टिपेर ल्याउने गरेको दु:खेसो पोखे। उनीहरूले प्रत्यक्ष र समानुपातिकमा निश्चित प्रतिशत महिला अनिवार्य हुनुपर्छ भन्ने ग्यारेन्टी गर्नुपर्नेमा जोड दिए। ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता भनिए पनि अहिले पार्टीहरूले समानुपातिकमा महिलालाई राख्ने गरेका छन्। प्रत्यक्षमा केहीले मात्रै टिकट पाएका छन्।

नेपाली कांग्रेसकी नेतृ मीना सिग्देलले स्थानीय निकायको चुनावका बेला कोहलपुर नगरपालिकाको उपमेयरका लागि २० दिनसम्म नेताको घरमा धाएर बस्दासमेत आफूलाई नभई पार्टी सदस्य नै नभएकालाई उम्मेदवार बनाएको टिप्पणी गर्नुभयो। 'अहिले मेरो नाम क्षेत्र नं. १ को 'ख' बाट प्रदेशसभाका लागि समानुपातिकमा जिल्लाबाट सिफारिस भएको छ, पाउने आशा छैन, सिग्देलले भन्नुभयो- 'पार्टीहरूले त्याग, तपस्या, योगदान नहेर्दा महिला पछाडि परेका छन्।'

सुर्खेतकी पार्वती गिरीले महिलाको योग्यता, क्षमता र लगानीको मूल्यांकन नभएको बताउनुभयो। 'नाता र दाता छैनन् भने अहिले महिलाले अवसर पाउन गाह्रो छ', गिरीले भन्नुभयो- 'जिल्लाबाट नै मूल्यांकन गरेर सिफारिस गर्ने र केन्द्रले त्यसलाई सदर गर्ने परिपाटी बनाउनुपर्छ।




बीच बाटोमै सिफारिस हुने परिपाटीको अन्त्य हुनुपर्छ।'

दाङकी हुमा डीसीले क्षेत्र नं. २ 'क' बाट आफ्नो नाम सिफारिस भए पनि बाटोमै हराएको बताउनुभयो। एमालेकी २०५४ सालकी वडा सदस्य डीसीले महिला जहिले पनि राजनीतिक हिंसामा पर्ने गरेको बताउनुभयो।

बर्दियाकी माओवादी केन्द्रकी नेतृ मिथिला फुयालले महिलालाई पार्टीहरूले देखाउने दाँतमात्रै बनाइरहे ५/१० वर्षमा महिलाहरूको मात्रै छुट्टै पार्टी बन्ने उद्घोष गर्नुभयो। दाङकी बालिका लम्साल र लक्ष्मीसिंह ठकुरी, दैलेखकी प्रभा सिजापति, नरमा गुरुङ र प्रभा सिजापति, बाँकेकी मोमिना खातुन, विजया धिताल र उषा पुन, सुर्खेतकी पुष्पा घर्तीमगर र राजु नेपाली, बर्दियाकी रूपा अधिकारीलगायत महिलाले पार्टीमा चाकडीबाज, गुटबन्दी, आसेपासे, तेरो र मेरो भन्ने भावनाको अन्त्य गर्नुपर्नेमा जोड दिए।

महिला नेतृले राखेको जिज्ञासाबारेमा एमालेका अध्यक्ष अशोक कोइराला, कांग्रेसका जिल्ला सदस्य सुधांशु कोइराला, माओवादी केन्द्रका जिल्ला इन्चार्ज आईपी खरेल, राजपाका उपाध्यक्ष विजय गुप्ता, जनमोर्चाका जिल्ला उपाध्यक्ष कृष्ण पाण्डेले प्रस्ट्याएका थिए। नेताहरूले जनताले पनि पैसा नहुने उम्मेदवारलाई पत्याउन छोडेको तीतो यथार्थ पोखे। 'पुरुषहरू पनि नाता कि पैसावाल हुनुपर्छ, यदि छैनन् भने नेताले हेप्छन् नै, जनताले समेत पत्याउँदैनन्' -नेतृहरूले भनेका छन्। उनीहरूले प्रत्यक्षमा नभए पनि ३३ प्रतिशत महिला पुर्‍याउन अनिवार्य भएको बताए।

नेपाल पत्रकार महासंघ बाँकेका अध्यक्ष ठाकुरसिंह थारूले पार्टीहरूमा महिला सहभागिता तथा विगतमा चुनावमा महिलाको प्रतिनिधित्वको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। जागरण नेपालकी व्यवस्थापक मीना विष्टले पार्टीहरूमा महिलाको प्रतिनिधित्व निरासाजनक रहेको बताउनुभयो। अन्तरक्रियामा बाँके, बर्दिया, दाङ, सुर्खेत र दैलेखका महिल नेतृहरूको सहभागिता रहेको थियो। पार्टीको उच्च तहमा रहेका तथा चुनावहरूमा नाम सिफारिसमा पर्ने नेतृहरू सहभागी थिए। त्यसपछि जागरण नेपालले पाँच जिल्लाका महिला नेतृहरूलाई ३ दिनसम्म नेतृत्व विकासदेखि सहभागिताका सवालमा अभिमुखीकरण गरेको कोषाध्यक्ष लीला शर्माले जानकारी दिनुभयो।

## जंगली हात्तीको आक्रमणबाट एकको मृत्यु

भद्रपुर, (नेस)

जंगली हात्तीको आक्रमणबाट मंगलबार एक जनाको ज्यान गएको छ। झापा भद्रपुर नगरपालिका-९ का ३५ वर्षीय जेके भन्ने दुर्गाबहादुर कटुवालको ज्यान गएको जिल्ला वन कार्यालय झापाले जनाएको छ।

मंगलबार साँझ हात्ती आएको जानकारी पाएपछि खेदाउन गएका गाउँलेको एक समूहलाई हात्तीले नै खेदाएपछि भाग्नेक्रममा सुँढले हिर्काएर गम्भीर घाइते भएका घाइते कटुवाललाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको जिल्ला वन अधिकृत बोधराज सुवेदीले बताए।

जंगलबाट निस्केको चार वटा हात्ती भद्रपुर-९ स्थित गोपाल घिमिरेको घरमा धान खान आएको थियो। गाउँमा हात्ती आएपछि स्थानीयले हात्ती लखट्न थाले। हात्ती लखट्ने क्रममा कुटवाललाई हात्तीले जंगलछेउमा आक्रमण गरेको स्थानीयले बताए। विगत एक महिनादेखि सो क्षेत्रमा चार वटा जंगली हात्तीले उपद्रो मचाउन थालेको छ। केही दिनअघि भद्रपुर १० का विकेन्द्र राजवंशीको घर र धिरण राजवंशीको पसल हात्तीले भत्काइदिएको थियो भने भद्रपुर-९ का अनिल राजवंशीको पक्की घर भत्काएको स्थानीय बताउँछन् ।

सो क्षेत्रमा चार वटाको संख्यामा पसेका हात्ती चन्द्रगढी वन क्षेत्रतर्फ लागेको स्थानीयले बताएका छन्। हात्तीको निगरानीका लागि जिल्ला प्रहरी र वनका सुरक्षा टोली परिचालन भइरहेको अधिकृत सुवेदीले जानकारी दिए। गाउँमा हात्तीको समूह पसेपछि स्थानीय त्रसित बनेका छन्।

## 'वाम गठबन्धन अहिलेको आवश्यकता'

बैतडी, (नेस)

नेकपा एमालेका उपाध्यक्ष भीम रावलले वाम गठबन्धन अहिले आवश्यकता रहेको बताउनुभएको छ। बैतडीको खोडपेमा वाम गठबन्धनले आयोजना गरेको चुनावी आमसभालाई बुधबार सम्बोधन गर्दै उहाँले नेपाली जनतालाई अस्थिर राजनीतिबाट मुक्त गराउनका लागि वाम गठबन्धन आवश्यकता रहेको बताउनुभयो। 'वाम गठबन्धलने देश विकास र जनाताका पूर्ण अधिकार कार्यान्वयन गर्छ', उहाँले भन्नुभयो- 'स्वतन्त्रता, अखण्डता र नेपाली जनताको आवश्यकता पूरा गर्न वाम गठबन्धन गरेका हौं।'

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका नेता रावलले स्थानीय तह निर्वाचनमा वाम गठबन्धनको बहुमत प्राप्त भइसकेको भन्दै अगामी निर्वाचनमा पनि वाम गठबन्धन बहुमतले विजयी हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो- 'आगामी निर्वाचनमा बहुमत ल्याउँछौं अनि आर्थिक सम्वृद्धितिर अग्रसर हुनेछौं।' यसका साथै उहाँले अगामी निर्वाचनबाट वाम गठबन्धनले दुई तिहाइ मत ल्याएर बहुमतको सरकार बनाउनेसमेत उहाँको दाबी रहेको छ । सगरमाथा भएको देश र गौतम बुद्ध जन्मेको देश नेपाल स्वतन्त्र रहनुपर्ने भन्दै उहाँले नेपाली स्वाभिमान झुक्न नदिने अठोट व्यक्त गर्नुभएको छ। बैतडीमा वाम गठबन्धनको चुनावी आमसभालाई सम्बोधनपश्चात् नेता रावल गृहजिल्ला अछाम प्रस्थान गर्नुभएको छ।

## कांग्रेस भ्रातृ संगठनबाट पनि थापा अस्वीकृत

हेटौंडा, (नेस)

लोकतान्त्रिक गठबन्धनका नाममा कांग्रेसको सहयोगमा मकवानपुर-१ बाट उम्मेदवार बन्ने भनिएका राप्रपा केन्द्रीय अध्यक्ष कमल थापालाई मकवानपुर कांग्रेसका भ्रातृ संगठनहरूले पनि अस्वीकार गरेका छन्।

पार्टी जिल्ला कार्यसमितिले थापालाई प्रतिनिधिसभाको आगामी निर्वाचनमा सहयोग गर्न नसकिने घोषणा गरेको कांग्रेसका भ्रातृ संगठनहरूले मंगलबार संयुक्त विज्ञप्ति जारी गर्दै कांग्रेस जिल्ला कमिटीको निर्णयको समर्थन गरेका हुन्।

नेपाल विद्यार्थी संघ अध्यक्ष राजु खतिवडा शिव, नेपाल तरुण दल अध्यक्ष ईश्वर पाठक, नेपाल तामाङ संघ मकवानपुर अध्यक्ष चम्फुरत्न लामा, नेपाल स्वास्थ्यकर्मी संघ, मकवानपुर अध्यक्ष रामआदर पाण्डे, नेपाल लोकतान्त्रिक व्यापार संघ, मकवानपुर अध्यक्ष काव्यमणि अधिकारी, नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संघ अध्यक्ष कपिल बानियाँ र प्रजातन्त्र सेनानी संघ, मकवानपुर अध्यक्ष दामोदर सुवेदीले संयुक्त विज्ञप्ति प्रकाशन गरेका हुन्।

मंसिर २१ गते हुने प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्ने क्रममा गठबन्धनका नाममा नेपालको राजनीतिक परिवर्तनमा कुनै हिस्सा प्राप्त नगरेको राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय अध्यक्ष थापालाई कांग्रेस गठबन्धनका नाममा साझा उम्मेदवार बनाउने पार्टी नेतृत्वको निर्णयप्रति उनीहरूले असन्तुष्टि जनाएका छन्।

## डोजरबाट विकाससँगै विनाश शुरू

नेपाल समाचारपत्र

काभ्रे

गाउँ-गाउँमा विकासको लहरसँगै सडक, बत्ती, शिक्षा, स्वास्थ्यको सुलभता बढेकोमा स्थानीय खुसी हुनु स्वाभाविक हो। तर, पछिल्लो समय प्राकृतिक प्रकोप हुने गरी बिनाइन्जिनियर सडक निर्माणमा प्रयोग भएका मेसिनहरूले दुर्घटना निम्त्याउन सक्ने चिन्ता व्यक्त गर्न थालिएको छ। बस्ती नभएका स्थानहरूमा पनि सडकको सञ्जाल जोडिएको छ।

जनप्रतिनिधि नहुँदा गाउँ-गाउँ मनलाग्दी सडक खन्ने गरिएको भए पनि जनप्रतिनिधि निर्वाचित भएसँगै त्यसले तीव्रता पाएको भन्दै सर्वसाधारणले आलोचना गरेका हुन्। प्रत्येक वडा र टोल-टोलमा डोजर खरिद गरी गाउँ तथा नगरपालिकाको सबै बजेट सडक निर्माणमा खर्च गर्ने गरिएको छ। उक्त रकमले सडक खन्दा प्राकृतिक सुन्दरता नष्ट भएको छ। अझै प्रकोपजन्य घटना हुनसक्नेतर्फ सरोकारवालाहरूले ध्यान नदिएकोमा गुनासो बढेको छ। वातावरणविद्हरूले जलवायु परिवर्तनका कारण भइरहेको मौसमी परिवर्तनमा जथाभावी सडक निर्माण प्रमुख पाटो भएको बताएका छन्। जनप्रतिनिधिहरूले काम देखाउने नाममा विभिन्न क्षेत्रमा सडक फराकिलो बनाउँदा स्थानीय कृषक तथा सर्वसाधारण चेपुवामा पर्ने गरेको बताएका छन्।

'सडक कब्जा गरी घर-टहरा बनाउने, पसल राख्ने र कब्जा गर्नेहरूलाई कारबाही नगरी गाउँ-गाउँमा बाटो फराकिलो बनाउने नाममा भएको अत्याचारले दु:खी बनाएको छ', एक सर्वसाधारणले भने- 'सडक फराकिलो बनाउँदा सर्वसाधारणको सम्पत्तिको रक्षा गर्ने दायित्व स्थानीय सरकारको होइन र ?' माफियाका कारण प्रत्येक स्थानीय तहहरूमा स्काभेटर खरिद गर्ने, आफूखुसी उपभोक्ता समूह बनाउने र त्यो समूहलाई प्रभावित बनाएर आफू सडक खन्न मरिहत्ते गर्ने परिपाटीको विकास हुन थालेको छ। जनप्रतिनिधिहरूले शहरी क्षेत्रको अतिक्रमण हटाउँदै ग्रामीण भेगमा पनि सडकलाई पक्की र सर्वसाधारण अनुकूल वातावरणमैत्री बनाउनुपर्नेमा नगरबासी र गाउँपालिकाका सर्वसाधारणले अनुरोध गरेका छन्।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**

का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।

सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १000 ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

NEPAL SAMACHARPATRA

**काठमाडौं**

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३१५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१९८० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**

सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, कार्तिक
बिहीबार
१६

२ लाख ९० हजार २ सय ५४ जनसंख्या रहे को इलाममा खाद्यान्नको दरलाई उत्पादित खाद्यान्नमध्ये बीउ प्रशोधन र पशु आहारामा कटाउँदा इलाम जिल्ला खाद्यान्नमा आत्मनिर्भर रहने कृषिको तथ्यांकले देखाएको हो।

# नेपाल

भूकम्पपीडित भन्छन्–

# घर बनाइदिनेलाई भोट

**नेपाल समाचारपत्र**

लमजुङ

लमजुङका भूकम्पपीडितले आफ्नो घर बनाइदिनेलाई भोट दिने बताएका छन्। भूकम्प गएको ३० महिना बितिसक्दासम्म पनि पुनर्निर्माणका लागि सरकारको बाटो हेरेर बसेका भूकम्पपीडित अहिलेसम्म स्थायी छाप्रोमा सर्न नसकेपछि त्यस्तो बताएका हुन्।

जिल्लाको पूर्वी क्षेत्र जो २०७२ सालको वैशाखमा गएको भूकम्पको केन्द्रबिन्दु रहेको गोरखा जिल्लासँग सीमा जोडिएका साविकका ६ गाविसका बासिन्दाको भनाइ हो यो। तत्कालीन ६ गाविस दूधपोखरी, विचौर, इलमपोखरी, कोल्की, गौंडा र पाचोक सबैभन्दा बढी प्रभावित भएको सरकारी सूचीमा समेत अंकित छ।

विचौर निवासी ७७ वर्षीया भद्रीमाया न्यौपानेले जसले स्थायी छाप्रोमा बस्ने वातावरण बनाउँछ त्यसैलाई भोट दिने बताउनुभयो। राजनीतिक दलहरूले आफ्नो घोषणापत्र सार्वजनिक गरी नेताहरू गाउँ-गाउँमा भोट माग्न थालिसकेका छन्। तर, स्थानीयबासीलाई भने राजनीतिक दलका घोषणापत्रको मतलब छैन, चिन्ता छ केवल आफ्नै बासको। सबै भूकम्पपीडितको एउटै चाहना छ, जसरी पनि यो जाडोयाम स्थायी छाप्रोमा बिताउने।

अर्का भूकम्पपीडित धनबहादुर गुरुङले भन्नुभयो- 'अब हाम्रो घर बनाउने काममा जसले सघाउँछ त्यसैलाई भोट दिन्छौं', उहाँले भन्नुभयो- 'जनतालाई दुःख पर्दा सहयोग नगर्नेलाई अब भोट दिँदैनौं।' दुई वर्षको चिसो र वर्षायाम कष्ट सहेर दिन-रात बिताउँदासमेत घर बनाउनका लागि दिने भनेको सहयोग रकम नपाउँदा सरकार र दलप्रतिको आश मरेको इलमपोखरी सानोकाभ्रेकी भूकम्पपीडित कुमारी गुरुङले बताउनुभयो। उहाँले थप्नुभयो- 'हाम्रो बासको व्यावस्था जसले गर्छ उसैलाई भोट दिने हो।'

कोल्कीकी ७१ वर्षकी सानुमाया परियारलाई चुनावप्रति कुनै उत्साह छैन। उहाँ भन्नुहुन्छ- 'भूकम्पले बस्ने झुपाडी पनि लग्यो घर बनाउने पैसा छैन। जुनै नेतालाई जिताए पनि हामीलाई के भयो र! नेतालाई भोट र कुर्सी पाए भयो। भोट हालेर हामीले के पायौं र ?'

लमजुङमा १३ हजार ९ सय ५९ घरधुरी लाभग्राही सूचीमा सूचीकृत भएका छन्। जिल्लामा साँढे १२ हजार निजी घर निर्माणको सम्झौता भएको समन्वय समितिका कार्यक्रम अधिकृत शिव रेग्मीले बताउनुभयो। उहाँका अनुसार तीमध्ये ८ हजार ७ सय २ घरधुरीले ५० हजार रुपियाँका दरले पहिलो किस्ता बुझिसकेका छन्। तीमध्ये ७५ घरधुरीले दोस्रो किस्ता प्राप्त गरेका छन्। तर, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले प्राविधिक नखटाउँदा पहिलो किस्ता बुझेर बनाउँदै गरेका घर मापदण्डको चेकजाँच नगरेकाले समस्या भएको रेग्मीले बताउनुभयो।

प्राविधिकहरू गाउँमा नजाँदा किस्ता पाएका भूकम्पपीडितले पनि घर बनाउन सकेका छैनन्। प्रविधिकका कारण अहिलेसम्म 'जिल्लाभर करिब १ हजार घर निर्माण सकिए पनि १२ हजार ९ सय ५९ घरधुरीले अझै घर बनाउन सकेका छैनन्। 'हाम्रै तरिकाले घर बनाउँदा बिग्रने हो कि ?' -पूर्वी लमजुङको भारतेका भूकम्पपीडित अनिल अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो- 'प्राविधिक गाउँमा नआउँदा समस्या छ।'

## माइक्रोबस दुर्घटनामा १५ जना घाइते

इलाम, (नेस)

काठमाडौंबाट इलाम आउँदै गरेको हाइस माइक्रोबस मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-१० स्थित गोदकमा मंगलबार राति करिब १० बजे दुर्घटना भएको छ। दुर्घटनामा परी चालकसहित १५ जना यात्रु घाइते भएका छन्।

घाइतेहरूको उपचार झापा विर्तामोडको बी एन्ड सी अस्पतालमा भइरहेको र अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ। नेपाल बैंक लिमिटेड इलाम शाखा इलामको बुधबार सदरमुकाममा हुने बैंकसम्बन्धीकै कार्यक्रममा सहभागी हुन आएका नेपाल राष्ट्र बैंकका कर्मचारीहरू चढेको माइक्रो दुर्घटनामा परेको हो। प्रहरीका अनुसार बा४ख ६३५७ नम्बरको माइक्रो अनियन्त्रित भई सडकबाट करिब ५० मिटर तल खसेको थियो।

प्रहरीका अनुसार घाइते हुनेहरूमा काठमाडौंका किशोर खनाल, तनहुँका नवराज लम्साल, काभ्रेका विष्णुमान जैला, हेटौंडाका विनोदकुमार पुढासैनी, स्याङ्जाका कमल पराजुली, काठमाडौंका कुमार कार्की, मेहरमान गुरुङ, सिन्धुपाल्चोकका फलकप्रसाद पराजुली, काभ्रेका विनोद गिरी, प्रभास सिंह, ललितपुरका रिदिकुमार जोशी, वासुदेव भण्डारी र ऋषिराम जोशी रहेका छन्।

माइक्रो चालक इलाम नगपालिका-८ का जितबहादुर राई पनि सामान्य घाइते भएका छन्। प्रहरीको निगरानीमा उनको पनि झापाको बी एन्ड सीमै उपचार भइरहेको छ। प्रहरीका अनुसार माइक्रो दुर्घटना के कारणले भयो भन्ने बारेमा अनुसन्धान चलिरहेको छ।

## दुई मिनेट

### महिलाको रहस्यमय मृत्यु

बाजुरा, (नेस)

बाजुराको बूढीनन्दा नगरपालिका-८ प्रिरेकोटमा एक महिलाको रहस्यमय मृत्यु भएको छ। मृत्यु हुनेमा बूढीनन्दा नगरपालिका-८ निवासी रजनपुरा शाही रहेको बताइएको छ। माइती पक्षले रजनपुरालाई मारेको आरोप लगाएका छन् भने घरपक्षले उनले पासो लगाएर आत्महत्या गरेको बताएका छन्।

रजनपुराका श्रीमान् धौलाबहादुर शाहीले श्रीमतीले आत्महत्या गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा पुगेको प्रहरी निरीक्षक जगदीशप्रसाद भट्टले बताउनुभएको छ।

### भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदै

बैतडी, (नेस)

बैतडीमा यही कात्तिक १६ र १७ गते ५ वर्षमुनिका २३ हजार बढी बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइने भएको छ। जिल्ला स्वास्थ्य कार्यालय बैतडीका पब्लिक हेल्थ नर्स ममता जोशीका अनुसार बैतडी जिल्लाभरि रहेको ६ महिनादेखि ५९ महिनासम्मका २३ हजार ९ सय ७७ बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइन लागिएको हो।

### 'पचास वर्ष वामपन्थीले चलाउँछ'

ताप्लेजुङ, (नेस)

नेकपा एमालेका सचिव योगेश भट्टराईले अबको ५० वर्ष वामपन्थी शक्तिले नेपालको सत्ता चलाउने दाबी गर्नुभएको छ। बुधबार बिहान ताप्लेजुङमा सञ्चारकर्मीसँग कुरा गर्दै भट्टराईले देशभर चलिरहेको वाम गठबन्धनको चुनावी लहर र एकताको कारण प्रदेशसभा र प्रतिनिधिसभा मात्रै नभई ५० वर्षसम्मका सबै चुनाव वामपन्थीले नै जितेर सत्ता चलाउने बताउनुभएको हो।

### बीउ खरिदमा ५० प्रतिशत छुट

ताप्लेजुङ, (नेस)

जिल्ला कृषि विकास कार्यालय ताप्लेजुङले चार वटा बालिको बीउ खरिदमा ५० प्रतिशत अनुदान दिने भएको छ। आर्थिक वर्ष ०७४/०७५ को स्वीकृत विशेष कृषि उत्पादन कार्यक्रमअन्तर्गत प्रथम चौमासिकमा कृषक, कृषक समूह र कृषि सहकारीहरूलाई ५० प्रतिशत अनुदानमा गहुँ, तोरी, केराउ र रायोको बीउ प्रदान गर्ने कार्यालयले बताएको छ।

### क्रियाशील पत्रकार चौतारीमा

काभ्रे, (नेस)

नेपाल पत्रकार महासंघ काभ्रे शाखा पूर्वअध्यक्ष, वर्तमान सभासद्, प्रेस युनियनको केन्द्रीय महिला विभाग सदस्य तथा कान्तिपुर टेलिभिजनमा लामो समयदेखि कार्यरत पत्रकार रमा दाहाल र प्रेस युनियन सदस्य टेलिभिजन पत्रकार खगेन्द्र भण्डारी प्रेस चौतारीमा प्रवेश गरेका छन्। नेकपा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले दाहाल र भण्डारीलाई खादा लगाएर प्रेस चौतारीमा आबद्ध गराएका थिए।

### पोखरीमा शव फेला

इलाम, (नेस)

माइजोगमाई गाउँपालिकास्थित नयाँबजार र नाम्सालिङको बीचमा पर्ने उत्तरे पोखरीमा एक महिलाको शव बुधबार बिहान फेला परेको छ। पोखरीमा तैरिरहेको अवस्थामा सोही गाउँपालिका-३ नामसालिङकी अन्दाजी ४५ वर्षीया गीताकुमारी श्रेष्ठको शव फेला परेको हो। बिहान मर्निङवाकमा निस्किएका युवाहरूले उक्त शव देखेर प्रहरीलाई खबर गरेका थिए। घटनाको बारेमा प्रहरीले अनुसन्धान थालिसकेको इलाका प्रहरी कार्यालय नयाँबजारले जनाएको छ।

### फरार अभियुक्त पक्राउ

बाँके, (नेस)

लेनदेन मुद्दामा फरार रहेका मोतीराम धमलालाई बाँके प्रहरीको फैसला कार्यान्वयन टोलीले पक्राउ गरेको छ। २०७४ भदौ २३ गते अदालतले धमलालाई लेनदेन मुद्दामा १ वर्षको कैद सुनाएको थियो। फरार रहेका धमलालाई फैसला कार्यान्वयन टोलीले नेपालगन्जको बसपार्कबाट नियन्त्रणमा लिएर अदालतमा बुझाएको छ।

## विकाससँग कांग्रेसको प्रतिस्पर्धा

बाजुरा, (नेस)

नेपाली कांग्रेस बाजुराका सभापति एवं प्रतिनिधिसभा सदस्यका उम्मेदवार कविराज पण्डितले नेपाली कांग्रेसले बाजुराको विकाससँग मात्र प्रतिस्पर्धा गर्ने बताउनुभएको छ। बाजुराको अशिक्षा, भोकमरी, गरिबीसँग नेपाली कांग्रेसको प्रतिस्पर्धा गर्दै समाधान गर्न भएकाले नेपाली कांग्रेसको रुख चिह्नमा मतदान गरी नेपाली कांग्रेसका उम्मेदवारलाई जिताउन आग्रह गर्नुभएको छ।

कार्यक्रममा बोल्दै पूर्वभूमि सुधार सहायकमन्त्री तथा प्रदेश निर्वाचन क्षेत्र नं. १ 'क' का उम्मेदवार जनकराज गिरीले बाजुरामा जति पनि विकास भएको छ त्यो सबै नेपाली कांग्रेस बाजुराकै नेताहरूको पहलमा भएको बताउनुभएको छ। यहाँको शिक्षा, स्वास्थ्य, यातायात, बिजुलीलगायतका यावत् कामहरू कांग्रेसले गरेकाले वाम गठबन्धले जनतालाई झुटा भ्रममा पारेर गरेको प्रचारको पछाडि नलाग्न कार्यकर्तालाई अनुरोध गर्नुभएको छ।

मतदातासँगको भेटघाट तथा घरदैलो कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका पूर्वसांसद देवराज जोशीले नेपाली कांग्रेसका सबै उम्मेदवार बाजुराली जनताको वकालत, विकास गर्नका लागि सक्षम र योग्य भएकाले नेपाली कांग्रेसमा मतदान गर्न मतदातालाई आग्रह गर्नुभएको छ।

# इलाम जिल्ला खाद्यान्नमा आत्मनिर्भर

## प्रतिव्यक्ति प्रतिवर्ष २ सय ११ केजी खाद्यान्न आवश्यक

**गणेश घिमिरे, इलाम**

२०६८ सालको जनगणनाअनुसार इलाम जिल्लामा प्रतिव्यक्ति प्रतिवर्ष २ सय ११ केजी खाद्यान्न आवश्यक पर्ने गरेको जिल्ला कृषि विकास कार्यालयको तथ्यांक देखाएको छ। २ लाख ९० हजार २ सय ५४ जनसंख्या रहेको इलाममा खाद्यान्नको दरलाई उत्पादित खाद्यान्नमध्ये बीउ प्रशोधन र पशु आहारामा कटाउँदा इलाम जिल्ला खाद्यान्नमा आत्मनिर्भर रहने कृषिको तथ्यांकले देखाएको हो।

जिल्लामा हरेक वर्ष धान, मकै, गहुँ, जौ, कोदोलगायतका खाद्यान्न वार्षिकरूपमा सरदर ७८ हजार ८ सय १३ मेट्रिक टन उत्पादन हुने गरेको छ। त्यसमध्ये प्रतिव्यक्ति प्रतिवर्ष २ सय ११ केजी खाद्यान्न आवश्यकता पर्ने र वार्षिक ५८ हजार ३ सय ४१ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने कार्यालयले जनाएको छ। बाँकी २० हजार २ सय ५४ मेट्रिक टन खाद्यान्न भने वार्षिक सञ्चित हुने हुँदा इलाम जिल्ला खाद्यान्नमा आत्मनिर्भर रहेको कार्यालयका योजना अधिकृत प्रकाशमणि काफ्लेले बताए।

कृषि कार्यालयले इलाम जिल्ला खाद्यान्नमा आत्मनिर्भर रहेको र वार्षिक २० हजार बढी खाद्यान्न सिञ्चित हुने दाबी गरे पनि इलाममा जिल्लाबाहिरबाट खाद्यान्न आयात भने अत्यधिक हुने गरेको छ। तर, जिल्लामा कति खाद्यान्न आयात हुन्छ भन्ने तथ्यांक भने कृषिसहित अरू कुनै कार्यालयसँग भने छैन। जिल्लाको साविकका चुलाचुली, दानाबारीलगायतका गाविसबाट धान जिल्लाबाहिर निर्यात हुने गरेको छ। तर, वार्षिक कति धान ती गाविसबाट जिल्लाबाहिर निकासी हुन्छ भन्ने त्यसको तथ्यांक पनि कार्यालयसँग छैन। 'जिल्लामा खाद्यान्न आयात र निर्यात कति हुन्छ भन्ने तथ्यांक अहिलेसम्म राखेको छैन', योजना अधिकृत काफ्लेले भने- 'अब भने कार्यालयले खाद्यान्न आयात र निर्यात दुवैको तथ्यांक राख्न लागिपरेको छ।'

कार्यालयका अनुसार अघिल्लो वर्षभन्दा गतवर्ष जिल्लामा १५ प्रतिशतले धान उत्पादनमा वृद्धि भएको र यो वर्ष पनि गतवर्षकै हाराहारीमा उत्पादन हुने अनुमान छ। अनुकूल मौसमका कारण गतवर्षभन्दा अझ केही वृद्धि हुन्छ कि भन्ने अनुमान गरिएको काफ्लेको बताउनुभयो। अघिल्लो वर्ष भने जिल्लामा विगत वर्षमा भन्दा ८ प्रतिशतले धान उत्पादनमा गिरावट आएको थियो। खाद्यान्नको मुख्य बाली मानिने धान इलाममा चैते र बर्खे गरी दुई सिजनमा खेती गरिन्छ। जिल्लामा गतवर्ष १४ हजार ८ सय १५ हेक्टरमा गरिएको धानखेतीबाट ४२ हजार ६९ मेट्रिक टन उत्पादन भएको थियो। जिल्लाका दानाबारी, महमाई, चुलाचुली, सोयाकलगायतका गाउँमा धानको सबैभन्दा बढी खेती हुने गरेको छ। यहाँ भँगेरे, बेल्गुठी, अट्टेलगायत जातको धानखेती हुने गर्दछ। तर, पछिल्लो समय यहाँका कृषकले धानखेतीलाई घटाउँदै अन्य बालीतर्फ उन्मुख बन्दा वर्षैनि इलाममा धानखेती भने घट्दो क्रममा रहेको छ।

## झापामा क्यान्सरविरुद्ध कार्यक्रम भएन

भद्रपुर, (नेस)

अक्टोबर महिनाभर विभिन्न सचेतनामूलक कार्यक्रमका साथ विश्व स्तन क्यान्सरविरुद्ध कार्यक्रम भए पनि झापामा कुनै कार्यक्रम नगरिएको जनस्वास्थ्य कार्यालय झापाले जनाएको छ। क्यान्सरका रोगी बढे पनि यसपटक डेंगु रोग फैलिएका कारण अन्य कार्यक्रम गर्न नपाएको कार्यालयले जनाएको हो।

क्यान्सर रोगमध्ये पाठेघरका क्यान्सरका रोगी, स्तन क्यान्सरका रोगी धेरै रहेको जिल्ला जनस्वास्थ्य कार्यालय झापाका प्रमुख मधुसूदन कोइरालाले जानकारी दिँदै कार्यक्रम गर्न नसकिएको स्वीकार गरेका छन्। सामान्यतया महिलाले अफ्नो शरीरमा भइरहेको परिवर्तनबारे ख्याल नगरेका कारण पनि यो रोग बढी रहेको जनस्वास्थ्य प्रमुख कोइरालाले बताए। खास गरी महिलाको स्तनमा आउने स-साना गिर्खा, गाँठागुठी कहिलेकाहीं स्तन क्यान्सरको लक्षण पनि हुन सक्छ भन्ने भएकाले बेलैमा सतर्कता अपनाउन कोइरालाले आग्रह गरे।

वंशाणुगत कारण, ३० वर्ष उमेर कटेपछि बच्चा जन्माउने आमा, स्तनपान नगराउने आमा, पहिलेदेखि नै स्तनमा गाँठागुठी भएका महिला, महिनावारी चाँडै शुरु भई ढिला बन्द हुने महिला, मोटोपन भएका महिला, धेरै चिल्लो बोसोयुक्त खाना खाने र सुर्तीजन्य पदार्थ सेवन गर्ने महिला स्तन क्यान्सरको उच्च जोखिममा रहने चिकित्सकहरूको भनाइ छ। पछिल्लो समय महिलाले आफ्ना बच्चालाई स्तनपान गराउन छाडेकाले पनि स्तन क्यान्सरका बिरामी बढ्न थालेको बताइएको छ।

## समानुपातिक सूचीमा पर्वतका उम्मेदवारहरू

पर्वत, (नेस)

प्रत्यक्षतर्फका उमेदवार चयन गर्ने अन्तिम कसरतमा रहेका तीन ठूला राजनैतिक दलबाट पर्वत जिल्लामा समानुपातिकतर्फ ८ जना उम्मेदवार बनेका छन्।

नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबाट प्रतिनिधिसभमा २ जना र प्रदेशसभामा ६ जना उम्मेदवार समानुपातिकतर्फको अन्तिम बन्दसूचीमा परेका हुन्।

नेकपा एमालेबाट प्रतिनिधिसभामा कुनै उम्मेदवार समानुपातिकतर्फ परेका छैनन् भने प्रदेश नं. ४ मा ३ जना उम्मेदवार बनेका छन्। एमालेबाट प्रदेशसभामा जनजातितर्फबाट १ नम्बरमा केन्द्रीय सदस्य विजय गुरुङ परेका छन् । गुरुङ मोदी गाउँपालिकाको राम्जा राँपुका स्थायी बासिन्दा हुन्। यसै गरी अल्पसंख्यक अपांगसमेत समावेश हुने प्रावधानअनुसार खसआर्यको सूचीमा भोलानाथ शर्मा समानुपातिक सूचीमा परेका छन् । कुस्माबजारका स्थायी बासिन्दा शर्मा पत्रकार, कानुन व्यवसायी र सामाजिक कार्यकर्ता हुन्। यस्तै दलित महिलातर्फ एमालेबाट पूर्वजिल्ला कमिटी सदस्य जुना नेपाली प्रदेशसभाको समानुपातिक सूचीमा परेकी छन्।

यसै गरी नेपाली कांग्रेसबाट प्रतिनिधिसभामा दुई जना र प्रदेशसभामा एक जना उमेदवार बनेका छन्। प्रतिनिधिसभामा जिल्ला सभापाति खिमप्रसाद भुसाल र पूर्वसभापति लालकाजी गुरुङ समानुपातिकको सूचीमा परेका छन् भने महिला नेतृ ललितकला गुरुङ प्रदेशसभाको समानुपातिक सूचीमा परेकी छन्। भुसाल बिहादी गाउँपालिकाको वहाकीका स्थायी बासिन्दा हुन् भने गुरुङ कुस्मा नगरपालिकाको दुर्लुङ निवासी हुन्। महिला नेतृ गुरुङ मोदी गाउँपालिकाको देउपुर निवासी हुन्।

यसै गरी नेकपा माओवादी केन्द्रको तर्फबाट प्रदेशसभामा महिला नेतृ मनरूपा शर्मा र अपांगतर्फबाट पूर्वजिविस सदस्य रुक्मांगद न्यौपाने उम्मेदवार बनेका छन्। शर्मा कुस्मा नगरपालिकाको पीपलटारी र न्यौपाने पैंयुँ गाउँपालिकाको टकलाक निवासी हुन्।

# राष्ट्रिय प्रसारण लाइनमा जोडिँदै कालिकोट

**कालिबहादुर मल्ल, कालिकोट**



विद्युत्को राष्ट्रिय प्रसारण लाइन नपुगेको विकट कालिकोटमा विद्युत् केन्द्रीय प्रसारण लाइन पुग्ने भएको छ। तत्कालीन ऊर्जामन्त्री हाल बिनाविभागियमन्त्री महेन्द्रबहादुर शाहीको पहलमा कर्णाली क्षेत्रमा उत्पादन हुने विद्युत्लाई राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि कैलालीको लम्कीदेखि कालिकोटको रेगिलघाटमा ४ सय केभी प्रसारण लाइनको डीपीआर निर्माण हुन लागेको हो।

कर्णाली करिडोरअन्तर्गत ४ सय केभी प्रसारण लाइनको डीपीआर निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले कालिकोटको खाँडाचक्र नगरपालिका-११ को रेगिलघाटमा जग्गा अधिग्रहणको प्रक्रिया शुरु गरेको छ। नेपाल सरकारको स्वामित्व भएको राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडद्वारा निर्माणका लागि प्रस्तावित ४००।१३२ केबी सब स्टेसन निर्माणका लागि १ सय २० जनाको ३ हजार ९ सय ९० वर्गमिटर जग्गा अधिग्रहण गरी मुआब्जा वितरणका लागि सूचना प्रकाशित गरिएको छ। ५ वर्षभित्र निर्माणकार्य पूरा गरी सक्ने लक्ष्यसहित अगाडि बढाइएको कर्णाली करिडोर विद्युत् प्रसारण लाइनको सव स्टेसन तयार गर्न लागेको हो।

विद्युत् नपुगेको कर्णालीमा विद्युत्को राष्ट्रिय प्रसारण लाइन जोड्ने तयारीका साथ यो काम अगाडि बढाइएको बिनाविभागीयमन्त्री शाहीले बताए। उनले भने- 'कर्णाली बेसिनमा उत्पादन हुने विद्युत् यसै ग्रिडमार्फत् राष्ट्रिय प्रसारण लाइनमा जोड्ने तयारी भइरहेको छ।'

कर्णाली बेसिनमा उत्पादन हुने तिला-१ र २, फुकोट कर्णालीलगायतका जलविद्युत आयोजनाहरू यसै ४ सय केभी प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोड्ने तयारी भइरहेको मन्त्री शाहीको भनाइ रहेको छ। 'तिला-१ र २, फुकोट कर्णाली जलविद्युत् आयोजनाहरू बन्दै छन्', उनले भने- 'ती आयोजनाहरूबाट उत्पादन हुने विद्युत्लाई यसै प्रसारण लाइनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोड्न तयारी भइरहेको छ।'

तत्कालका लागि कर्णालीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् जोड्नका लागि दैलेखबाट ३३ केभी प्रसारण लाइनलाई जोडेर कालिकोटको खाँडाचक्र नगरपालिका एउटा ग्रिड राखिने र रास्कोट नगरपालिकाका अर्को ग्रिड राख्ने तयारी पूरा भएको मन्त्री शाहीले बताए। 'तत्काल जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पर्ने विद्युत्का लागि दैलेखबाट ३३ केभी विद्युत् प्रसारण लाइन जोडिनेछ', उनले भने- 'त्यसैमार्फत कालिकोटमा विद्युतीकरण गर्ने तयारी गरिएको छ।'

**नाम परिवर्तन गरिएको सम्बन्धी सूचना**

कन्सटिच्युन अफ एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपालको मिति २०७४।०५।१९ गते बसेको संचालकहरुको विशेष साधारण सभाले यस कम्पनीको नाम परिवर्तन गरी एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपाल (Acess independent Living Assocation Nepal) राख्ने निर्णय गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट समेत मिति २०७४।०६।०६ मा स्वीकृति पाई सकेको कुरा सरोकारवाला तथा सम्बन्धित सबै पक्षलाई यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

**एक्सेस इन्डिपेन्डेन्ट लिभिङ एसोसियसन नेपाल**
**कुपण्डोल ०१ ललितपुर , नेपाल ।**

# विश्व

2017, NOV Thursday 2

### आक्रमण

लडाकू नियन्त्रित उत्तरी यमनमा साउदी नेतृत्वमा भएको हवाई हमलापछिको दृश्य। यस घटनामा कम्तीमा २६ व्यक्ति मारिएका छन्।



### विस्फोट

उत्तरी भारतीय राज्य उत्तर प्रदेशको रायवरेलीस्थित ऊर्जा केन्द्रमा भएको विस्फोटमा कम्तीमा १० जनाको ज्यान गएको छ।



## विश्व २ मिनेट

### अस्ट्रेलिया

#### प्यारीद्वारा राजीनामा घोषणा

सिड्नी, (एजेन्सी)

आफूसँग संयुक्त अधिराज्यको समेत गरी दोहोरो नागरिकता रहेको स्वीकार गर्दै अस्ट्रेलियाली सिनेट अध्यक्ष स्टेफन प्यारीले बुधबार पदबाट राजीनामा दिने बताएका छन्। एक विज्ञप्तिमार्फत उनले अस्ट्रेलियाको उच्च अदालतले निर्वाचन र दोहोरो नागरिकताविरुद्ध स्पष्ट आदेश दिइसकेको हुनाले आफूले यो निर्णय गरेको बताएका छन्। शुक्रबार अस्ट्रेलियाली उपप्रधानमन्त्री बार्नावी जायसलगायत ५ जना राजनीतिज्ञको निर्वाचन प्रक्रिया अमान्य भएको अदालतले जनाएको थियो। प्यारीले पहिलो पटक मंगलबार उनको नागरिकतबारे प्रसंग उठाएका थिए। अब उनको स्थानमा अर्को व्यक्ति निर्वाचित गरिनेछ।

### जापान

#### ड्रोनले सामान ओसार्दै

टोक्यो, (एजेन्सी)

जापानको क्षतिग्रस्त फुकुसिमा आणविक भट्टीको कारण नराम्ररी प्रभावित जापानको एउटा शहरका बासिन्दालाई आवश्यक खाद्यान्न आपूर्तिको काम मानवरहित साना विमान ड्रोनहरुले गरिरहेको स्थानीय प्रशासनले बुधबार जनाएको छ। मिनामिसोमा क्षेत्रमा पसलहरुको पहुँच नपुगेको बताइएको छ। सन् २०११ मा भयावह भूकम्पपछि आएको सुनामीको कारण सो भट्टी क्षतिग्रस्त हुन पुग्दा विकिरणसमेत चुहावट भएको थियो। गत वर्ष सो क्षेत्रका बासिन्दालाई फर्कने अनुमति दिइएको थियो। तर तिनीहरुका लागि दैनिक उपभोग वस्तुको आपूर्ति निकै कठिन रहको छ।

### भारत

#### ऊर्जा प्लान्टमा विस्फोट

रायबरेली, (एजेन्सी)

उत्तर प्रदेशको रायबरेलीस्थित सरकारी स्वामित्वमा रहेको एनटीपीसी प्लान्टमा ब्वाइलर विस्फोटमा कम्तीमा १६ जनाको मृत्यु भएको र अन्य १ सय जना घाइते भएका छन्। ऊर्जा केन्द्रको उक्त एकाइमा अन्य कयौं फसिरहेकाले मर्नेको संख्यामा वृद्धि हुन सक्ने जनाइएको छ। घाइते हुनेहरु पनि गम्भीररुपमा जलेको जनाइएको छ। मार्चमा मात्रै सञ्चालनमा आएको ५ सय मेगावाट विद्युत् उत्पादन हुने उन्चाहारस्थित ऊर्जा केन्द्रको ३० वर्ष पुरानो उक्त युनिटको ब्वाइलर पाइप विस्फोट भएको हो। उक्त युनिटमा १ हजार ५ सय जनाभन्दा बढी कामदार कार्यरत रहेको बताइएको छ।

### अमेरिका

#### ग्रह फेला पर्‍यो

डेलावेयर, (एजेन्सी)

खगोलशास्त्रीहरुले एक तारालाई धेरै दूरीबाट परिक्रममा गरिरहेको एक ग्रह फेलापारेका छन्। अत्यन्त शक्तिशाली टेलिस्कोपबाट मात्र ठम्याउन सम्भव भएको उक्त मधुरो तारालाई परिक्रममा गरिरहेको उक्त ग्रह एनजीटीएस-१बी फेला पर्नुलाई वैज्ञानिकहरुले अत्यन्त महत्त्व दिएका छन्। उक्त खोजका बारेमा वैज्ञानिकहरुले डिस्कभरी टुडेमा प्रकाशित गरेको छ। डीएलआर इन्स्टिच्युट अफ प्लोनेटरी रिसर्चले उक्त वामन तारा एनजीटीएस-१ लाई परिक्रमा गरिरहेको ग्रह भने विशाल बृहस्पति आकारको भएको जनाएको छ। यसले ग्रहको उत्पत्तिबारेको बुझाइलाई परिवर्तन गर्ने जनाइएको छ।

# न्युयोर्कमा ट्रक आक्रमण, ८ जनाको मृत्यु

## आक्रमणमा आईएसको हात

न्युयोर्क, (एजेन्सी)

न्युयोर्कको लोअर म्यानहयाटनस्थित वर्ल्ड ट्रेड सेन्टरनजिकै हलोविनको दिनमा एक जना चालकले फुटपाथ र साइकल लेनमा ट्रक कुदाएर ८ जनाको ज्यान लिएका छन्। उक्त आक्रमणमा ११ जना गम्भीर घाइते भएका छन्।

मंगलबार न्युयोर्क सिटीमा भएको उक्त आक्रमणमा संलग्न व्यक्ति २९ वर्षीय सैफल्लो हबिबुल्लायविक साइपोव भएको पहिचान गरिएको छ। प्रहरीले उक्त घटनालाई आतंककारी हमला भएको बताएका छन्। आक्रमणका बेला चालक 'अल्लाह हु अकबर' अर्थात् 'ईश्वर महान् छ' चिच्याएको प्रत्यक्षदर्शीहरुले बताए। सुरक्षाकर्मीले आक्रमणकारीको पेटमा गोली प्रहार गरी हिरासतमा लिएको जनाइएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त घटनालाई कायरतापूर्ण कार्य भएको बताए। आक्रमणको स्थल १६ वर्षअगाडि वर्ल्ड ट्रेड सेन्टरमाथि आक्रमण भएको स्थानबाट १० किलोमिटर दूरीमा पर्छ।

उक्त घटना मंगलबार स्थानीय समय अपराह्न करिब ३ बजे भएको थियो। ट्रक चालकले जानीजानी साइकल चालकहरुमाथि सवारी कुदाएका थिए। यो हमला अत्यधिक ट्राफिक रहेको वेस्ट साइड रोडमा भएको हो। यो हडसन नदीसँग जोडिएको छ। शहरका मेयर डी ब्लासियोले यसलाई आतंककारी हमला बताएका छन्। उनले भने- 'यस प्रकारको हमलाको उद्देश्य हाम्रो सहनशीलता तोड्नु हो भन्ने हामीलाई थाहा छ, तर न्युयोर्कका नागरिक पर्याप्त दृढ छन् र उनीहरुले आफ्नो सहनशीलतालाई कायम राख्नेछन्।'





### आईएसआईएसको हात

अनुसन्धान अधिकारीहरुले ट्रकनजिकै अरबी भाषामा हातले लेखिएको पत्र फेला पारेका छन्। त्यसैले यस आक्रमणमा आईएसको हात हुन सक्ने आशंका गरिएको छ। यद्यपि केही समाचारमा ट्रकबाट बरामद भएको सामग्री अंग्रेजीमा लेखिएको उल्लेख गरिएको छ। अधिकारीहरुले आक्रमणकारी सीधै आईएससँग सम्बद्ध रहेको छ वा छैन भन्ने विषयमा खुलासा गरेका छैनन्। तर आक्रमणकारी आईएसबाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। यसैबीच एक अधिकारीले घटनास्थलमा संदिग्धले बोकेको लेख सामग्री कथित इस्लामिक स्टेटको भएको एबीसी न्युजलाई बताएको जनाइएको छ। आक्रमणकारी साइपोव उज्वेकिस्तानको राजधानी तास्कन्टका हुन्। उनी सन् २०१० मा डिभी परेपछि अमेरिका छिरेका थिए। अमेरिकाको विदेश विभागले सन् १९९५ देखि हरेक वर्ष विश्वभरिका विभिन्न राष्ट्रबाट ५५ हजार डिभी आवेदकलाई अमेरिका प्रवेश अनुमति दिँदै आएको छ।

त्यतिबेलादेखि नै कानुनीरूपमा स्थायी निवासी रहेका साइपोव फ्लोरिडाको टाम्पास्थित सिन्सीनेटीमा बस्दै आइरहेका थिए। पछिल्लो समय उनी आफ्नी पत्नी र तीन बालबालिकासँग न्युजर्सीको पेटर्सनमा बस्दै आइरहेको सरकारी अधिकारीहरुले जानकारी दिए। आक्रमणमा प्रयोग भएको गाडी उनले नजिकको होम डिपोटबाट भाडामा लिएको बताइएको छ। उनले उबर चालकका रुपमा पनि काम गरेको जनाइएको छ। उक्त कम्पनीले साइपोव एक जना सक्रिय चालक भएको पुष्टि गरेको एबीसीले जनाएको छ।

# जापानको एक अपार्टमेन्टमा नौवटा लाश



टोक्यो, (एजेन्सी)

जापानी प्रहरीले राजधानी टोकयोनजिकको जामा रहेको एउटा अपार्टमेन्टमा नौवटा लाशका अंगहरु भेटिएपछि सो अपार्टमेन्ट मालिकलाई पक्राउ गरेको छ। प्रहरीले एक जना हराइरहेकी महिलाबारे अनुसन्धान गर्दै जाँदा ताकाहिरो सिराइसी नामक ती आशंकित पुरुषको घरबाहिरको कोल्ड स्टोरेजमा दुईवटा काटिएका टाउको फेला पारेको थियो।

साथै प्रहरीले ती व्यक्तिको घरभित्र चिस्याउने बाकसमा अन्य सात जना व्यक्तिको लाशका टुक्राटाक्री फेला पारेको छ। २७ वर्षीय ताकाहिरोलाई लाश टुक्राएर फाल्ने योजना बनाएको आशंकामा गिरफ्तार गरिएको छ।

जापानी अखबार माइनिची सिम्बुनका अनुसार प्रहरीले आठ जना महिला र एकजना पुरुषको लाश फेलापारेको र तीमध्ये केही लाश कुहिन थालेको जनाएको छ। ताकाहिराले नौ जनालाई हत्या गरेर तिनीहरुको लाश लुकाउने प्रयास गरेको स्विकारेको महानगर प्रहरी विभागलाई उद्धृत गर्दै एनएचके टेलिभिजनले जनाएको छ।

यसैबीच उनका एक जना छिमेकीले गत अगस्टदेखि त्यहाँ बस्न थालेका ताकाहिरोको सो अपार्टमेन्टबाट असहनीय गन्ध आउन थालेको एनएचके र आसाही सिम्बुनलाई बताएका छन्। प्रहरीले गत २१ अक्टोबरदेखि हराइरहेकी २३ वर्षीया महिलाको खोजी गर्ने क्रममा ती लाश भेटाएको हो।

अनुसन्धानकर्ताहरुले ती महिलाको ताकाहिरोसँग सम्बन्ध रहेको र उनले अनलाइनमा आफूले आत्महत्या गर्न चाहेको लेखेको पत्ता लगाएको छ। एकजना ४१ वर्षीय स्थानीय वासिन्दाले नजिकै एउटा दिवा स्याहार केन्द्र रहेको यस आवासीय शान्त क्षेत्रमा यसरी लाश फेला पर्ला भनेर कल्पना पनि गर्न नसकेको माइनिची सिम्बुन अखबारलाई बताएका छन्।

# पीआईएले दुईवटा शव न्युयोर्कमा छुटायो

इस्लामावाद, (एजेन्सी)

पाकिस्तानतर्फ ल्याइँदै गरेका दुईवटा मानव शव अमेरिकाको न्युयोर्कमै छुटेपछि पाकिस्तान इन्टरनेसनल एयरलायन्स (पीआईए)ले यस सम्बन्धमा अनुसन्धान गर्न बुधबार आदेश दिएको छ।

२८ अक्टोबरमा पाकिस्तानी शहर लाहोरमा पुग्नुपर्ने दुईवटा कोफिन गल्तीवश न्युयोर्कको जेएफ केनेडी विमानस्थलमा छुटेको थियो। त्यो पीआईएको न्युयोर्कबाट लाहोरतर्फको अन्तिम उडान भएकाले अब यसबारे एतिहाद एयरलायन्सले कारबाही अघि बढाउनुपर्ने भएको छ।

पीआईएले न्युयोर्कबाट हुने उडानहरु बन्द गरेको हो। पीआईएले ग्राउन्डको कारोबार सम्हाल्ने कम्पनीले सो गल्ती गरेको जनाएको छ। पीआईएले एक विज्ञप्ति जारी गर्दै यस गल्तीको कारण मृतकका परिवारप्रति पुगेको असुविधाका लागि क्षमा मागेको छ।

एक मृतकका परिवाले त अब आफन्तको शवलाई अमेरिकाकै मेरील्यान्डमा अन्त्येष्टि गर्न अनुरोध गरिकेको छ। अर्को शव भने एतिहाद एयरवेजले लाहोर ल्याइदिने भएको छ। पीआईएले यस सम्बन्धमा हुने सम्पूर्ण खर्च आफैले बेहोरिदिने जनाइसकेको छ।




# पुटिनको हत्या षड्यन्त्रमा संलग्न व्यक्ति एम्बुसमा





मस्को, (एजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको हत्या षड्यन्त्रको अभियोग लगाइएका एक जना चेचेन पुरुष चढेको कार युक्रेनको राजधानी किभनजिक एम्बुसमा पर्दा गम्भीर घाइते हुनाका साथ उनकी पत्नीको ज्यान गएको छ। उक्त एम्बुसमा एडम ओस्मायभको एउटा खुट्टामा र उनकी पत्नी आमिना ओकुयभाको टाउकोमा गाली लागेको बताइएको छ।

विकट क्षेत्र लेभाहा गाउँमा भएको उक्त आक्रमणमा तिनीहरू चढेको कार गोली लागेर छियाछिया भएको स्थानीय अधिकारीहरुले बताएका छन्। युक्रेनी अधिकारीहरुले यस घटनामा रुसी सरकारको हात हुनुपर्ने आशंका गरेका छन्।

रुस समर्थित लडाकूहरुविरुद्ध लडेको कारण युक्रेनमा ओकुयभालाई वीर योद्धाको रुपमा सम्मान दिइने गरिएको थियो। अस्पतालमा युक्रेनी टेलिभिजनसँग कुरा गर्दै ओस्मायभले भनेका छन्- 'मेरी पत्नीको टाउकोमै गोली ठोकिएको थियो। मैले सकेसम्म छिटो कार चलाउन खोजेथें। तर कार रोकियो, सायद इन्जिनमा पनि गोली लागेको हुनुपर्छ। मैले उनलाई प्राथमिक उपचार गर्ने प्रयास गरेको थिएँ। तर टाउको मा नै गोली लागेकाले केही सिप लागेन।'

यसै वर्ष मात्र यस दम्पतीको हत्या गर्न यो दोसो प्रयास गरिएको हो। गत जुनमा आफूलाई फ्रेन्च पत्रकार बताउने एक व्यक्तिले किभमा ओस्मायभमाथि अचानक गोली चलाएका थिए।

तर उनकी पत्नीले जवाफी फायर गर्दा ती व्यक्ति घाइते हुन पुगेका थिए। पछि अनुसन्धानबाट तिनी चेचेन अपराधि भएको पुष्टि भएको थियो। सन् २०१२ मा रुसी अधिकारीहरुले ओस्मायभ पुटिको हत्या षड्यन्त्रमा संलग्न इस्लामिकहरुसँग मिलेको आरोप लगाएका थिए।

{ चिकित्सकले हाल सिफारिस गरेका सिटामोलजस्ता औषधिको प्रभावकारिता अत्यन्तै न्यून भएको र एउटा औषधिमा हुनुपर्ने गुणस्तर र मात्रा ५ वटा औषधि खाँदा मात्र पूरा हुने अवस्था रहेको अनुसन्धानकर्ताले जानकारी गराएका थिए।

# कांग्रेसले उम्मेदवारको टुंगो लगाउन सकेन

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको निर्वाचनका लागि उम्मेदवारको मनोनयन दर्ता आज बिहीबार हुँदै छ। पहाडी र तराईका ४५ जिल्लाको प्रतिनिधिसभातर्फ १ सय २८ क्षेत्र र प्रदेशसभातर्फ यसको दोब्बर क्षेत्रमा उम्मेदवारको मनोनयन गर्नुपर्ने भए पनि नेपाली कांग्रेसले राति अबेरसम्म पनि सबै उम्मेदवारको टुंगो लगाउन सकेको छैन।

बुधबार साँझसम्म प्रतिनिधिसभातर्फ ६० र प्रदेशसभातर्फ १ सय जना उम्मेदवारको टुङो लगाएको कांग्रेसले प्रदेश नम्बर २ मा अधिकांश उम्मेदवार छनोट गर्न बाँकी छ। यो प्रदेशमा धनुषा-३ मा विमलेन्द्र निधि, बारा-३ मा फरमुल्लाह मन्सुर र पर्सा-४ मा रमेश रिजालबाहेक अन्य क्षेत्रमा साँझ अबेरसम्म उम्मेदवार टुंग्याउन बाँकी थियो।

प्रदेश नम्बर २ मा राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमसँग तालमेल गरी उम्मेदवारी दिने बताउँदै आएको कांग्रेसले राजपा र फोरमसँगको छलफल नटुंगिएकाले उम्मेदवार छनोट गर्न नसकेको हो। कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव प्रदीप पराजुलीका अनुसार यो समाचार तयार पार्दासम्म राजपा र फोरमका नेतासँग कांग्रेसले छलफल गरिरहेको छ।

प्रदेश नम्बर १ को भने झापाको क्षेत्र नम्बर २, ४ र ५ बाहेक अन्य क्षेत्रको उम्मेदवार बुधबार साँझ नै टुंगिएको कांग्रेसले जनाएको छ। प्रदेश नम्बर ३ को भने चितवन, काठमाडौं र भक्तपुरको प्रतिनिधिसभातर्फ केही क्षेत्रमा र प्रदेशसभातर्फ अधिकांश क्षेत्रमा बुधबार रातिसम्म उम्मेदवार तय हुन बाँकी थियो।

प्रदेश नम्बर ४ मा पनि तनहुँको क्षेत्र नम्बर २ र कास्कीका साथै यो प्रदेशको प्रदेशसभातर्फको अधिकांश उम्मेदवार टुंग्याउन बाँकी रहेको कांग्रेसले जनाएको छ।

प्रदेश नम्बर ५ अन्तर्गत नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ र बाँकेमा पनि अन्य दलसँगको चुनावी तलमेल गर्ने छलफलले बुधबार अबेरसम्म उम्मेदवारी टुंग्याउन नसकेको कांग्रेसले प्रदेश नम्बर ७ मा भने प्रतिनिधिसभा र प्रदेशसभाको सबै क्षेत्रमा उम्मेदवार तय गरेको जनाएको छ।

कांग्रेसले आगामी निर्वाचनमा राजपा, फोरम, राप्रपा (प्रजातान्त्रिक) राप्रपालगायत वाम गठबन्धनबाहेकका दलसँग चुनावी तालमेल गरेर उम्मेदवारी दिने भएकाले तालमेलमा सहभागी दलसँगको छलफल नटुंगिएकाले उम्मेदवार चयन गर्न ढिलाइ भएको भन्दै कांग्रेस संसदीय समितिका एक नेताले भने- 'रातभरि छलफल गरेर भए पनि आज बिहानसम्म सबै उम्मेदवारको टुंगो लाग्छ।'

खास गरी नेपाली कांग्रेस प्रदेश नम्बर २ मा राजपा र संघीय समाजवादी फोरमसँगको तालमेलमा कुरा नमिलेका कारण अप्ठेरोमा परेको कांग्रेसका एक नेताले नेपाल समाचारपत्रलाई जानकारी दिएका छन्। कांग्रेस र मधेस केन्द्रित दलको कार्यदलसहित शीर्ष नेताको बैठकमा संघीय समाजवादी फोरम र राजपाले प्रदेश २ का ३२ सिटमध्ये एकमुष्ट २४ स्थान आफूले पाउनुपर्ने बटमलाइन प्रस्तुत गरिरहेका छन् भने कांग्रेसले १६ क्षेत्र आफूलाई चाहिने बताइरहेको छ।

## झापाबाहेक कांग्रेस-राप्रपा सहकार्य यथावत्

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीले झापाबाहेक अन्य जिल्लामा नेपाली कांग्रेससँगको सहकार्य जारी रहने बताएको छ।

पूर्वसहमतिविपरीत कांग्रेसले झापा क्षेत्र नम्बर ३ मा कांग्रेस नेता कृष्णप्रसाद सिटौलालाई प्रतिनिधिसभातर्फको उम्मेदवार बनाउने निर्णय गरेसँगै राप्रपा कांग्रेस सम्बन्ध चिसिएको थियो।

पूर्वसहमतिअनुसार झापा क्षेत्र नं. ३ मा प्रत्यक्षमा राप्रपाका राजेन्द्र लिङ्देनलाई उठाउने भनिए पनि कांग्रेस नेता सिटौलाले समानुपातिकमा बस्न नमानेपछि कांग्रेसभित्र समेत आन्तरिक विवाद भएको थियो। झापामा कांग्रेसले नछोडेपछि राप्रपाले क्षेत्र नम्बर ३ मा लिङ्देनलाई उठाउने निर्णय गरेको छ।

कांग्रेससँगको सहकार्यमा चिसो आएसँगै राप्रपा कांग्रेस गठबन्धनबाट बाहिरिने अनुमान गरिरहेका बेला राप्रपाले झापाबाहेक अन्य जिल्लाको सहकार्य यथावत् रहेको जनाएको हो।

बुधबार राप्रपाका सहप्रवक्ता मोहन श्रेष्ठले एक विज्ञप्ति जारी गरी झापामा मैत्रीपूर्ण प्रतिस्पर्धा गरिने र झापाबाहेक अन्य जिल्लाहरूमा कांग्रेससँगको सहकार्य यथावत् रहेको जनाउनुभएको छ।

## कांग्रेस...

तालमेलका लागि राजपा र कांग्रेस नेताहरूबीच बुधबार भएको अन्तिम छलफलमा धनुषा क्षेत्र नम्बर-३ वा सर्लाही क्षेत्र नम्बर-४ कांग्रेसले छोड्न नमाने पछि तालमेल हुन सकेन। बैठकमा राजपा र कांग्रेसका नेताहरूबीच चर्काचर्कीसमेत भएको थियो। तालमेल नभएपछि राजपा नेता महतो र कांग्रेस नेता विमलेन्द्र निधि धनुषा-३ बाट चुनाव लड्ने भएका छन्।

यता स्रोतका अनुसार राजपाका केही नेताहरूले व्यक्तिगत रूपमा कांग्रेससँग तालमेल गरेका छन्। करिब चारवटा सिटमा राजपाका नेताहरूले कांग्रेससँग तालमेल गरेको जनाइएको छ। यसअघि संघीय समाजवादी फोरमले पनि तालमेल हुन नसकेको भन्दै आफ्ना उम्मेदवारहरूको नामावली सार्वजनिक गरिसकेको छ।

## राजधानीमा...

प्रहरीका अनुसार पछिल्ला वर्षहरूमा साना हातहतियारबाट सिर्जित अपराधका घटनामा उल्लेख्य वृद्धि भएको देखिन्छ।

आर्थिक वर्ष २०७१/७२ यताका तीन वर्ष तीन महिनामा उपत्यकाका तीन जिल्ला काठमाडौं, भक्तपुर र ललितपुरबाट मात्रै २० थान हतियार र २ सय तीन राउन्ड गोली बरामद भएको कार्यालयको रेकर्ड छ। प्रहरीले यही अवधिमा हतियार प्रयोगमा संलग्न एक सय ६१ जनालाई समेत पक्राउ गरेको छ।

साना हतियारको अत्याधिक प्रयोग हुन थालेपछि प्रहरीले आफ्नो अनुसन्धानलाई तिव्रता दिन सकेको छैन।

## वाम...

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'चुनावी घोषणापत्र तयार भएको छ, ६० देखि ७० पृष्ठको घोषणापत्र एक साताभित्र सार्वजनिक हुन्छ।'

वाम गठबन्धनले बुधबार चुनावी घोषणपत्र सार्वजनिक गर्ने पूर्वतयारी भए पनि दुवै पार्टीका शीर्ष नेताहरू पार्टीभित्रको उम्मेदवारी टुंगो लगाउन व्यस्त भएका कारण हुन नसकेको बताइएको छ।

आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा ६०/४० को भागवण्डा गरेका एमाले र माओवादी केन्द्रले निर्वाचन क्षेत्र बाँडफाँडमा सहमति गरिसकेका छन्। मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आज बिहीबार उम्मेदवार मनोनयन दर्ता हुने कार्यक्रम रहेको छ।

उम्मेदवारी दर्ता गर्नका लागि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बुधबार नै चितवन लाग्नुभएको छ। प्रचण्डले प्रतिनिधिसभाका लागि चितवन-३ बाट उम्मेदवारी दिनुहुने भएको छ।

घोषणपत्र कार्यदलमा एमालेको तर्फबाट उपाध्यक्ष वामदेव गौतम र भीम रावल, माओवादी केन्द्रको तर्फबाट नेता नारायणकाजी श्रेष्ठ देव गुरुङ र विश्वभक्त दुलाल 'आहुति' रहनुभएको छ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि नेपाली कांग्रेसले चुनावी घोषणापत्र सार्वजनिक गरिसकेको छ। तर एमाले-माओवादी केन्द्रको वाम गठबन्धनले भने निर्वाचनका लागि तयार पारेको घोषणापत्र मनोनयन दर्तापछि मात्र सार्वजनिक गर्ने भएका छन्। राष्ट्रिय जनता पार्टी, संघीय समाजवादी फोरम, राप्रपालगायतका दलहरूले पनि चुनावी घोषणापत्र सार्वजनिक गरेका छैनन्।

## जो मधेसवादी...

पहिलो मधेस आन्दोलनमै उदय भएको मधेसी जनअधिकार फोरम नेपालमा नेपाली कांग्रेस परित्याग गरी विजयकुमार गच्छदार प्रवेश गरेका थिए। उनी ठूलै हैंसियतमा थिए। पार्टी अध्यक्ष उपेन्द्र यादवसँग सरकारमा सहभागिताको विषयमा विवाद हुँदा गच्छदारले फोरम विभाजन गरेर मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) गठन गरेका थिए। दोस्रो संविधानसभाको निर्वाचनमा उनले सम्मानजनक मत पाए पनि संविधान कार्यान्वयनको संसदीय निर्वाचनसम्म आउँदा उनी पुनः कांग्रेसमै फर्किएका छन्।

फोरमको उदयसँगै मधेसवादी राजनीतिबाट मधेसवादी राजनीतिमै आएका रामेश्वर राय यादव पनि माओवादी केन्द्रमा गएका छन्। मधेसवादी राजनीतिबाट उनी मन्त्रीसमेत भएका थिए।

मधेसवादी राजनीतिकै महत्त्वपूर्ण नेता हृदयेश त्रिपाठी पनि एमालेमा समाहित भएका छन्। तराई-मधेस लोकतान्त्रिक पार्टीमा दोस्रो ठूलो हैंसियत राख्ने त्रिपाठी राजपा निर्माणमा असन्तुष्टि जनाइ एमालेमा गएका छन्। मधेसवादी राजनीतिका अगुवा स्व.गजेन्द्रनारायण सिंहसँगै काम गर्ने नेतामध्येका एक त्रिपाठी थिए।

त्यस्तै, पहिलो मधेस आन्दोलनसँगै उदाएका अभिशेष प्रताप शाह पनि नेपाली कांग्रेसमा गएका छन्। मधेसी जनअधिकार फोरम नेपालबाट संविधानसभाको दुईवटै निर्वाचन जितेका शाह पार्टीको आन्तरिक विवादपछि कांग्रेसमा गएका हुन्।

त्यस्तै, कपिलवस्तुकै अर्का नेता बृजेश गुप्ता पनि एमालेमा समाहित भएका छन्। मधेस आन्दोलनबाट स्थापित गुप्ता पनि संविधानसभाको दुवै निर्वाचनमा जितेका थिए। एकताका कानुनमन्त्री भएर चर्चामा आएका गुप्ता राजपा गठनबाट असन्तुष्ट भई एमालेमा गएका हुन्।

त्यस्तै, दोस्रो संविधानसभाको निर्वाचनमा सर्लाहीबाट चुनाव जितेका जंगिलाल राय यादवले पनि मधेसवादी पार्टी छोडेका छन्। उनी पनि वाम गठबन्धनबाट चुनाव लड्दै छन्।

त्यस्तै, राजपाका उपाध्यक्ष ओमप्रकाश यादव गुल्जारी पनि एमालेमा प्रवेश गरेका छन्। रूपन्देहीको मर्चवारमा आयोजित एक कार्यक्रमका बीच यादव एमालेमा प्रवेश गरेका हुन्। मधेस आन्दोलनबाट उदय भएका नेतामध्ये यादव पनि एक हुन्।

अन्य कैयौं केन्द्रीय नेताहरू मधेसवादी राजनीति त्यागेर अन्य दलमा गएका छन्। चुनाव जित्न र अन्य अवसरको खोजीमा नेताहरू विभिन्न पार्टीमा गएको राजपाका नेता लक्ष्मण लाल कर्ण बताउनुहुन्छ। उहाँका अनुसार एजेन्डाका आधारमा कुनै नेताले पार्टी त्यागेको छैन। अधिकांश नेताहरू व्यक्तिगत फाइदाका लागि मधेसवादी दल छोडेको कर्ण बताउनुहुन्छ।

## राजधानीको...

कामपा भौतिक पूर्वाधार विकास विभाग प्रमुख उत्तरकुमार रेग्मीले ल्यान्डफिल साइटमा पुग्न बाटो र पुललगायत पूर्वाधारको तत्काल विकास गर्नुपर्ने बताउनुभयो।

'सिसडोलमा फोहोर व्यवस्थापन गर्दा लिचेड जताततै फैलिएको छ। फोहोर गन्हाएर बस्नै नसक्ने भएको छ, लिचेडको व्यवस्थापन गर्न नसक्दा गाईबस्तु मरेका छन् खेती हुन सकेको छैन' -ठाडेका फोहोरमैला पीडित स्थानीय बद्री ओझाले नेपाल समाचारपत्रसँग भन्नुभयो। उहाँले कामपाले सिसडोलमा फोहोर व्यवस्थापन तत्काल छाडेर बन्चरेमा लैजानुपर्ने बताउनुभयो।

फोहोरले समस्या गरेपछि अधिकांश गाईबाखा फोहोरमै चरिरहेका छन्। कामपालगायत उपत्यकाका १८ वटा स्थानीय निकायले सिसडोलमै फोहोर व्यवस्थापन गर्ने भएकाले समस्या भएको जानकारी गराउँदै कामपा वातावरण व्यवस्थापन महाशाखा प्रमुख युवराज खनालले तत्काल बन्चरेमा व्यवस्थापन गर्न नसके समस्या पर्ने बताउनुभयो।

'कामपाले बेलैमा फोहोरको व्यवस्थापन गर्न नसके उपत्यकाको फोहोर व्यवस्थापनमा जटिलता आउनेछ। यस्तो अवस्था देखेपछि बन्चरेमा पूर्वाधार निर्माण गरिदिन सरकारलाई आग्रह गर्दै आएका छौं, हालसम्म सुनुवाइ हुन सकेको छैन' -वातावरण व्यवस्थापन विभाग प्रमुख श्रेष्ठले भन्नुभयो। हाल काठमाडौं उपत्यकाबाट दैनिक १ सय ४० वटा ट्रकले सिसडोलमा फोहोर व्यवस्थापन गर्ने गरेको छ। उपत्यकाबाट दैनिक करिब ७ सय ५० टन फोहोर सिसडोलमा व्यवस्थापन हुँदै आएको छ।

# जनस्वास्थ्यमाथि सरकारको चरम लापरबाही

**नेपाल समाचारपत्र**

काठमाडौं

जनस्वास्थ्यमाथि सरकारको चरम लापरबाही भएको प्रमाण नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले बुधबार सार्वजनिक गरेको रिपोर्टमा उल्लेख गरिएको छ।

सरकारले निःशुल्क रूपमा वितरण गर्ने ५ सय एमजीको प्यारासिटामोलमासमेत घोटाला गरिएको पुष्टि भएको छ। सिटामोलमा बिरामीका लागि प्रदान गरिँदै आएको सिटामोल सरकारी र निजी ल्याबमा परीक्षण गर्दा दुबै ठाउँबाट गुणस्तरहीन रिपोर्ट प्राप्त भएको स्वास्थ्य अनुसन्धान परिषद्का अध्यक्ष डा.अञ्जनीकुमार झाले जानकारी गराउनुभयो।

परिषद्को सहकार्यमा उपभोक्ता हित संरक्षण मञ्च, विशेषज्ञ चिकित्सकसमेतको संलग्नतामा नेपालका स्वास्थ्य संस्थामा प्रयोग हुने औषधिको गुणस्तर र प्रयोग विधिसम्बन्धी अध्ययन ३ वटै भौगोलिक क्षेत्रका ९० वटा स्वास्थ्य संस्थामा गरिएको जनाएको छ। अध्ययनका क्रममा प्रत्येक जिल्लाबाट प्रतिनिधित्व गर्नेगरी १ जिल्ला अस्पताल, १ प्राथमिक स्वास्थ्य उपचार केन्द्र र ४ स्वास्थ्य चौकी चयन गरिएको थियो।

यसका साथै हरेक जिल्ला अस्पतालबाट ५० र प्रत्येक स्वास्थ्य चौकी र प्राथमिक उपचार केन्द्रबाट ३० जना स्वास्थ्य परीक्षण गरी फर्केका बिरामी, स्वास्थ्य संस्थाको इन्चार्जसँग अन्तर्वार्ता लिई अनुसन्धान रिपोर्ट सार्वजनिक गरिएको डा.झाले बताउनुभयो।

अनुसन्धानका क्रममा सरकारी निकायमा दर्ता भएका निजी फार्मेसीबाट १० वटा औषधिको ५ वटा भिन्नाभिन्नै ब्रान्ड र स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण गरिने औषधि संकलन गरी गरिएको औषधिको परिणाम अत्यन्तै डरलाग्दो आएको उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष बाबुराम हुमागाईंले बताउनभयो। गुणस्तरहीन औषधिका कारण जनस्वास्थ्यमा प्रत्यक्षरूपमै गम्भीर असर पुर्‍याउने विषयमा समेत सरकारका तालुकदार निकायले कमिसनको खेलमा जनस्वास्थ्यमाथि खेलबाड गरिरहेको सहभागीले आरोप लगाएका थिए। नेपालका लागि वितरण गरिने औषधि परीक्षणका लागि ल्याब पनि नभएको र औषधि कम्पनीले ल्याएको रिपोर्टलाई नै मान्नुपर्ने बाध्यता रहेको औषधि व्यवस्था विभागमा महानिर्देशक नारायण आचार्यले बताउनुभयो।

चिकित्सकले हाल सिफारिस गरेका सिटामोलजस्ता औषधिको प्रभावकारिता अत्यन्तै न्यून भएको र एउटा औषधिमा हुनुपर्ने गुणस्तर र मात्रा ५ वटा औषधि खाँदा मात्र पूरा हुने अवस्था रहेको अनुसन्धानकर्ताले जानकारी गराएका थिए।

जिल्ला अस्पतालका चिकित्सकले सिफारिस गरेका औषधिमध्ये ६१ प्रतिशत जेनेरिक नामबाट सिफारिस गरिएको भेटिएको हुमागाईंले जानकारी गराउनुभयो। सिफारिस गरिएका औषधिमध्ये ६९ प्रतिशत आवश्यक औषधि थिए भने २४ प्रतिशत एन्टिबायोटिक भएको पनि जानकारी गराइयो।

सिफारिस गरिएका मध्ये ५२ प्रतिशत मात्र निःशुल्क उपलब्ध थिए। यसमा पनि ४९ प्रतिशतलाई मात्र औषधि सेवनका बारेमा ज्ञान थियो। यति मात्र नभै निजी क्षेत्रबाट वितरण गरिँदै आएको औषधिको पनि परीक्षण गरिएको थियो। एउटै औषधि विभिन्न ब्राण्डअनुसार ४ सय प्रतिशतसम्म मूल्य अन्तर पाइएको थियो। यत्रो लुटका लागि सरकारले खुलेआमा लाइसेन्स दिएको अनुसन्धानमा संलग्न विशेषज्ञले जनाएका छन्।

## डिजेल, पेट्रोल र ग्यासको मूल्य वृद्धि

काठमाडौं, (नेस)

नेपाल आयल निगमले खाना पकाउने एलपी ग्याससहित पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ ।

बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोल, डिजेल, मट्टितेल र खाना पकाउने ग्यासको मूल्य बढाएको निगमका प्रवक्ता वीरेन्द्र गोइतले जानकारी गराएका हुन् ।

नयाँ मूल्यअनुसार पट्रोलको प्रतिलिटर १ सय रुपियाँ पर्ने भएको छ । यस्तै डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर ७५ रुपियाँ ५० पैसा कायम भएको निगमका प्रवक्ताले जनाएका छन्। एलपीजी ग्यासको मूल्यमा २५ रुपियाँ थप गरी प्रतिसिलिन्डर १ हजार ३ सय ५० रुपियाँ पर्ने गोइतले जानकारी दिएका छन्। अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढेसँगै भारतीय आयल कर्पोरेसनले तेलको मूल्य बढाएर पठाएपछि नेपाल आयल निगमले पनि मूल्य वृद्धि गर्नुपरेको प्रवक्ताले बताए ।

## सुमार्गीलाई 'गोल्डेन रेस्पोन्सिबिलिटी अवार्ड'

हेटौंडा, (नेस)




नेपालका चर्चित हेटौंडेली व्यवसायी अजेयराज सुमार्गी 'गोल्डेन कर्पोरेट सोसल रेस्पोन्सिबिलिटी अवार्ड-२०१७' बाट सम्मानित भएका छन्। नेपालको निजी टेलिकम क्षेत्रका अग्रणी सुमार्गीलाई बेलायतको वेस्ट मिनिस्टर पार्लियामेन्ट प्यालेसको हाउस अफ लर्ड्समा आयोजित विशेष समारोहबीच ब्यारोनेस सन्दीप बर्माले अवार्डसहित सम्मान गरेका हुन्।

साँच फाउन्डेसनको तत्त्ववधानमा आयोजित कार्यक्रममा सुमार्गीसहित युरोसिया क्षेत्रका प्रतिष्ठित व्यक्तित्वलाई सम्मान गरिएको थियो। सम्मानित हुनेमा हिन्दुजा फाउन्डेसन युके, इन्स्टिच्युट अफ डिरेक्टर इन्डिया, रविन ग्रुप अफ कम्पनी अध्यक्ष विजय कारिया, डा. निकोलस ग्रे, ग्राञ्ज होटल ग्रुप लन्डनका प्रबन्ध निर्देशक डोनी म्याथ्यु, प्रसिद्ध चिकित्सक डाक्टर साउमित्र रावतलगायत छन्।

सम्मान प्रतिष्ठित व्यवसायीसहित विशिष्ट व्यक्तित्वलाई वर्षेनी प्रदान गर्ने गरिन्छ। सम्मानित भएपछि व्यवसायी सुमार्गीले समाजमा गरिएको लगानीले समाज रूपान्तरणमा कतिको योगदान पुग्यो भन्ने कुरा महत्त्वपूर्ण हुने बताए। 'समाजमा लगानी गरेर हामीले कति कमायौं, त्यो महत्त्वपूर्ण होइन,' उनले भने- समाज रूपान्तरणका लागि हामीले के गर्न सक्यौं, त्यो महत्त्वपूर्ण कुरा हो। कार्यक्रममा अन्तर्राष्ट्रिय कलाकारले आफ्नो प्रस्तुति दिएका थिए।


**दुग्ध विकास संस्थान**

**(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)**

**च्यासिस भाडामा लिने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**बोलपत्र सूचना नं. डिडिसि/०५/गाडी च्यासिस/०७४/०७५**

**(प्रथम पटक प्रकाशित मिति : २०७४।७।१६ गते)**

यस संस्थान अन्तर्गतका चिलिङ्ग सेन्टर तथा आयोजनाहरुबाट संकलित दूध ढुवानी गर्न चालक र हेल्पर सहित ४००० लि. क्षमताका रोड मिल्क टैंकरहरुको लागि ४ थान ट्रक च्यासिस ३ बर्षको लागि भाडामा लिई संचालन गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुबाट निम्नानुसार सिलबन्दी बोलपत्र आह्वान गरिएकोछ ।

| क्र.सं. | विषय | विवरण |
| --- | --- | --- |
| १. | बोलपत्र फाराम दस्तूर | रु. ३,०००।- (पछि फिर्ता नहुने गरि) |
| २. | बोलपत्र फाराम पाईने स्थान | दुग्ध विकास संस्थान केन्द्रिय कार्यालय, लैनचौर तथा हेटौंडा दुग्ध वितरण आयोजना, हेटौंडा । |
| ३. | बोलपत्र फाराम खरीद गर्न सकिने अन्तिम मिति र समय | बोलपत्र सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन अर्थात् मिति २०७४।८।१५ गते कार्यालय समयभित्र । |
| ४. | शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान | मिति :२०७४।८।१६ गते दिनको १२.०० बजेसम्ममा ।<br>स्थान : दुग्ध विकास संस्थान केन्द्रिय कार्यालय, लैनचौर ।<br>तोकिएको उक्त समयपछि प्राप्त बोलपत्र स्विकार गरिने छैन । |
| ५. | शिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान | मिति : २०७४।८।१६ गते दिनको १.०० बजे<br>स्थान : दुग्ध विकास संस्थान केन्द्रिय कार्यालय, लैनचौर । |
| ६. | प्राप्त हुन आएका शिलबन्दी बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा तोकिएको मिति, स्थान र समयमा खोलिनेछ । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनुपर्नेछ । | |
| ७. | शिलबन्दी बोलपत्रसाथ बोलपत्र जमानत वापत प्रति गाडी रु.८१,०००।- का दरले हुने रकम राष्ट्रिय वाणिज्य बैंक, बिशालबजार, काठमाडौंस्थित संस्थानको खाता च.हि.नं.१०९००५५३४५०१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको 'क' वर्गको इजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक ग्यारेण्टी शिलबन्दी बोलपत्रसाथ संलग्न भै आउनुपर्नेछ । | |
| ८. | बोलपत्र खरीद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो बिदा पछि कार्यालय खुलेको पहिलो दिन सोही समयमा उक्त कार्य हुनेछ । | |
| ९. | बोलपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थानमा निहित रहनेछ । | |

# अर्थ

विभागले दरबारमार्गका ११ र न्युरोडका २ वटा पसललाई कालोबजारी ऐनअनुसार थप अनुसन्धान गर्न परिसरलाई पत्राचार गरेको करिब २ महिनापछि व्यापारीहरू पक्राउ गरिएको हो।

2017, NOV
Thursday
2


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY 500D

### बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङ्जा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS:1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa (01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ कात्तिक १६, अक्टोबर २, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।०५ | १०३।६५ |
| युरो १ का रू. | ११९।८९ | १२०।५८ |
| पाउन्ड स्टर्लिङ १ का रू. | १३७।०५ | १३७।८५ |
| स्विस फ्रन्क १ का रू. | १०२।९७ | १०३।५७ |
| अस्ट्रलियन डलर १ का रू. | ७९।१३ | ७९।५९ |
| क्यानाडियन डलर १ का रू. | ७९।९९ | ८०।४६ |
| सिङ्गापुर डलर १ का रू. | ७५।७४ | ७६।१८ |
| जापानी यन १० का रू. | ९।०४ | ९।०९ |
| चिनियाँ युआन १ का रू. | १५।५९ | १५।६८ |
| साउदी अरब रियाल १ का रू. | २७।४८ | २७।६४ |
| कतारी रियाल १ का रू. | २८।३० | २८।४६ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रू. | ३।११ | ३।१३ |
| सं. अरब इमिरट दिराम १ का रू. | २८।०६ | २८।२२ |
| मलसियन रिङ्गिट १ का रू. | २४।३५ | २४।५० |
| दक्षिण कारियन वन १०० का रू. | ९।२६ | ९।३१ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रानर १ का रू. | १२।२८ |
| डनिस क्रानर १ का रू. | १६।११ |
| हङकङ डलर १ का रू. | १३।२१ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# दरबारमार्गका १० व्यापारी पक्राउ

## कालोबजारी ऐनअन्तर्गत मुद्दा चलाइने

हेमन्त जोशी, काठमाडौं

महानगरीय प्रहरी परिसर काठमाडौंले बढी मूल्य लिई सामान बेचेर उपभोक्ता ठगेको आरोपमा दरबारमार्गका १० जना व्यापारीलाई पक्राउ गरेको छ। बजार अनुगमनका क्रममा ती व्यापारीहरूले वास्तविक मूल्यभन्दा २३ गुणा अंकित मूल्य राखी उपभोक्तालाई ठगेको भेटिएको थियो।

पक्राउ परेका व्यापारीहरूलाई कालोबजारी ऐनअन्तर्गत कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको महानगरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता रामदत्त जोशीले बताउनुभयो। ८ पसलका १० जना सञ्चालकलाई पक्राउ गरिए पनि अन्य व्यापारीहरू फरार रहेका छन्। पक्राउ पर्नेमा एभिन्यु मार्केटिङका उत्तम कुमार बस्नेत, लाइफस्टाइल प्रालिका श्रीकृष्ण महर्जन, वाच एन्ड सीका राजेश्वर श्रेष्ठ, तिरुपति प्रालिका नन्दन बिहानी र एडभेन्चर आउटडोरका रोशन ओडारी रहेका छन्। त्यसै गरी प्लेटेनियम ट्रेड कन्सर्नका बेन्टलिका तुलाधर र प्रवीण झा, लेवल स्टोरका दितेन्द्र महर्जन र सुवास महर्जनलाई पनि पक्राउ गरिएको छ।

प्रवक्ता जोशीका अनुसार महानगरीय परिसरले व्यापारीहरूलाई स्वयं प्रहरी कार्यालयमा उपस्थित हुन सार्वजनीक सूचना जारी गरे पनि उनीहरूले अटेरी गर्दै आएका छन्। पूर्वआपूर्तिमन्त्री शिवकुमार मण्डलसहितको टोलीले गत भदौ १९ र २१ गते अनुगमनका क्रममा अत्यधिक नाफा राखेर सामान बेचेको फेला पारेपछि दरबारमार्ग, न्युरोडलगायत विभिन्न स्थानका पसलहरूमा सिल गरिएको थियो। आपूर्ति व्यवस्थापन तथा हित संरक्षण विभागले ती पसलहरूलाई कालोबजारी ऐनअनुसार कारबाही महानगरीय परिसरलाई जिम्मा लगाएपछि थप अनुसन्धानका लागि पक्राउ गरिएको प्रवक्ता जोशीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

विभागले दरबारमार्गका ११ र न्युरोडका २ वटा पसललाई कालोबजारी ऐनअनुसार थप अनुसन्धान गर्न परिसरलाई पत्राचार गरेको करिब २ महिनापछि व्यापारीहरू पक्राउ गरिएको हो। ती व्यापारीहरूविरुद्ध कालोबजारी ऐनअन्तर्गत मुद्दा दायर भइसकेकाले आवश्यक प्रमाणका लागि म्याद थप गरी अदालतमा उपस्थित गराउन लागिएको परिसरले जनाएको छ।

मन्त्रालय र विभागको संयुक्त बजार अनुगमनका क्रममा तयार पारेको मुचुल्का र अन्य आवश्यक कागजातहरू परिसरलाई बुझाएर कालोबजारीसम्बन्धी थप अनुसन्धान गर्न दशैंअगाडि नै निर्देशन दिएको थियो। स्थलगत अनुगमनपछि व्यवसायीसँग लिएको बयानलाई समेत आधार मानी विभागले शतप्रतिशतभन्दा बढी नाफा खाने गरी बिक्री गरेको निष्कर्षसहित फाइल महानगरीय प्रहरी परिसर टेकुमा बुझाएको थियो। कालोबजारी ऐनअन्तर्गत माल वस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै माल वस्तु बिक्री गरेमा सो माल सामान लिएको मोल फिर्ता गराई सो माल वस्तु जफत गरेर निजलाई १० वर्षसम्म कैद हुने र जरिवानासमेत हुनसक्ने कानुनी व्यवस्था छ।

सोही ऐनले कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलनअनुसार सामान्यतया २० गुणाभन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ।

**हचुवाको भरमा तोडियो सिलबन्दी**

अनुगमनपछि पसलमा सिलबन्दी गरिएको भए पनि आवश्यक प्रक्रियाबिनै उक्त सिलबन्दी तोडिएको थियो। सरकारी वकिलको सुझावपछि मात्रै सिलबन्दी फुकुवा गर्नुपर्ने प्रावधान भए पनि प्रक्रिया नपुर्‍याई फुकुवा गरेको बुझिएको छ। कारबाहीका लागि सरकारी वकिलको रायपछि कालोबजारी ऐनअनुसार प्रमुख जिल्ला अधिकारीले दिएको आदेशमा मात्र सिल तोड्नुपर्ने प्रावधान छ। तर, यसरी प्रकृयाबिनै शिलबन्दी तोडिएपछि व्यापारीहरूले प्रमाण नष्ट गर्न पर्याप्त समय पाएका थिए। आपूर्ति व्यवस्थापन तथा हित संरक्षण विभागले तयार पारेको मुचुल्कालाई आधार मानी परिसरले पसलहरूमा थप स्थलगत अनुगमनसमेत गरेको जनाएको छ।

## ग्लोबल आईएमई बैंकको भाइबर बैंकिङ सेवा

काठमाडौं, (नेस)

ग्लोबल आइएमई बैंकले नेपालमै पहिलोपटक भाइबरमार्फत बैंकिङ सेवा शुरु गरेको छ। भाइबर बैंकिङ सेवामार्फत ग्राहकले सहजरूपमा आफ्नो मोबाइल, ल्यापटप, ट्याबलेट, कम्पुटरबाट बैंकिङ सेवाको बारेमा जानकारी लिन सक्नेछन्।

भाइबर बैंकिङ सेवा लिनका लागि बैंकका ग्राहकको मोबाइल नम्बर यस बैंकको ग्लोबल स्मार्ट मोबाइल बैंकिङ सेवामा रजिस्टर गरिएको हुनुपर्नेछ। ग्लोबल स्मार्ट मोबाइल बैंकिङ सेवामा रजिस्टर गरिएको मोबाइलका प्रयोगकर्ता ग्राहकहरूले भाइबर बैंकिङमार्फत खातामा रहेको रकम तथा स्टेटमेन्ट हेर्न, क्रेडिट कार्ड, कर्जा सुविधा, मुद्दती खातालगायत बैंकका अन्य सेवाको बारेमा जानकारी लिन सक्नेछन्। यो सेवा ग्लोबल आईएमई बैंकका ग्राहकहरूले मात्र नभएर बैंकमा खाता नभएका व्यक्तिले उपयोग गर्न सक्नेछन्। खाता नभएका व्यक्तिले उक्त सेवामार्फत बैंकका शाखा, एटीएम तथा अन्य सेवाहरूको जानकारी लिन सक्नेछन्।

## 'व्यवसायका नाममा पर्यटकलाई दुःख नदेऊ'

काठमाडौं, (नेस)

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेले पर्यटकहरूलाई सेवा सुविधा दिने मामलामा बढी संवेदनशील हुन पर्यटन व्यवसायीहरूलाई आग्रह गर्नुभएको छ। व्यवसाय गर्ने नाममा पर्यटकलाई दु:ख दिने काम भएको भन्दै यस विषयमा गम्भीर भएर सोच्नुपर्ने न्यौपानेले बताउनुभयो।

नेपाल पर्वतारोहण संघको ४४औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा सचिव न्यौपानेले पर्यटकले पाउने गुणस्तरीय सेवा सुविधामा व्यवसायीहरूले सम्झौता गर्न नहुने बताउनुभयो।

सचिव न्यौपानेले नेपालमा रहेका हिमालको गरिमा र सुन्दरतालाई कसरी बढाउन सकिन्छ भन्नेबारे सबै क्षेत्रले सोच्नुपर्ने बेला आएको बताउनुभयो। पर्यटन विभागका महानिर्देशक दिनेश भट्टराईले नेपालको साहसिक पर्यटनको विकासमा नेपाल पर्वतारोहण संघले महत्त्वपूर्ण भूमिका खेलेको भन्दै आगामी दिनमा पर्यटकको सेवा सुविधालाई झन् व्यवस्थित बनाउन आग्रह गर्नुभयो।

# नेप्से निरन्तर ओरालो

नेपाल समाचारपत्र

काठमाडौं

केही दिनयता निरन्तर ओरालो लागेको नेप्से परिसूचक घट्ने क्रमले बुधबार पनि निरन्तरता पाएको छ। गत साताको मंगलबार दिनदेखि ओरालो लाग्न थालेको नेप्से बुधबार पनि सुधारिन सकेन।

बुधबार नेप्से परिसूचक ७ दशमलव शून्य २ अंकले घटेको छ। बुधबार १ हजार ५ सय ३३ दशमलव ५३ अंकबाट शुरु भएको शेयर बजार १ हजार ५ सय २६ दशमलव ५१ अंकमा रोकिएको हो। नेप्से परिसूचक घट्दा बुधबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पनि १ दशमलव ८५ अंकले बढेर ३ सय २० दशमलव ५३ अंकमा पुगेको छ।

परिसूचक घटेसँगै बुधबार कारोबार रकममा भने बढेको छ। बुधबार बजार १ सय ५९ कम्पनीका १० लाख ३१ हजार ८ सय ३२ कित्ता शेयर ४२ करोड २६ लाख ४४ हजार २ सय ४४ रुपियाँमा किनबेच भएको छ। मंगलबार बजारमा ४१ करोड ८१ लाख ४० हजार रुपियाँको कारोबार भएको थियो।

गत साताको अन्तिम कारोबार बुधबार करिब १४ अंकले घटेको बजार यो साताको पहिलो दिन आइतबार १३ दशमलव ४९ अंकले घटेको थियो। त्यस्तै सोमबार र मंगलबार बजार परिसूचक क्रमश: ३ दशमलव ५९ र ३ दशमलव १९ अंकको गिरावट आएको थियो।

बुधबारलेखि नेप्से परिसूचकमा एक परिसूचक थपिएसँगै १० परिसूचक कारोबारमा आएका छन्। यद्यपि बुधबार ९ समूहको मात्र कारोबार भयो। तीमध्ये उत्पादनमूलक र अन्यबाहेकका सबै समूह घटेका छन्। बुधबार उत्पादनमूलक समूह शून्य दशमलव ९७ र अन्य समूह शून्य दशमलव शून्य ७ प्रतिशतले घट्यो।

घट्नेमा विकास बैंक समूह सर्वाधिक शून्य दशमलव ७३ प्रतिशतले घट्यो। त्यस्तै बुधबारबाट थपिएको नयाँ परिसूचक लघुवित्त समूह शून्य दशमलव ७ प्रतिशतले घट्दा बीमा, वित्त र बैंकिङ समूह पनि क्रमश: शून्य दशमलव ५९ शून्य दशमलव ५ र शून्य दशमलव ४९ प्रतिशतले घटे। त्यस्तै होट समूह शून्य दशमलव ४१ र शून्य दशमलव ३८ अंकले घट्यो। अंकका आधारमा बीमा समूह सबैभन्दा धेरै ४९ दशमलव ७ अंकले घट्यो।

बुधबार राष्ट्रिय बीमा कम्पनीको संस्थापक शेयरको सबैभन्दा बढी कारोबार भएको छ। कम्पनीका ३ करोड १० लाख रुपियाँभन्दा बढीको शेयर किनबेच भएको छ। बुधबार सबैभन्दा धेरै कमाउनेमा मल्टिपर्पोज फाइनान्स कम्पनीका लगानीकर्ताले सर्वाधिक कमाएका छन्। कम्पनीको शेयर मूल्य ९ दशमलव ८ प्रतिशतले बढ्दा भार्गव विकास बैंकका लगानीकर्ताले सबैभन्दा धेरै ७ दशमलव २९ प्रतिशत गुमाए।

हकप्रद र बोनसको अपेक्षामा बढ्दै आएको बजार हाल लाभांश घोषणाको क्रम चलिरहे पनि बढ्न सकेको छैन। चुक्ता पुँजी वृद्धिको कारण बाध्यात्मकरूपमा लाभांश दिइरहेका कम्पनीले आगामी वर्षदेखि के हुने हो भन्ने दुविधामा लगानीकर्ता रहेपछि पनि बजार बढ्न नसकेको जानकारहरूले बताएका छन्।

कतिपय बैंकले कर्जाको नयाँ ब्याजदर प्रकाशित नगर्दा सस्तो दरमा शेयर धितोमा कर्जा पाउन समस्या भएको लगानीकर्ता बताउँछन्।

## छुट्टिएको पहिलो दिनमै लघुवित्त समूह नकारात्मक

काठमाडौं, (नेस)

छुट्टै समूहमा राखिएको पहिलो दिनै लघुवित्त संस्थाको परिसूचक नकारात्मक देखिएको छ। बुधबार उक्त समूहको परिसूचक १२ दशमलव ९३ अंकले गिरावट आएको हो।

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा कारोबार गर्ने समूहको संख्या बुधबारबाट १० पुगेको हो। नेप्सेले एकै समूहमा रहेका 'ख' वर्गका विकास बैंक र 'घ' वर्गका लघुवित्त कम्पनीलाई छुट्टाछुट्टै समूहमा राखेर इन्डेक्स क्याल्कुलेसन गर्ने काम शुरु भएको हो।

लघुवित्त समूहको परिसूचक १३ वर्षपछि पहिलोपटक गणना गरिएको हो। १ हजार ८ सय ४५ दशमलव ४५ अंकबाट मापन शुरु भएको थियो। ३३ वटा कम्पनी सूचीकृत लघुवित्त कम्पनीको समूहमा वमी, नेसनल माइक्रोफाइनान्स, मिथिला लघुवित्त कम्पनीको सेयर मूल्य घटेपछि यो सूचक घटेको हो।

नेपाल स्टक एक्सचेन्जले आइतबारबाटै लघुवित्त र विकास बैंकको फरक-फरक इन्डेक्स देखिने गरी काम गर्ने तयारी गरेको थियो। लघुवित्तको शेयर मूल्य र कारोबार ३/४ वर्षदेखि निरन्तर बढिरहेको तर, विकास बैंक भने सो अनुपातमा बढेको सकेकाले थिएन। इन्डेक्स क्याल्कुलेसन गर्दा औसतमा देखिने भएकाले २ वटा समूहमा विभाजन गरेको नेप्सेले जनाएको छ।

लामो समयसम्म एउटै समूहमा रहेर कारोबार गरिरहेका दुई फरक प्रकृतिका संस्थालाई एकै समूहमा राखेर सूचांक देखाउँदा लगानीकर्ताले सजिलै तिनीहरूको अवस्थाबारे जानकारी पाउने नेप्सेले बताएको छ।

## 'बालाजु अटोवर्कले मोबाइल सर्भिस सेवा शुरू गर्ने

काठमाडौं, (नेस)

अग्नि ग्रुप प्रालिको आधिकारिक सर्भिस सेन्टर बालाजु अटोवर्क प्रालिले महिन्द्रा गाडीका लागि मोबाइल सर्भिसको सेवा शुरुआत गरेको छ। सर्भिस सेवाले उपत्यकाभित्र पनि गाडी बिग्रेको स्थानमै दक्ष प्राविधिकसहितको टोली गएर मर्मत गर्नेछ।

कम्पनीले आयोजना गरेको एक कार्यक्रममा अग्नि ग्रुपका अध्यक्ष क्याविनेट श्रेष्ठ, काणलकर चैतन्य (कन्ट्री हेड महिन्द्रा एन्ड महिन्द्रा) तपश पट्टनायक (कन्ट्री म्यानेजर महिन्द्रा एन्ड महिन्द्रा) ले मोबाइल भ्यान र मोबाइल सर्भिस बाइकको साँचो हस्तान्तरण गरी सेवाको शुभारम्भ गर्नुभएको थियो।

बालाजु अटोवर्कले सञ्चालनमा ल्याएको मोबाइल सर्भिस सुविधा गाडी मर्मत गर्न चाहिने आवश्यक मेसिन तथा औजार जडान गरिएको छ। हालका लागि यो सेवा काठमाडौं उपत्यकाभित्र लागू गरिएको छ भने भविष्यमा क्रमश: नेपाल अधिराज्यभरका प्रमुख शहरहरूबाट सेवा प्रदान गर्ने लक्ष्य कम्पनीले लिएको छ। बालाजु अटोवर्क प्रालिका सर्भिस हेड शिवसूदन श्रेष्ठले बिक्रीपछिको गुणस्तरीय एवं ग्राहकमुखी सेवा प्रदान गर्ने उद्देश्यसहित बालाजु अटोवर्क प्रालिका दक्ष प्राविधिकहरूले मोबाइल सर्भिस भ्यान/मोबाइल बाइक मार्फत छिटो छरितो माध्यमबाट गुणस्तरीय सेवा सुविधा प्रदान गर्ने लक्ष्य लिएको जानकारी गराउनुभयो।




## SHARE MARKET

### 1 NOVEMBER WEDNESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 6291.00 | 437.00 | 429.00 | 434.00 | -3.00 |
| 2 | Api Power Company Ltd. | 3483.00 | 528.00 | 515.00 | 519.00 | -11.00 |
| 3 | Arun Finance Limited | 520.00 | 155.00 | 152.00 | 152.00 | -6.00 |
| 4 | Arun Kabeli Power Ltd. | 2946.00 | 338.00 | 328.00 | 329.00 | -5.00 |
| 5 | Arun Valley Hydropower Dev Co. Ltd. | 9509.00 | 212.00 | 207.00 | 211.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2454.00 | 1461.00 | 1440.00 | 1456.00 | -24.00 |
| 7 | Bank of Kathmandu Ltd. | 5652.00 | 440.00 | 433.00 | 435.00 | -3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 110.00 | 207.00 | 203.00 | 207.00 | 0.00 |
| 9 | Best Finance Company Ltd. | 510.00 | 139.00 | 137.00 | 137.00 | -4.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 801.00 | 190.00 | 178.00 | 178.00 | -14.00 |
| 11 | Butwal Power Company Limited | 10266.00 | 628.00 | 612.00 | 613.00 | -2.00 |
| 12 | Central Finance Co. Ltd. | 5962.00 | 189.00 | 186.00 | 187.00 | -1.00 |
| 13 | Century Commercial Bank Ltd. | 15277.00 | 225.00 | 220.00 | 222.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 680.00 | 1125.00 | 1118.00 | 1120.00 | -6.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 197.00 | 194.00 | 192.00 | 194.00 | -1.00 |
| 16 | Chilime Hydropower Company Limited | 6022.00 | 780.00 | 763.00 | 766.00 | 6.00 |
| 17 | Citizen Bank International Limited | 13660.00 | 298.00 | 294.00 | 296.00 | -2.00 |
| 18 | Citizen Investment Trust | 943.00 | 3665.00 | 3650.00 | 3660.00 | -1.00 |
| 19 | Civil Bank Ltd | 11443.00 | 236.00 | 231.00 | 235.00 | 2.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 3454.00 | 1215.00 | 1177.00 | 1200.00 | -10.00 |
| 21 | Deprosc Development Bank Limited | 859.00 | 1201.00 | 1193.00 | 1201.00 | -8.00 |
| 22 | Deva Bikas Bank Limited | 10492.00 | 258.00 | 249.00 | 250.00 | -3.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 158.00 | 159.00 | 154.00 | 159.00 | 3.00 |
| 24 | Everest Bank Limited | 5515.00 | 1200.00 | 1177.00 | 1195.00 | -5.00 |
| 25 | Everest Insurance Co. Ltd. | 1356.00 | 2640.00 | 2590.00 | 2605.00 | -30.00 |
| 26 | Excel Development Bank Ltd. | 921.00 | 484.00 | 477.00 | 484.00 | -5.00 |
| 27 | First Micro Finance Dev Bank Ltd. | 1158.00 | 827.00 | 820.00 | 825.00 | 2.00 |
| 28 | Forward Com Microe Bittiya Sanstha Ltd. | 812.00 | 3500.00 | 3470.00 | 3485.00 | 5.00 |
| 29 | Gandaki Bikas Bank Limited | 2059.00 | 355.00 | 352.00 | 353.00 | -3.00 |
| 30 | Garima Bikas Bank Limited | 2602.00 | 255.00 | 248.00 | 255.00 | 5.00 |
| 31 | Global IME Bank Limited | 11955.00 | 333.00 | 327.00 | 329.00 | -1.00 |
| 32 | Global IME Samunnat Scheme-1 | 47377.00 | 10.16 | 9.95 | 9.95 | 0.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 250.00 | 185.00 | 182.00 | 182.00 | -3.00 |
| 34 | Green Development Bank Ltd. | 183.00 | 502.00 | 492.00 | 502.00 | -10.00 |
| 35 | Guheshowori Merchant Bank & Fin Co. Ltd. | 336.00 | 196.00 | 195.00 | 195.00 | -5.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 4824.00 | 1023.00 | 999.00 | 1014.00 | 28.00 |
| 37 | Gurkhas Finance Ltd. | 3375.00 | 186.00 | 182.00 | 182.00 | -7.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 1200.00 | 198.00 | 193.00 | 198.00 | 0.00 |
| 39 | Himalayan Bank Limited | 10450.00 | 886.00 | 867.00 | 884.00 | 27.00 |
| 40 | Himalayan Distillery Limited | 20.00 | 1200.00 | 1176.00 | 1176.00 | -24.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 360.00 | 722.00 | 716.00 | 720.00 | -2.00 |
| 42 | Himalayan Power Partner Ltd. | 3300.00 | 366.00 | 358.00 | 361.00 | -2.00 |
| 43 | ICFC Finance Limited | 5108.00 | 232.00 | 227.00 | 230.00 | 0.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 36856.00 | 196.00 | 185.00 | 196.00 | 10.00 |
| 45 | Janaki Finance Ltd. | 4445.00 | 261.00 | 246.00 | 255.00 | -11.00 |
| 46 | Janata Bank Nepal Ltd. | 78730.00 | 249.00 | 245.00 | 246.00 | -7.00 |
| 47 | Janautthan Samudayic Lagh Bikas Bank Ltd. | 94.00 | 3498.00 | 3430.00 | 3438.00 | -62.00 |
| 48 | Jebils Finance Ltd. | 140.00 | 141.00 | 141.00 | 141.00 | -2.00 |
| 49 | Jyoti Bikas Bank Limited | 6228.00 | 185.00 | 180.00 | 180.00 | -4.00 |
| 50 | Kabeli Bikas Bank Limited | 132.00 | 350.00 | 340.00 | 340.00 | -17.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 3750.00 | 281.00 | 276.00 | 279.00 | -1.00 |
| 52 | Kalika Microcredit Development Bank Ltd. | 370.00 | 1900.00 | 1866.00 | 1868.00 | -12.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 8997.00 | 209.00 | 206.00 | 208.00 | -2.00 |
| 54 | Kankai Bikas Bank Ltd. | 229.00 | 210.00 | 200.00 | 200.00 | -12.00 |
| 55 | Karnali Development Bank Limited | 214.00 | 261.00 | 255.00 | 261.00 | 1.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 206.00 | 165.00 | 158.00 | 165.00 | 4.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 48.00 | 2320.00 | 2315.00 | 2320.00 | -40.00 |
| 58 | Kuber Merchant Finance Limited | 990.00 | 189.00 | 180.00 | 186.00 | 7.00 |
| 59 | Kumari Bank Limited | 18787.00 | 306.00 | 300.00 | 306.00 | 1.00 |
| 60 | Laxmi Bank Limited | 7614.00 | 316.00 | 311.00 | 316.00 | 0.00 |
| 61 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1226.00 | 1500.00 | 1490.00 | 1490.00 | -12.00 |
| 62 | Laxmi Value Fund-1 | 4000.00 | 11.41 | 11.40 | 11.40 | -0.10 |
| 63 | Life Insurance Co. Nepal | 847.00 | 2045.00 | 2020.00 | 2045.00 | -25.00 |
| 64 | Lumbini Bikas Bank Ltd. | 12386.00 | 210.00 | 206.00 | 206.00 | -6.00 |
| 65 | Lumbini General Insurance Co. Ltd. | 4025.00 | 842.00 | 831.00 | 831.00 | -16.00 |
| 66 | Machhapuchhre Bank Limited | 11799.00 | 317.00 | 313.00 | 317.00 | 0.00 |
| 67 | Mahalaxmi Bikas Bank Ltd. | 2697.00 | 225.00 | 221.00 | 221.00 | -1.00 |
| 68 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 403.00 | 1004.00 | 983.00 | 1001.00 | -19.00 |
| 69 | Manjushree Finance Ltd. | 9807.00 | 151.00 | 146.00 | 147.00 | -2.00 |
| 70 | Mero Microfinance Bittiya Sanstha Ltd. | 209.00 | 1575.00 | 1550.00 | 1560.00 | -21.00 |
| 71 | Mirmire Microfinance Dev Bank Ltd. | 85.00 | 2818.00 | 2795.00 | 2795.00 | -45.00 |
| 72 | Mission Development Bank Ltd. | 514.00 | 294.00 | 294.00 | 294.00 | 0.00 |
| 73 | Miteri Development Bank Limited | 353.00 | 525.00 | 510.00 | 525.00 | 14.00 |
| 74 | Mithila LaghuBitta Bikas Bank Ltd. | 181.00 | 1182.00 | 1170.00 | 1170.00 | -30.00 |
| 75 | Muktinath Bikas Bank Ltd. | 1840.00 | 600.00 | 590.00 | 600.00 | 2.00 |
| 76 | Muktinath Bikas Bank Ltd. Pro Share | 36799.00 | 463.00 | 463.00 | 463.00 | 0.00 |
| 77 | Multipurpose Finance Company Limited | 556.00 | 269.00 | 249.00 | 269.00 | 24.00 |
| 78 | Nabil Balance Fund 1 | 14495.00 | 18.00 | 17.90 | 17.90 | -0.10 |
| 79 | Nabil Bank Limited | 3253.00 | 1235.00 | 1220.00 | 1220.00 | 1.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 1743.00 | 882.00 | 871.00 | 873.00 | -9.00 |
| 81 | Nabil Equity Fund | 40454.00 | 10.60 | 10.30 | 10.55 | -0.11 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 67.00 | 3715.00 | 3650.00 | 3650.00 | -65.00 |
| 83 | National Hydro Power Company Limited | 32200.00 | 126.00 | 123.00 | 124.00 | -2.00 |
| 84 | National Life Insurance Co. Ltd. | 740.00 | 1810.00 | 1760.00 | 1762.00 | -32.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 186.00 | 3049.00 | 3000.00 | 3020.00 | -90.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 351.00 | 2630.00 | 2578.00 | 2578.00 | -22.00 |
| 87 | NB Insurance Co. Ltd. | 3610.00 | 1133.00 | 1111.00 | 1115.00 | 3.00 |
| 88 | Neco Insurance Co. Ltd. | 8632.00 | 945.00 | 927.00 | 940.00 | 0.00 |
| 89 | Nepal Bangladesh Bank Limited | 62325.00 | 298.00 | 285.00 | 289.00 | -4.00 |
| 90 | Nepal Bank Limited | 18478.00 | 345.00 | 339.00 | 343.00 | 1.00 |
| 91 | Nepal Community Development Bank Ltd. | 550.00 | 176.00 | 173.00 | 176.00 | 1.00 |
| 92 | Nepal Credit And Commercial Bank Ltd | 12403.00 | 359.00 | 353.00 | 359.00 | -1.00 |
| 93 | Nepal Doorsanchar Comapany Limited | 11822.00 | 842.00 | 825.00 | 834.00 | -6.00 |
| 94 | Nepal Grameen Bikas Bank Ltd. | 12544.00 | 691.00 | 650.00 | 680.00 | -23.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 1790.00 | 1510.00 | 1481.00 | 1500.00 | -10.00 |
| 96 | Nepal Investment Bank Limited | 12492.00 | 636.00 | 626.00 | 626.00 | -9.00 |
| 97 | Nepal Inv Bank Ltd. Promoter Share | 2202.00 | 566.00 | 562.00 | 562.00 | -7.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 3521.00 | 1950.00 | 1933.00 | 1942.00 | -18.00 |
| 99 | Nepal SBI Bank Limited | 4295.00 | 791.00 | 780.00 | 780.00 | -19.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 5395.00 | 1142.00 | 1110.00 | 1142.00 | 7.00 |
| 101 | Ngadi Group Power Ltd. | 245.00 | 242.00 | 230.00 | 233.00 | -10.00 |
| 102 | NIBL Samriddhi Fund 1 | 41356.00 | 12.30 | 12.00 | 12.05 | -0.05 |
| 103 | NIC Asia Bank Ltd. | 22323.00 | 363.00 | 357.00 | 357.00 | -6.00 |
| 104 | Nirdhan Utthan Bank Limited | 790.00 | 2309.00 | 2295.00 | 2309.00 | -9.00 |
| 105 | NLG Insurance Company Ltd. | 2714.00 | 1555.00 | 1540.00 | 1548.00 | -23.00 |
| 106 | NMB Microfinance Bittiya Sanstha Ltd. | 259.00 | 2600.00 | 2568.00 | 2600.00 | -20.00 |
| 107 | NMB Bank Limited | 6165.00 | 479.00 | 475.00 | 478.00 | -2.00 |
| 108 | NMB Hybrid Fund L-1 | 5825.00 | 10.26 | 10.06 | 10.26 | -0.01 |
| 109 | NMB Sulav Investment Fund-1 | 30000.00 | 13.60 | 13.57 | 13.60 | 0.03 |
| 110 | Om Development Bank Ltd. | 2054.00 | 298.00 | 290.00 | 291.00 | -4.00 |
| 111 | Oriental Hotels Limited | 2220.00 | 741.00 | 714.00 | 720.00 | -22.00 |
| 112 | Pokhara Finance Ltd. | 2615.00 | 227.00 | 221.00 | 223.00 | -1.00 |
| 113 | Prabhu Bank Limited | 27554.00 | 369.00 | 362.00 | 364.00 | -6.00 |
| 114 | Prabhu Insurance Ltd. | 6744.00 | 909.00 | 897.00 | 906.00 | 0.00 |
| 115 | Premier Insurance Co. Ltd. | 1736.00 | 1560.00 | 1550.00 | 1550.00 | -30.00 |
| 116 | Prime Commercial Bank Ltd. | 15735.00 | 451.00 | 439.00 | 441.00 | -10.00 |
| 117 | Prime Life Insurance Company Limited | 2775.00 | 1810.00 | 1790.00 | 1795.00 | -16.00 |
| 118 | ProgressiveFinance Limited | 240.00 | 232.00 | 231.00 | 231.00 | -4.00 |
| 119 | Prudential Insurance Co. Ltd. | 2670.00 | 1450.00 | 1395.00 | 1395.00 | -55.00 |
| 120 | Purnima Bikas Bank Ltd. | 449.00 | 300.00 | 298.00 | 300.00 | 2.00 |
| 121 | Rastriya Beema Company Limited | 1016.00 | 17790.00 | 17248.00 | 17640.00 | 392.00 |
| 122 | Rastriya Beema Company Ltd Pro Share | 1899.00 | 16510.00 | 15980.00 | 16510.00 | 510.00 |
| 123 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 43.00 | 1892.00 | 1892.00 | 1892.00 | -38.00 |
| 124 | Reliance Finance Ltd. | 2720.00 | 210.00 | 203.00 | 204.00 | -6.00 |
| 125 | Ridi Hydropower DevCompany Ltd. | 3097.00 | 157.00 | 152.00 | 154.00 | 0.00 |
| 126 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 663.00 | 1300.00 | 1254.00 | 1299.00 | -6.00 |
| 127 | Rural Microfinance Dev Centre Ltd. | 371.00 | 689.00 | 681.00 | 689.00 | -1.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 296.00 | 1630.00 | 1615.00 | 1630.00 | 0.00 |
| 129 | Sahayogi Bikas Bank Limited | 8376.00 | 322.00 | 305.00 | 306.00 | -21.00 |
| 130 | Sana Kisan Bikas Bank Ltd | 975.00 | 1510.00 | 1495.00 | 1496.00 | -28.00 |

Total Amount Rs. 422,644,244 Total Quantity 1,031,832 Total No of Transactions 5,456

# फराकिलो जितसँगै पीएसजी नकआउट चरणमा

लन्डन, (एजेन्सी)

युएफा च्याम्पियन्स लिगको समूह 'बी' को खेलमा पेरिस सेन्ट जर्मन (पीएसजी) ले बेल्जियमको एन्डरलेक्टलाई ५-० गोलअन्तरले हराएर नकआउट चरणमा पुगेको छ।

मंगलबार भएको खेलमा जित्न फ्रेन्च क्लब पीएसजीको लागि डिफेन्डर लेभिन कुर्जावाले ह्याट्रिक गरेका थिए। कुर्जावाले च्याम्पियन्स लिगमा ह्याट्रिक गर्ने पहिलो डिफेन्डर बनेर प्रतियोगितामा इतिहास पनि रचे। उनले तीनै गोल दोस्रो हाफमा गरेका थिए। शुरुआती आधा घण्टा टोलीको लागि संघर्षरत भएको थियो। तर ३०औं मिनेटमा पहिलो गोल गरेपछि पीएसजीको खेलमा नियन्त्रण बनेको थियो।

किलियन बाप्पेको पासमा मार्को भेराट्टिले गोल गर्दै पिएसजी १-० को अग्रतामा पुगेको थियो। त्यस्तै पहिलो हाफको अन्तिम मिनेटमा डी एरिया बाहिरबाट सुन्दर गोल गर्दै नेयमारले घरेलु टोलीको अग्रता दोब्बर बनाए। दोस्रो हाफमा भने डिफेन्डर कुर्जावाले टोलीको गोलसंख्या पाँच पुऱ्याए। उनले ५२ औं मिनेटमा आफ्नो पहिलो गोल गरे। ७२ औं मिनेटमा हेडमार्फत् टोलीको चौथो गोल गरेपछि उनले ७८औं मिनेटमो डी एरियाभित्र गरेको प्रहार गोलमा परिणत भएपछि ह्याट्रिक पूरा भएको थियो।

यसै समूहको अर्को खेलमा बायर्न म्युनिखले स्कटिस च्याम्पियन सेल्टिकलाई २-१ ले हराएर अन्तिम १६ स्थान लगभग सुरक्षित गऱ्यो। जर्मन टोलीको जितमा किङस्ली कोम्यानले २२औं मिनेटमा गोल गरेका थिए। तर ७४औं मिनेटमा मेकग्रेगोरले गोल गर्दै सेल्टिकलाई खेलमा फर्काए। सो बराबरी गोल भएको तीन मिनेट नबित्दै जाभी मार्टिनेजले म्यूनिखका तर्फबाट विजयी गोल गरेका थिए।

चार खेलमा शतप्रतिशत नतिजा निकालेको पीएसजीले ४ खेलबाट १२ अंक लिएर अन्तिम १६ मा स्थान पक्का गरेको छ। दोस्रोमा रहेको बायर्नको ९ अंक छ भने सेल्टिकसाग ३ अंक रहेको छ। सेल्टिकले बाँकी दुई खेल नै ठूलो अन्तरले जित्नुपर्ने हुँदा बायर्नका लागि अर्को चरण करिब पक्का भएको छ।

### युनाइटेडलाई एक अंक आवश्यक

च्याम्पियन्स लिगअन्तर्गत समूह 'ए' को शीर्ष टोली म्यानचेस्टर युनाइटेडको लागि चौथो खेलमा पनि जितेपछि नकआउटमा पुग्न एक अंक आवश्यक भएको छ। युनाइटेडले आफ्नै घरेलु मैदान ओल्ड ट्राफोर्डमा पोर्चुगलको बेन्फिकालाई २-० ले हरायो। युनाइटेडको जितमा डेले ब्लाईन्डले ७८औं मिनेटमा प्राप्त पेनाल्टीमा एक गोल गर्दा अर्को गोल विपक्षीले पहिलो हाफमा आत्मघाती गोलको उपहार दिएको थियो।

यसै समूहको अर्को खेलमा रसियाको सीएसके मास्कोले स्विजरल्यान्डको एफसी बासेललाई २-१ ले पराजित गर्दै तीन अंक बटुल्यो। हारका बाबजूद पनि समान चार खेलबाट मास्कोसँगै समान ६ अंक जोडेर गोल भिन्नताको आधारमा बासेल समूहको दोस्रो स्थानमा रहेको छ। युनाइटेड भने ४ खेलमा १२ अंक जोडेर अन्तिम १६ निकट पुगेको छ।

### चेल्सी पराजित

युरोपा लिग जितेर च्याम्पियन्स लिगमा स्थान बनाएको युनाइटेडले जित्दा अर्को प्रिमियर लिग टोली चेल्सी भने पराजित भयो। समूह सी को खेलमा चेल्सी इटालियन टोली एएस रोमासँग ३-० ले हार्न पुगेको थियो। स्टेफेन एल शारावीले खेलको पहिलो मिनटमै गोल गर्दै रोमालाई शुरुआती अग्रता दिलाए। राड्जा नाइगोलानको पासको सदुपयोग गर्दै एल शारावीले नै ३६औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरेपछि रोमाको अग्रता दोब्बर बनेको थियो।

त्यस्तै खेलको ६३औं मिनेटमा एलेक्जेन्डर कोलारोभको पासमा डिएगो पेरोट्टिले गोल गर्दै घरेलु टोलीको जित सुनिश्चित गरेका थिए। यसै समूहको अर्को खेलमा स्पेनको एट्लेटिको मेड्रिड र एफके क्वाराबागले १-१ गोलको बराबरी खेल्दै अंक बाँडे। रोमा चार खेलपछि ८ अंकसहित शीर्षस्थानमा उक्लिएको छ। चेल्सीको ७ अंक छ भने एटलेटिको र क्वाराबागसँग क्रमश: ३ र २ अंक साथमा छन्।

### बार्सिलोना र युभेन्टस बराबरीमा

यसैगरी समूह डी को खेलमा गोलरहित बराबरीको नतिजा निकाल्दै स्पेनी ला लिगा टोली बार्सिलोनाले ग्रीसको ओलम्पियाकोससँग अंक बाँडेका छन्। च्याम्पियन्स लिगको समूह चरणमा बार्सिलोना ५ वर्षमा पहिलोपटक गोल गर्नबाट चुकेको हो।

बार्सिलोनाले यसअघि सन् २०१२ मा बेन्फिकासँग समूह चरणमा गोल गर्न असफल भएको थियो। मंगलबारको खेलमा बार्सिलोनाका मिडफिल्डर सर्जी रोबर्टोसमेत चोटग्रस्त बने। रोबोर्टो पहिलो हाफको अन्त्यतिर तिघ्रामा चोट लिएर मैदानबाट बाहिरिएका थिए।

तर बराबरीको नतिजा आत्मसात गरे पनि बार्सिलोना समूहको शीर्ष स्थानमा यथावत नै छ। चार खेलबाटे १० अंक जोडेको बार्सिलोनाका लागि अन्तिम १६ पुग्ने तय छ।

अर्को खेलमा एक अंक नै समूह चरण पार गर्न काफी हुनेछ। यसै समूहको दोस्रो स्थानमा रहेको इटालियन सिरी ए च्याम्पियन युभेन्ट्सले पोर्चुगलको स्पोर्टिङ लिस्बनसँग १-१ को बराबरी खेलेको थियो। उक्त बराबरीपछि युभेन्टसको चार खेलबाट ७ अंक भएको छ।



गोलको खुशी मनाउने क्रममा ह्याट्रिक गरेका कुर्जावालाई किक हानेर ठट्टा गर्दै एन्जेल डि मारिया। तस्वीरः एजेन्सी

## धरहरा

### श्रीमतीज्यू र तपस्या



भनिन्छ, श्रीमान् र श्रीमती एक-अर्काका परिपूरक हुन्। अथवा एउटै रथका दुई पाङ्ग्रा हुन् अझ भनौं न एउटै सिक्काका दुई पाटा हुन्। यिनीहरू बीचको सम्बन्ध नङ र मासुको जस्तै हुन्छ। वर्तमान प्रहरी महानिरीक्षक प्रकाश अर्यालको पद सरकारले बेलाबेलामा धरापमा पार्न खोजेपछि उहाँकी धर्मपत्नी/अर्धाङ्गिनी अहिले धर्मकर्ममा जुटेको यो धरहराले चाल पाएको छ।

एउटालाई पर्दा अर्काले सहयोग गर्ने हाम्रो चलन त्यसमाथि पनि आफ्ना पति महोदयको पद नै धरापमा परेको हो कि भन्ने आशंका श्रीमतीलाई लागेपछि उहा हिजोआज बुटवलको ओम शान्ति केन्द्रमा गएर ध्यान तपस्या गरेको दृश्य धरहराबाट देखियो। यसरी नर-नारीलाई एक रथका दुई पाङ्ग्रा ठान्ने हाम्रो नेपाली समाजमा प्रधानमन्त्री शेरबहादुर देउवाज्यूलाई आईजीपी सापको पद धरापमा नपारी दिनुहुन यो धरहरा विनम्र अनुरोध गर्दछ। श्रीमान्को पद धरापमा पऱ्यो भने बेग्लै बस्न पर्ला भनी श्रीमतीज्यूलाई अलग्याउने काम नगरौं भन्ने यसलाई लागेको छ। त्यसका लागि यो प्राणी पनि काशी गएर सयचोटि मुख धोएर आउन तयार छ। कि कसो पाठकवृन्द, अरू केही भए सुझाव पाऊँ है।

# योङमुदो कोरिया जाँदै

काठमाडौं, (नेस)। दक्षिण कोरियामा आयोजना हुने जिन्चेन मार्सल आर्ट योङमुदो मास्टरसिप र जुनियर योङमुदो वर्ल्ड च्याम्पियनसिपमा सहभागी हुन जाने नेपाली योङमुदो टोली बिहीबार त्यसतर्फ प्रस्थान गर्नेछ। विश्व योङमुदो महासंघको आयोजनामा हुने प्रतियोगितामा नेपाल योङमुदो संघका अध्यक्ष मोहन कार्कीको नेतृत्वमा ४१ खेलाडी, प्रशिक्षक, संघका पदाधिकारी तथा अफिसयल गरि ७३ जनाको टोलीले सहभागिता जनाउने छ। कात्तिक १९ देखि २४ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालसहित करिब ३२ राष्ट्रको सहभागिता रहनेछ।

# नेपाल टिम च्याम्पियन

काठमाडौं, (नेस)

इन्डो नेपाल आईटीएफ तेक्वान्दो च्याम्पियनसिपमा नेपाल टिम च्याम्पियन भएको छ। बुधबार लैनचौरस्थित राष्ट्रिय खेलकुद परिषद्को प्रशिक्षण केन्द्रमा भएको एकदिने च्याम्पियनसिपमा नेपालले १९ स्वर्ण, १६ रजत र ४२ कांस्य पदक जित्दै टिम च्याम्पियनको उपाधि हात पारेको हो। पाहुना टोली भारतले ४ स्वर्ण, ६ रजत र २ कांस्य पदक जितेको थियो। नेपालको लागि स्वर्ण जित्नेमा सिनियर पुरुषतर्फ ४५ केजीमुनि धनबहादुर तामाङ, ५५ केजीमुनि चिरन बुढामगर, ६० केजीमुनि विष्णु घर्तिमगर र ६५ केजीमुनि रबिन बुढामगर रहेका थिए।




जुनियरतर्फ नेपाललाई स्वर्ण दिलाउनेमा ३५ केजीमुनि अनिष शिब, ३० केजीमुनि बेगम छन्त्याल, २५ केजीमुनि सुनिल छन्त्याल र ४० केजीमुनि विवस तामाङ रहे। काठमाडौं जिल्ला खेलकुद विकास समिति र नेपाल खेलकुद महासंघ अन्तर्गतको राष्ट्रिय आईटीएफ तेक्वान्दो संघको सह-आयोजनामा भएको प्रतियोगितामा महिलातर्फ नेपालका लागि २५ केजीमुनि अस्मी तामाङले स्वर्ण चुमिन। त्यस्तै ४० केजीमुनि जुना बिके, ४५ केजीमुनि सांग्मो तामाङ, ५० केजीमुनि कृष्मा बुढामगर र ६५ केजीमुनि सृष्ठि बलले नेपालको स्वर्ण संख्यामा थप योगदान दिए। विजेतालाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य राजु श्रेष्ठ,संघका अध्यक्ष चेतनराज गीरी र प्रमुख प्रशिक्षक विश्व श्रेष्ठलगायतले पुरस्कृत गरेका थिए।















कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ

# सूचना आम पाठकको अधिकार
# सेवामूलक व्यवसाय हाम्रो आधार

रू. २५०० मा

२ वर्ष

नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

## नेपाली मनको नेपाली पत्रिका

*Offer valid in Kathmandu Valley only.

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052),
Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172),
Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ